# नारी सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययन

रेनुका उप्रेती
त्रि.वि. दर्ता नं. -६-१-२०४-१८५-९९
परीक्षा क्रमाङ्क - २०४०१४४

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको
नेपाली शिक्षा (५९८) पाठ्यांशको
प्रयोजनका लागि

प्रस्तुत

शोधपत्र

शिक्षाशास्त्र सङ्काय
कनकाई बहुमुखी क्याम्पस
सुरूङ्गा, झापा
२०६९

त्रिभुवन विश्वविद्यालय सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

## KANKAI MULTIPAL CAMPUS

सुरूङ्गा, झापा

SURUNGA, JHAPA

स्थापित: २०४८

पत्र संख्या :

चलानी नम्बर :

✍ :

✍ :

फ्याक्स :

मिति :-

---

सिफारिस पत्र

स्नातकोत्तर तह नेपाली विषय (नेपा.शि.५९८)को पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत नारी सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययन शीर्षकको यो शोधपत्र श्री रेनुका उप्रेती (मैनाली) ले मेरा निर्देशनमा तयार पार्नुभएको हो । शैलीविज्ञानलाई आधार बनाएर अत्यन्त मेहनत र परिश्रमका साथ तयार पारिएको प्रस्तुत शोधपत्रबाट म पूर्ण रूपले सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

सन्

मिति २०७०/०१/०३

.....................................

सह.प्रा.कोमलप्रसाद पोखरेल

शोध निर्देशक

नेपाली शिक्षा विभाग

श्री कनकाई बहुमुखी क्याम्पस,

सुरूङ्गा, झापा

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्रको प्रयोजनका निम्ति तयार पारेकी हुँ । प्रस्तुत शोधपत्रलाई यो स्वरूपमा ल्याउने क्रममा मैले मेरा श्रद्धेय गुरूहरूबाट स्नेहपूर्ण आशीर्वाद तथा विभिन्न महानुभावहरूबाट सहयोग प्राप्त गरेकी छु ।

नारी-सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा यो शोधपत्र मैले श्रद्धेय गुरू सह प्राध्यापक श्री कोमलप्रसाद पोखरेलज्यूको निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अति नै व्यस्त समयमा पनि यस शोधपत्रको शीर्षक चयन, शोधप्रस्ताव लेखन तथा शोधपत्रको अन्तिम स्वरूप दिने समयसम्म आवश्यक सुझाव तथा प्रेरणा दिएर सुमार्गमा डोऱ्याउनु हुने शोधनिर्देशक श्रद्धेय कोमलप्रसाद पोखरेलज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । समयमै शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य थालनी गर्न सहयोग पुऱ्याउने नेपाली शिक्षा विभागप्रति पनि आभार व्यक्त गर्दछु ।

यस शोधकार्यमा आवश्यक सल्लाह सुझावहरू दिने मेरा आदरणीय गुरूहरू सह-प्राध्यापक श्री जीवनाथ सुवेदी, उपप्राध्यापक श्री विष्णुप्रसाद कोइराला र सहायक प्रध्यापक श्री सेरबहादुर बानियाँप्रति म कृतज्ञ छु । यस शोधपत्र लेखनका क्रममा आवश्यक सल्लाह सुझाव दिनुहुने नारी-सन्देश काव्यका काव्यकार गोविन्दप्रसाद घिमिरे तथा यस काव्यमा शोधपत्र तयार गर्न प्रेरणा दिनुहुने सूर्यप्रसाद अधिकारी र नारायण भट्टराईप्रति आभार प्रकट गर्दछु ।

विविध आर्थिक कठिनाइहरूसंग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र खर्च गरेर मेरो अध्ययनलाई यस अवस्थामा पुऱ्याउनु हुने मेरा आदरणीय बुबा देवीप्रसाद उप्रेती आमा धनमाया उप्रेती र अध्ययनमा हौसला र समय प्रदान गर्नुहुने मेरा श्रीमान् डिल्लीराम मैनालीप्रति म आजीवन ऋणी छु ।

मेरो अध्ययनलाई आवश्यक सहयोग पुऱ्याउने प्रिय पुत्रीद्वय एन्जिला मैनाली र रोजिला मैनाली धन्यवादका पात्र छन् । छपाइ कार्यमा सहयोग पुऱ्याउनु हुने एक्सिस हार्डवेयर एण्ड सफ्ट्वेयर कलेजका भाइ श्री रमेश चौहानलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।

रेनुका उप्रेती (मैनाली)

# शोधसार

शोधशीर्षकः- नारी-सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययन

शोधार्थी :-रेनुका उप्रेती (मैनाली)

शोध निर्देशक :-कोमलप्रसाद पोखरेल

विभाग/क्याम्पस :-नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा

शैक्षिक वर्ष :- २०६५/२०६६

पृष्ठ सङ्ख्या :- ६४+८

शोध प्रक्रिया :-

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय,कनकाई बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो ।

प्रस्तुत शोधपत्र नारी-सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेको छ । काव्यको बनोट, बुनोट, चयन, विचलन र समानान्तरताको प्रमुख आधारमा यस काव्यको अध्ययन तथा विश्लेषण गर्नु यस शोधको प्रमुख उद्देश्य रहेको छ ।

नारी-सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा पुस्तकालयीय विधि अवलम्बन गरिएको छ । यस शोधको अध्याय एकमा शोधको परिचय राखिएको छ जस अन्तर्गत शोध शीर्षक, शोधप्रयोजन, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको महत्त्व तथा औचित्य, अध्ययन विधि निर्धारण गरी प्रस्तुत गरिएको छ । अध्याय दुईमा शैलीविज्ञानको सैद्धान्तिक आधारलाई प्रस्तुत गरिएको छ । अध्याय तीनमा बनोट र बुनोटका आधारमा नारी-सन्देश काव्यको अध्ययन तथा विश्लेषण गरिएको छ । जसअनुसार संरचना, कथानक, चरित्र, उद्देश्य, अलङ्कार तथा छन्दको प्रयोगलाई विश्लेषणको आधार बनाइएको छ । अध्याय चारमा चयनका आधारमा नारी-सन्देश काव्यको विश्लेषण गरिएको छ । जसअर्न्तत तत्सम शब्द, तद्भव शब्द, आगन्तुक शब्द, झर्रा तथा अनुकरणात्मक शब्द विशिष्ट नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, निपात, संयोजक, द्वन्द्वसमस्त शब्द, द्वित्व शब्द, चिह्न प्रयोग आदिका आधारमा कृतिको विश्लेषण गरिएको छ । अध्याय पाँचमा विचलन र समानान्तरताका आधारमा काव्यको विश्लेषण गरिएको छ । यस अन्तर्गत काव्यको विश्लेषण गर्ने क्रममा कोशीय, ध्वनिप्रक्रियात्मक, अर्थतात्त्विक, पदक्रम, प्रयुक्ति विचलनलाई आधार बनाइएको छ भने आन्तरिक र बाह्य समानान्तरताका

आधारमा समेत काव्यको अध्ययन तथा विश्लेषण गरिएको छ । अध्याय छ मा पाँचैवटा अध्यायको निष्कर्ष तथा सुझावलाई प्रस्तुत गरिएको छ ।

## शोध निष्कर्ष :-

साहित्यिक कृतिको भाषावैज्ञानिक एवम् वस्तुगत अध्ययन विश्लेषण शैलीविज्ञानले गर्दछ । विशेषतः भावाभिव्यक्तिको शैली संरचना, कथा, घटना आदि जस्ता घटकहरूको संयोजन सामान्य रहेपनि भाषिक मधुरता र सौन्दर्योद्घाटन, लयात्मकता आदि जस्ता काव्यात्मक गुणका आधारमा हेर्दा नारी-सन्देश काव्य सबल देखिन्छ । काव्यकार गोविन्द्रप्रसाद घिमिरेको मानसपटलमा उब्जिएको एउटा उन्नत वैचारिक चिन्तन काव्यमा पोखिएको छ । नेपाली समाजमा हुने गरेका विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको यस काव्यमा नारी जातिलाई विद्रोहको स्वर उराल्न र एकात्मक शासन व्यवस्थालाई अन्त्य गरी सृष्टिकी जननी नारी जातिको स्थान सुरक्षित गर्न गराउन आग्रह गरिएको छ । काव्यको भाषिक पक्षको दृष्टिकोणले हेर्दा तत्सम, तद्भव, आगन्तुक, नाम, सर्वना, विशेषण, क्रिया, झर्रा तथा अनुकरणात्मक, समस्त, द्वित्व आदि शब्दको उचित चयन वा प्रयोगले काव्यको भाषालाई प्रभावकारी बनाएको छ । त्यसमा पनि प्रश्नसूचक, विस्मयादिबोधक चिह्नको उपयुक्त प्रयोगले काव्यमा भाषिक जीवन्तता पाउन सकिन्छ । त्यसैगरी पदक्रम, ध्वनिप्रक्रियात्मक, प्रयुक्ति, अर्थतात्त्विक आदि विचलन तथा बाह्य र आन्तरिक समानान्तरताले काव्यको भाषा लयात्मक र कर्णप्रिय बन्न पुगेको देखिन्छ ।

# विषयसूची


| | |
|---|---|
| | पृष्ठ सङ्ख्या |
| अध्याय-एक : शोध परिचय | १-६ |
| १.१. शोधशीर्षक | १ |
| १.२. शोधप्रयोजन | १ |
| १.३. समस्याकथन | १ |
| १.४. शोधकार्यको उद्देश्य | १ |
| १.५. पूर्वकार्यको समीक्षा | २ |
| १.६. शोधको औचित्य र महत्व | ५ |
| १.७. अध्ययनको सीमाङ्कन | ६ |
| १.८. शोधविधि | ६ |
| १.९. शोध विवरण | ६ |
| अध्याय-दुई : शैलीविज्ञानको सैद्धान्तिक आधार | ७ -२५ |
| २.१ शैलीको परिचय | ७ |
| २.२ शैलीविज्ञानको परिचय | १० |
| २.३ शैलीविज्ञानको विकास | १३ |
| २.४ शैलीविज्ञानको सैद्धान्तिक स्वरूप | १६ |
| २.५ कृति विश्लेषणको शैलीवैज्ञानिक आधार | १७ |
| २.५.१ साहित्यिक संरचना | १८ |
| २.५.२ भाषिक संरचना | १९ |
| २.५.३ शैली | २० |
| क) विकल्पन र चयन | २० |
| ख) अग्रभूमि निर्माण | २१ |
| ग) विचलन | २१ |
| - कोशीय विचलन | २२ |
| - व्याकरणिक विचलन | २२ |
| - ध्वनिप्रक्रियात्मक विचलन | २२ |
| - लेख्यप्रक्रियात्मक विचलन | २३ |

- अर्थतात्त्विक विचलन २३
- भाषिक विचलन २३
- प्रयुक्ति विचलन २३

घ) समानान्तरता २४

ङ) अन्य/विविधता २५

अध्याय-तीन बनोट र बुनोटका आधारमा नारी-सन्देश काव्यको विश्लेषण २६-३०

३.१ बनोट २६

३.२ बुनोट २६

३.२.१ कथानक वा कथावस्तु २६

३.२.२ पात्र वा चरित्र २८

३.२.३ उद्देश्य २९

३.२.४ अलङ्कारको प्रयोग २९

३.२.५ छन्दको प्रयोग ३०

अध्याय-चार : चयनका आधारमा नारी-सन्देश काव्यको विश्लेषण ३१-४२

४.१ चयनका आधारमा नारी -सन्देश काव्यको विश्लेषण: ३१

४.१.१ शब्द चयन : ३१

४.१.१.१ तत्सम शब्दचयन ३१

४.१.१.२ तद्भव शब्दचयन ३२

४.१.१.३ आगन्तुक शब्दचयन ३२

४.१.१.४ झर्रा तथा अनुकरणात्मक शब्दचयन ३४

४.१.१.५ नामपदको चयन ३५

४.१.१.६ सर्वनाम पदको चयन ३६

४.१.१.७ विशेषणको चयन ३६

४.१.१.८ क्रियापदको चयन ३७

४.१.१.९ नामयोगीको चयन ३८

४.१.१.१० क्रियाविशेषणको चयन ३८

४.१.१.११ निपातको चयन ३९

४.१.१.१२ संयोजकको चयन ३९

४.१.१.१३ द्वित्व शब्दचयन ४०

४.१.१.१४ द्वन्द्वसमस्त शब्दचयन ४१

४.१.२ चिह्नको चयनः ४१

४.१.२.१ प्रश्नसूचक चिन्ह (?) चयन ४१

४.१.२.२ विस्मयादिबोधक चिन्ह (!) चयन ४२

४.३ सारांश : ४२

अध्याय-पाँच : विचलन र समानान्तरताका आधारमा नारी-सन्देश काव्यको विश्लेषण ४४-५७

५.१ विचलन ४४

५.१.१ कोशीय विचलन ४४

५.१.२ ध्वनिप्रक्रियात्मक विचलन ४४

५.१.३ अर्थतात्त्विक विचलन ४६

५.१.४ क्रम विचलन ४८

५.१.५प्रयुक्ति विचलन ५०

५.२ समानान्तरता ५१

५.२.१ बाह्य समानान्तरता ५१

५.२.२ आन्तरिक समानान्तरता ५६

५.३ सारांश ५७

अध्यााय-छ : निष्कर्ष तथा सुझाव ५९-६३

६.१ निष्कर्ष ५९

६.२ सुझाव ६२

सन्दर्भग्रन्थसूची ६३

# तालिका सूची


| | |
|---|---|
| | पृष्ठ सङ्ख्या |
| १. शैलीविज्ञानको सैद्धान्तिक स्वरूप | १७ |
| २. कृति विश्लेषणको शैलीवैज्ञानिक आधार | १८ |
| ३. ध्वनिप्रक्रियात्मक विचलन | ४६ |
| ४. बाह्य समानान्तरता १ | ५४ |
| ५. बाह्य समानान्तरता २ | ५५ |

# अध्याय-एक

# शोध परिचय

## १.१. शोधशीर्षक :

यस शोधपत्रको शीर्षक नारी सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययन रहको छ ।

## १.२. शोधप्रयोजन :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, श्री कनकाई बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको ५९८ पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो ।

## १.३. समस्याकथन :

समस्याकथन अध्ययन अनुसन्धानको विशिष्ट कार्य हो । अनुसन्धान कार्यको सिलसिलामा समस्या भन्नाले अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषयवस्तु भन्ने बुझ्नुपर्छ (बन्धु, २०६५:१७) । चयन गरिएको शोधशीर्षक अन्तर्गत मुख्य मुख्य समस्या वा प्रश्नहरू र तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्याकथन हो (शर्मा र लुईटेल, २०५२:२५) । त्यसैले अनुसन्धेय विषयवस्तु नै समस्याको रूपमा रहेको हुन्छ भने समस्याको समाधान गर्नु अनुसन्धानको उद्देश्य हो । प्रस्तुत शोध कार्यको समस्या साहित्यकार गोविन्दप्रसाद घिमिरेको नारी सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्नु रहेको छ । नेपाली काव्यको इतिहासमा आफ्नो अस्तित्व कायम गर्न सफल भएको यस सन्देश काव्यको लेखन शैली, भाषिक प्रयोग, वाक्यगठन, रचनाशिल्प, संरचना विषयवस्तु आदिका आधारमा हालसम्म कुनै अध्ययन विश्लेषण नभएकाले उक्त काव्यको शैलीवैज्ञानिक अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु यो अध्ययनको प्रमुख समस्या हो । विशेष गरी यो अध्ययन नारी सन्देश खण्डकाव्यको निम्न समस्यामा केन्द्रित रहको छ :

(क) बनोट र बुनोटका आधारमा नारी सन्देश काव्य के कस्तो छ ?

(ख) चयनका आधारमा नारी-सन्देश काव्य के-कस्तो छ ?

(ग) विचलन र समानान्तरका आधारमा नारी-सन्देश काव्य के कस्तो छ ?

## १.४. शोधकार्यको उद्देश्य :

कुनै पनि कार्य निश्चित उद्देश्यमा केन्द्रित हुन्छ । उद्देश्य शोधकार्यको केन्द्रविन्दु हो, समस्याकथनमा उठाएका मूलभूत प्रश्नहरूको समाधान नै उद्देश्य हो (भट्टराई, २०६५:९१) । त्यसैले अध्ययन अनुसन्धानका क्रममा समस्याको मूल पहिचान गरी उद्देश्य निर्धारण

गर्नुपर्छ । प्रस्तुत नारी सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययन शीर्षक शोधकार्य निम्न उद्देश्यहरूमा केन्द्रित रहको छः

(क) शैलीविज्ञानको सैद्धान्तिक अवधारणाको चर्चा गर्नु,

(ख) बनोट र बुनोटका आधारमा नारी सन्देश काव्यको विश्लेषण गर्नु,

ग) चयनका आधारमा नारी-सन्देश काव्यको विश्लेषण गर्नु,

घ) विचलन र समानान्तरताका आधारमा "नारी-सन्देश" काव्यको विश्लेषण गर्नु,

## १.५. पूर्वकार्यको समीक्षा :

वि.स. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना र वि.स. २०३९ देखि स्नातकोत्तर तहको पठनपाठनको शुभारम्भ भएपछि वर्तमान समयसम्म मानविकी तथा सामाजिक शास्त्र एवम् शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषाका विविध क्षेत्रमा शोधकार्य भएका छन् । मानविकी तथा सामाजिक शास्त्रतर्फ भएका भाषिक अनुसन्धानहरू बढी मात्रामा साहित्यतर्फ उन्मुख छन् भने शिक्षा शास्त्र सङ्कायतर्फ बढी जसो भाषा शिक्षण सम्बन्धी अनुसन्धानहरू भएका छन् । कृति विश्लेषण अन्तर्गत शैलीवैज्ञानिक तथा सङ्कथन विश्लेषणमा पनि शोधकार्यहरू गरिएको छ ।

एम. एड नेपाली प्रयोजनकै लागि कृतिपरक अध्ययनका सम्बन्धमा थुप्रै शोधहरू भएको पाइएको छ । यस अन्तर्गत हालसम्म उपन्यास, गीतिनाटक, नाटक, खण्डकाव्य, निबन्ध सङ्ग्रह तथा कथाको शैलीवैज्ञानिक अध्ययन भएको देखिन्छ । हालसम्म भएका अध्ययनहरूलाई हेर्दा सबैभन्दा बढी उपन्यासको शैली वैज्ञानिक अध्ययन भएको छ । उपन्यासको शैलीवैज्ञानिक अध्ययन अन्तर्गत ढुङ्गेल (२०५५) को, शिरीषको फूल उपन्यासको शैली-वैज्ञानिक अध्ययन, दाहाल (२०५८) को, नरेन्द्रदाइ उपन्यासको शैली वैज्ञानिक अध्ययन, सापकोटा (२०५९) को माइतघर उपन्यासको शैलीवैज्ञानिक अध्ययन, खनाल (२०६१) को मुगलान उपन्यासका शैलीवैज्ञानिक अध्ययन, पौड्याल (२०६२) को रूपमती, बस्नेत (२०६२) को बाँच्ने एउटा जीन्दगी जैसी (२०६२) को तीनघुम्ती उपन्यास, बिमली (२०६५) को समानान्तर आकाशको शैलीवैज्ञानिक अध्ययन रहेका छन् ।

त्यसै गरी गौतम (२०६२) बाट अश्वत्थामा गीतिनाटक, पुडासैनी (२०६२) बाट राजेश्वरी खण्डकाव्य, शर्मा (२०६२) बाट भीमसेनको अन्त्य नाटक, निरौला (२०६२) बाट नासो कथा, लुईटेल (२०६३) बाट जयभुँडी निबन्ध सङग्रहको शैलीवैज्ञानिक अध्ययनहरू भएका छन् ।

माथि उल्लेख गरिएका अध्ययनहरूमा सापकोटा (२०५९) द्वारा त्रि. वि. नेपाली भाषा शिक्षा विभागअन्तर्गत माइतघर उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गरिएको देखिन्छ ।

उक्त अध्ययन उपन्यासको कथानक, चरित्र, चयन, विचलन, समानान्तरताका आधारमा विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । पुस्तकालयीय पद्धति अपनाई गरिएको अध्ययनमा संरचनात्मक शैलीविज्ञानको विश्लेषणात्मक विधि अंगालिएको पाइन्छ ।

यस अध्ययनमा भाषिक प्रयोग (चयन) अन्तर्गत शब्दचयन र वाक्यचयन बढी प्रभावकारी रहेको, उखान, टुक्का, निपात, अनुकरणत्मक शब्द, विम्ब, प्रतीक एवम् आलङ्कारिक प्रयोगको, उत्कृष्टता र विभिन्न चिह्नहरूको समूचित प्रयोग भएको देखाइएको छ । विचलन अन्तर्गत कोशीय, व्याकरणिक, अर्थतात्त्विक र ध्वनि प्रक्रियात्मक विचलन र समानान्तरताको  प्रशस्त प्रयोग भएको, करूण रस, अङ्गी र श्रृङ्गार रस अङ्गको रूपमा रहेको तथा शब्दालङ्कार र अर्थालङ्कारले उपन्यासलाई आकर्षक तुल्याएको निष्कर्ष निकालिएको छ ।

गौतम (२०६१) द्वारा अश्वत्थामा गीतिनाटकको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । उक्त शोधकार्यमा गौतमले अश्वत्थामा गीतिनाटकको संरचनात्मक दृष्टिले शैलीवैज्ञानिक विश्लेषण गरेको पाइन्छ । मुख्य रूपमा पुस्तकालयीय, विधिको र आंशिक रूपमा मौखिक वार्तालाप विधिको प्रयोग गरी तयार पारिएको यस शोधमा गीतिनाटकको सैद्धान्तिक पक्षको चर्चा गर्नुका साथै तत्वगत तथा शैलीवैज्ञानिक मान्यताका आधारमा विश्लेषण गरिएको छ ।

शब्दचयन (तत्सम, तद्भव, आगन्तुक) नाम, सर्वनाम, विशेषण, क्रिया, निपात, संयोजकको चयन र विभिन्न विराम चिह्नहरूको  समेत चयनका आधारमा विवेचना गरिएको छ । विचलन र समानान्तरताका आधारमा सोदाहरण विश्लेषण गरिएको पाइन्छ । शिक्षा शास्त्रीय दृष्टिले यस गीतिनाटकको उपयोगिताबारे आफ्नो विचारसमेत प्रस्तुत गरिएको उक्त सोधमा अश्वत्थामा गीतिनाटक शैलीवैज्ञानिक दृष्टिले उत्कृष्ट र स्तरीय देखाइएको छ ।

पुडासैनी (२०६२) द्वारा गरिएको राजेश्वरी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययनमा शैलीविज्ञानको सैद्धान्तिक अवधारणाको चर्चा गर्ने र कथानक, पात्र, दृष्टिविन्दु, उद्देश्य चयन, विचलन, समानान्तरताका आधारमा सो खण्डकाव्यको विश्लेषण गर्ने मुख्य उद्देश्य रहेको देखिन्छ ।

यस शोधमा ऐतिहासिक विषयवस्तु रहेको राजेश्वरी खण्डकाव्यको कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खलामा राम्ररी मिलेको, कथानक कारूणिक रहेको, तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग भएको निष्कर्ष निकालिएको पाइन्छ । चयन अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी क्रियायोगी, अनुकरणात्मक शब्द, निपात आदि विभिन्न

शब्दहरूको उपयुक्त एवम् सार्थक चयन भएको, विचलन अन्तर्गत पदक्रम, ध्वनि प्रक्रियात्मक, अर्थतात्विक विचलन प्रमुख रूपमा देखाइएको छ । आन्तरिक तथा बाह्य समानान्तरताको प्रयोग प्रशस्त देखाइएको उक्त शोधमा उपमा, रूपक, अलङ्कार र प्रतीकहरूको चर्चा गरिएको भए पनि छन्दको बारेमा उल्लेख गरिएको देखिदैन ।

रेग्मी (२०६०) द्वारा महेन्द्र रत्न क्याम्पस ताहाचल नेपाली शिक्षा विभाग अन्तर्गत शकुन्तला गीतिनाटकको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको पाइन्छ । गीतिनाटक र शैलीविज्ञानको सैद्धान्तिक अवधारणा स्पष्ट पार्ने, माधवप्रसाद घिमिरेको नाट्यकारिता निर्धारण गर्ने शकुन्तला गीतिनाटकको संरचनात्मक तथा शैलीवैज्ञानिक दृष्टिले विश्लेषण गर्ने मुख्य उद्देश्यमा केन्द्रित उक्त शोधमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा तत्सम तद्भव, झर्रा र आगन्तुक शब्दहरूको समुचित प्रयोग भएको रेखिक ढांचामा प्रस्तुत गरिएको यस गीति नाटकामा अभिधात्मक, लक्षणात्मक र व्यञ्जनात्मक शैलीको प्रयोग भएको निष्कर्ष निकालिएको छ । माधवप्रसाद घिमिरेको जीवनीलाई पनि प्रस्तुत गरिएको हुनाले उक्त अध्ययन भाषावैज्ञानिकभन्दा पनि व्यक्तित्व र कृतित्वको अध्ययन जस्तो देखिन्छ ।

नारी सन्देश काव्यका सम्बन्धमा केही समालोचनात्मक टिप्पणीहरू प्रकाशित भएका छन्, जसमध्ये अधिकारी (२०६५) ले सहित्यकार गोविन्दप्रसाद घिमिरेको जीवनी व्यक्तित्व, कृतित्वको अध्ययन विश्लेषण र मूल्याङ्कन शीर्षकको शोधपत्रमा नारीजातिलाई विद्रोहको स्वर उराल्न आग्रह गरिएको यस खण्डकाव्यको मूल चेतना भनेको नारी वर्गलाई नवीन चेतना र युग अनुरूप राज्यको धरातलमा उभ्याई उनीहरूको स्वकीय चेतनाभित्र जागरणको उग्रस्तर भरी पुरूषप्रधान एकात्मक राज्य संरचनालाई तहसनहस गराउनु हो भनेका छन् ।

यसरी कृति विश्लेषण अन्तर्गत थुप्रै कृतिहरूको शैलीवैज्ञानिक अध्ययनहरू भएका पाइन्छन् । त्यसमा पनि उपन्यासको बढी र अन्य विधाहरूको शैलीवैज्ञानिक अध्ययन कम भएको देखिन्छ । भएका अध्ययनहरू सबैमा शैलीवैज्ञानिक मान्यताको आधारमा सूक्ष्म विश्लेषण र मूल्याङ्कन भएको पाइदैन । शैलीवैज्ञानिक अध्ययन कृति विशेषको अध्ययन भएकाले कृतिको विशिष्टता खोजी गरी त्यसलाई निश्चित मान्यताका आधारमा सूक्ष्म विश्लेषण तथा मूल्याङ्कन गर्नु यस अध्ययनको चुनौतीपूर्ण कार्य हो साथै साहित्यको नवीन विधाका रूपमा रहेको काव्य नारी सन्देशमा सामान्य समालोचनात्मक टिप्पणीहरू भए पनि हालसम्म शोध प्रवन्ध तयार नगरिएकाले यस काव्यको शैलीवैज्ञानिक अध्ययन विश्लेषण तथा मूल्याङ्कन भएको यो पहिलो र महत्वपूर्ण शोधपत्र हो ।

## १.६. शोधको औचित्य र महत्त्व :

साहित्यका विभिन्न विधाहरूको अध्ययनबाट एकातिर स्रष्टाको प्रतिभा फस्टाउने अवसर प्राप्त हुनेछ भने अर्कातिर व्यक्तिमा निहित द्रष्टा व्यक्तित्वसमेत प्रस्फुटन हुने राम्रो अवसर प्राप्त हुन्छ । साहित्यका विभिन्न अध्ययनबाट विधार्थीहरूले आफ्नो बौद्धिक तथा संवेगात्मक अनुभूतिहरूलाई क्रमशः अभिवृद्धि गर्दै त्यसबाट सामाजिक तथा नैतिक पक्षको विकासमा समेत टेवा पुग्दछ (अधिकारी, २०५९:१०८) । विद्यार्थीहरूले आफ्नो स्तर-अनुसारको साहित्यिक रचना अध्ययन गरी आनन्दको अनुभूति गर्नुका साथै बौद्धिक खुराकसमेत प्राप्त गर्दछन् । विभिन्न विधाहरूमध्ये कविता शिक्षणबाट कविताको आस्वादन, मर्मबोध, मनोरञ्जन, भाषा परिष्कार, प्रतिभा विकास साथै नैतिक उपदेश दिन, चरित्र निर्माण गर्न र सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न मद्दत मिल्छ (शर्मा र पौड्याल, २०६०:१८४) । यसरी हेर्दा भाषा सिकाइलाई यान्त्रिक कार्यका रूपमा मात्र नभई उत्पादनशील र सिर्जनशील बनाउन पनि कविताले सहयोग पुऱ्याएको देखिन्छ ।

शैलीवैज्ञानिक ढंगले कुनै पनि कृतिको अध्ययन विश्लेषण तथा मूल्याङ्कन गरेको खण्डमा बाह्य प्रभावका आधारमा मात्र रचनाको मूल्याङ्कन नगरी आन्तरिक तहसम्म पुगेर त्यहाँ भएका यथार्थ कुराहरूलाई प्रकट गर्न सकिने हुनाले यसको आवश्यकता र महत्त्व स्वतः स्पष्ट हुन्छ । शैलीवैज्ञानिक ढङ्गले कविता विधाअन्तर्गत काव्यको विश्लेषण र मूल्याङ्कन गरी शिक्षण कार्यमा त्यो अझ वैज्ञानिक, वस्तुपरक र विश्लेषणात्मक बन्न पुग्छ । तसर्थ काव्य शिक्षणलाई वैज्ञानिक र तथ्यमा आधारित गराउन शैलीविज्ञानको सहायता लिनुपर्दछ । नारी-सन्देश काव्यका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूले विभिन्न ढङ्गले टिप्पणी एवम् समालोचना गरे पनि यसको अध्ययन पूर्ण हुन सकेको छैन । त्यसैले यस काव्यको पनि वैज्ञानिक, वस्तुगत, व्यवस्थित तथा कृतिकेन्द्री अध्ययनका लागि शैलीवैज्ञानिक अध्ययनले महत्वपूर्ण भूमिका खेल्दछ ।

यस अध्ययनबाट कवि घिमिरेका अन्य काव्य तथा कविताहरूका अतिरिक्त अरू खण्डकाव्यकारहरूका खण्डकाव्यात्मक कृतिहरू र अन्य विधाहरूको समेत अध्ययन एवम् विश्लेषणमा सहयोग पुग्ने देखिन्छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ । यस शोधकार्यले जटिल बन्न गएको काव्य शिक्षण प्रक्रिया सहज बन्न जाने हुनाले शिक्षणीय दृष्टिले समेत र हालसम्म यस काव्यको कुनै पनि शोधकार्य नभएकाले यसको महत्त्व र औचित्यको घनात्मक स्थिति रहेको छ ।

## १.७. अध्ययनको सीमाङ्कन :

अध्ययन अनुसन्धानको क्षेत्र व्यापक हुन्छ । अध्ययनमा सम्बद्ध विषय शीर्षकले ओगट्ने सम्पूर्ण पक्षको एकैचोटि अध्ययन गर्न गाह्रो हुन्छ, त्यसकारण प्रस्तुत नारी सन्देश काव्यको निम्न सीमामा रहेर अध्ययन गरिएको छ :

(क) बनोट (संरचना) र बुनोट (कथानक, चरित्र, उद्देश्य, अलङ्कार र छन्द) मा मात्र अध्ययनलाई केन्द्रित गरिएको छ ।

(ख) चयन/विचलन र समानान्तरताका आधारमा यस काव्यको अध्ययन विश्लेषण गरिएको छ ।

## १.८. शोधविधि :

अध्ययन विधि शोधकार्यको अभिन्न अङ्ग हो । उद्देश्य प्राप्ति अध्ययन विधिको उपयुक्तता व्यवस्थिततामा भर पर्ने हुनाले यो महत्त्वपूर्ण हुन्छ । प्रस्तुत नारी सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययनमा विश्लेषणात्मक शोध विधिको प्रयोग गरिएको छ । यसमा विभिन्न विद्वान्, प्राध्यापक समालोचनहरूको सल्लाह र सुझावलाई प्रथम स्रोतका रूपमा अध्ययन र मनन गरिएको छ भने द्वितीय स्रोतका रूपमा पत्र पत्रिकामा प्रकाशित लेखहरू, शैलीविज्ञानसंग सम्बन्धित अन्य पुस्तकहरू प्रकाशित तथा अप्रकाशित शोध प्रवन्धहरू लिइएको छ । विशेषगरी पुस्तकालयीय पद्धतिमा आधारित भएर यो शोधकार्य तयार गरिएको छ ।

## १.९. शोध विवरण :

अध्ययन १ शोध परिचय

अध्ययन २ शैलीविज्ञानको सैद्धान्तिक आधार

अध्ययन ३ बनोट र बुनोटका आधारमा नारी-सन्देश काव्यको विश्लेषण

अध्ययन ४ चयनका आधारमा नारी सन्देश काव्यको विश्लेषण

अध्ययन ५ विचलन र समानान्तरताका आधारमा नारी सन्देश काव्यको विश्लेषण

अध्ययन ६ निष्कर्ष / सुझाव

# अध्याय : दुई

# शैलीविज्ञानको सैद्धान्तिक परिचय

## २.१ शैलीको परिचय :

नेपाली भाषामा प्रचलित शैली शब्द संस्कृतको शील धातुमा लक् प्रत्यय लागि व्युत्पन्न भएको तत्सम शब्द हो । समालोचनाका क्षेत्रमा वर्तमानमा निकै प्रचलित यो शब्द ल्याटिन भाषाको स्टिलस बाट अंग्रेजीमा आएको स्टाइल शब्दको नेपाली रूपान्तरण हो । त्यस्तै अवेस्तामा स्तएर (Staera = पर्वत, शीर्ष) ग्रीकमा स्टाइलोस (Stilus = स्तम्भ) तथा ल्याटिनमा स्ताइलुसका रूपमा देखा पर्दै अङ्ग्रेजीमा स्टाइल (Style) शब्दको रूपमा विकसित भएको हो (तिवारी, सन् १९८३ :१) । ल्याटिन भाषामा स्टिलस (Stilus) शब्दले धातुको लेख्ने साधन भन्ने जनाउँछ । पछिल्ला समयमा अर्थ परिवर्तन भएर स्टाइल शब्द परिपाटी, ढाँचा, तरिका, शैली, आदि अर्थमा रूढ हुन पुगेको छ (सिप्ले ,सन् १९७० : ३१४) । अंग्रेजीमा विभिन्न अर्थका निम्ति शैली शब्दको प्रयोग भएपनि साहित्यको सन्दर्भमा अङ्ग्रेजी स्टाइल शब्दले भावाभिव्यक्ति प्रकट गर्ने तरिका अर्थात् वक्ताको वक्तृत्वशक्ति, लेखकको अभिव्यञ्जना पद्धति, व्यक्तिको वैयक्तिक विशिष्टता, विषय विवेचनाको प्रविधि, आचार विचार एवम् व्यवहारको ढङ्ग, बोलाइको तौरतरिकालाई सङ्केत गरेको देखिन्छ ।

प्राचीन संस्कृत साहित्यमा शैलीको पर्यायका रूपमा विभिन्न साहित्याचार्यहरूले एकाधिक शब्दको प्रयोग गरेका छन् । ती मध्ये रीति शब्द सर्वाधिक प्रचलित र प्रसिद्ध छ (नेपाल सन् १९९२ ३२) । साहित्यको शैलीका निम्ति रीति शब्दको प्रयोग गर्नुपूर्व यसको स्थानमा वृत्ति, प्रवृत्ति, मार्ग आदि एकाधिक संज्ञा प्रचलित थिए । उपर्युक्त पृष्ठभूमितर्फ नियाल्दा अङ्ग्रेजी शब्द 'स्टाइल'को संस्कृत पर्यायका रूपमा 'रीति' शब्द नै प्रचलित देखिन्छ (ऐजन : पृष्ठ ३३) । भारतीय आर्य भाषाका साहित्यमा शैली शब्दले अङ्ग्रेजी स्टाइल र संस्कृत रीतिको सर्वमान्य पर्यायका रूपमा प्रचलन र स्थिरता पाइसकेको देखिन्छ । शैलीलाई अर्थ्याउने क्रममा बृहत् नेपाली शब्दकोशले निम्न अर्थ दिएको छ :

क) विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति, काम गराइको ढाँचा, परिपाटी, छाँट छन्द,

ख) असल शीलस्वभाव भएका व्यक्तिबाट हुने कुरो,

ग) कुनै सिद्धान्त जस्तै भएर आएको रीति वा चलन,

घ) साहित्यिक रचनामा लेखकका व्यक्तिगत विशेषताको छाप दिने वा विषयबस्तुका अनुकूल भाव अभिव्यक्ति हुने खास ढाँचा (सरल शैली, तार्किक शैली, आलङ्कारिक शैली आदि)

शैलीका सन्दर्भमा विभिन्न विद्वान्हरूले आ-आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । ती अवधारणहरू कुनै पाठकपरक, कुनै लेखककेन्द्री र कुनै श्रोताकेन्द्री छन् । शैलीसम्बन्धी केही अवधारणहरू निम्न रहेका छन् :

शैली चयन हो

चयन भनेको छनोट हो । स्रष्टाले आफ्नो अभिव्यक्तिका क्रममा उपलब्ध विकल्पमध्ये कुनै एउटा भाषिक एकाइको सुविचारित छनोट गर्दछ । त्यही छनोट नै चयन हो । जस्तै: मनुष्य र मान्छे , दुवैको अर्थ एउटै हो र स्रष्टाले यी दुई शब्दमध्ये कुनै एउटालाई छनोट गर्दछ । यसरी विभिन्न विकल्पमध्ये ज्यादै सुहाउँदोचाहिँ छानेर लिनु नै चयन हो । मनुष्य र मान्छेको अर्थ एउटै भएता पनि शब्द स्रोतका दृष्टिले मनुष्य शब्द तत्सम हो भने मान्छे तद्भव शब्द हो । स्रष्टाले आफ्नो अभिव्यक्तिको क्रममा जुनलाई उपयुक्त ठान्छ, त्यसैलाई छनोट गरेर लिनु नै चयन हो । चयन अभिव्यक्तिको तहमा पनि हुन्छ तर यसको खास प्रयोजनचाहिँ भाषिक तहमा देखापर्दछ (शर्मा, २०५५ : ५४१) ।

पूर्वीय आचार्य वामनको विशिष्ट पदसङ्घटना रीति हो भन्ने र पाश्चात्य विद्वान स्वीस्टको काव्य उत्तम क्रममा उत्तम शब्दयोजना हो भन्ने भनाइले शैली भाषिक विकल्पहरूबाट गरिएको चयन हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ (ऐजन : पृष्ठ २३) । स्रष्टाले विभिन्न उपलब्ध विकल्पहरू मध्ये उपयुक्त विकल्प छनोट गर्ने क्रममा कथ्य र अभिव्यक्ति दुवै स्तरमा सामग्री छान्ने र त्यसको कुशल संयोजन गर्ने कार्य गर्दछ । संयोजनमा वैयक्तिक भिन्नता भएपनि यसलाई सारपूर्ण तवरले कलात्मक पद्धति अवलम्बन गरिएको हुन्छ ।

शैली विचलन हो

मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ । एउटै भाषामा एकै समयमा एउटै व्याकरणगत सीमाभित्र लेखिएका रचना पनि एक आपसमा समान हुँदैनन् । विचलन समानान्तरताको विपरीत तत्व हो । भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमको अतिक्रमण वा मानकेतर प्रयोगलाई विचलन भनिन्छ (शर्मा, २०५९ : ८) । व्याकरणका नियमले नियन्त्रण गरी रूढ र यान्त्रिक बनाएको भाषाबाट स्वतन्त्र रही कृतिमा भाषिक सौन्दर्यको पृथक र अर्थपूर्ण गोलार्धको खोजी गर्नु नै विचलन हो (ढकाल, २०५० : ९७) ।

विचलन भनेको व्याकरणगत नियमको अनभिज्ञतावश गरिने अव्याकरणिक प्रयोग होइन (नेपाल, १९९२ :४४) । शैलीगत विचलन त्यस्ता विचलित प्रयोग हुन् जसका कारणहरू विश्लेष्य, सार्थक र सम्भवत : सचेत पनि हुन्छन् । व्याकरणसम्मत भाषिक परिधिभित्र प्रयोक्तालाई उपलब्ध विभिन्न विकल्पहरूबाट गरिने चयनात्मक प्रयोगलाई कसैले

विचलन मानेका छन् (श्री वास्तव, १९८० : ५९) भने कसैले विचलनलाई चयनको रूपमा हेरेका छन् (शर्मा, सन् १९७४ : ३२) । जेहोस्, विचलन निरर्थक नभई सार्थक र उद्देश्यमूलक हुनुपर्छ ।

शैली अन्तर्वाक्यीय वैशिष्ठ्य हो :

साहित्य रचनाको शैलीलाई अन्तर्वाक्यीय वैशिष्ठ्य हो भन्नेहरूमा सोल सपोर्टा र अर्किवाल्ड ए.हिल आदि अग्रस्थानमा छन् । उनीहरूका अनुसार शैलीविज्ञानले वाक्यभित्रका भाषिक एकाइहरूलाई भन्दा पाठभित्रका वाक्यको पारस्परिक सम्बन्धलाई बढी महत्त्व दिनुपर्छ । यस दृष्टिकोण अनुसार वाक्य अनुच्छेद, परिच्छेद वा सर्गहरू नै यसका महत्त्वपूर्ण शैलीय घटकहरू हुन् (नेपाल सन् १९९२ : ४६) । शैलीवैज्ञानिक अध्ययनले वाक्यलाई होइन, वाक्य संरचनाको लघुतम सार्थक एकाइलाई प्रस्थानविन्दु मानेर पाठको सम्पूर्ण स्वरूप समष्टिलाई बृहत्तर एकाइ मानी विश्लेषण गर्नेतर्फ आफूलाई अग्रसर गराउँछ भन्नु बढी युक्तिसङ्गत देखिन्छ । यस्ता लघुत्तर एकाइहरू वाक्य र त्यसभन्दा बृहत्तर सन्दर्भमा विश्लेषित हुन्छन् । यसो हुँदा अन्तर्वाक्यीय सम्बन्ध अर्को शैलीगत वैशिष्ठ्य नभएर शैलीको विश्लेषण गर्ने मानक आधार हुन सक्दछ (नेपाल, ;पूर्ववत्) ।

शैली चयन र संयोजन हो

स्रष्टाले उपलब्ध विभिन्न विकल्पहरूमध्ये छनोट गर्ने क्रममा कथ्य र अभिव्यक्ति दुवै स्तरमा सामग्री छान्ने र त्यसको कुशल संयोजन गर्ने कार्य गर्दछ । संयोजनमा वैयक्तिक भिन्नता भएतापनि यसलाई सारपूर्ण तवरले कलात्मक पद्धति अवलम्बन गरिएको हुन्छ । शैली सम्बन्धका विभिन्न विद्वान्हरूबाट दिइएको परिभाषालाई प्रस्तुत गर्न सान्दर्भिक देखिन्छ (तिवारी, पूर्ववत् : १७-१८) ।

गेटेले शैलीलाई लेखकको मष्टिष्कको साँचो प्रतिलिपि हो भनेर अर्थ्याएका छन् भने स्पेन्सरका अनुसार शैली भन्नाले विचारको पोसाक हो भन्ने बुझिन्छ । त्यसैगरी मरेले हरेक व्यक्तिको आफ्नै शैली हुन्छ भनेका छन् भने गिवनले शैली चरित्रको छायाँ हो, कोटमात्र होइन भनेका छन् । त्यस्तै कार्लाइलले शैली छाला हो, कोटमात्र होइन भनेका छन् । स्वीफ्टले उचित शब्दको उचित क्रममा प्रयोग शैली हो भनेर अर्थ्याएका छन् ।

उपर्युक्त परिभाषालाई संयोजन गर्दा शैलीलाई भाषिक अभिव्यक्तिको विशिष्ट ढंगका रूपमा अर्थ्याउन सकिन्छ । हरेक व्यक्तिको व्यक्तित्व फरक हुन्छ । व्यक्तित्व अनुसार हरेक व्यक्तिको अनुभव पनि फरक-फरक हुन्छ । जे होस् रचनामा स्रष्टाको व्यक्तित्व विशेषताको छाप दिने वा विषयवस्तु अनुकूल भाव अभिव्यक्ति गर्ने ढाँचा वा पद्धति नै वास्तवमा शैली हो ।

शैली कथ्य र रूप दुवै हो

शैलीमा कथ्य र रूप दुवैको अन्विति पाइन्छ । चार्ल्स बाली र उनका अनुयायीहरूले शैलीलाई कथ्य वा विचारको आवरणका रूपमा परिभाषित गरेका छन् । (नेपाल, पूर्ववत् : ४०) यसमा कृतिभित्रको कथ्य र रचनाको कारण स्रष्टाको दृष्टिकोण एवम् लेखनपद्धतिको प्रभाव कलात्मक रूपमा प्रस्तुत भएको हुन्छ ।

शैली अर्थ हो

वास्तवमा शैली रूपको अभिव्यक्ति मात्र नभई सम्प्रेषणको आर्थी पद्धति पनि हो, भाषिक संरचनाद्वारा सम्प्रेषित कृतिभित्रको सूचनाको प्रतीयमान अर्थ वा लाक्षणिक अर्थ शैलीभित्र लुकेको हुन्छ । शैली त्यस्तो  माध्यम हो, जसद्वारा लेखक वा सङ्केत दाताले आफ्नो सूक्ष्य सङ्केत बोधलाई यसरी बोध होस भन्ने निश्चित गर्दछ । जसले गर्दा त्यस सङ्केतबोधले सम्प्रेषित सूचना मात्र बुझ्ने होइन, त्यस सँगसँगै त्यो सूच्य विषयतर्फ लेखकको धारणा वा दृष्टिकोणसित समेत सहमत हुन पुगोस्  (डेभिडलज, सन १९६७ : ५५) ।

शैली भाषा हो

सामान्यतया मनको भाव वा विचार व्यक्त गर्ने माध्यम भाषा हो । लिखित भाषाका माध्यमबाट स्रष्टाले आफ्नो अभिव्यक्तिलाई कलात्मक रूपमा प्रस्तुत गर्दछ र यो भाषाविना सम्भव छैन । शैली भाषाको वैविध्य हो । सामान्य भाषा व्याकरणिक दृष्टिले मिल्दोजुल्दो भएपनि स्रष्टाले व्याकरणका नियमहरूको अतिक्रमण गरेर आफ्ना रचनाहरूलाई बढी आकर्षक र प्रभावकारी तुल्याएको हुन्छ । सामान्य भाषा  अभिधात्मक, एकार्थक अनलङ्कृत, नियमित, लोकोपयोगी, सूचनात्मक र कोशीय हुन्छ भने साहित्यको भाषा लक्ष्यात्मक, व्यङ्ग्यात्मक, अनेकार्थक, अलङ्कृत,विचलित भावोपयोगी एवं सिर्जनात्मक हुन्छ । यसरी हेर्दा स्रष्टाले आफ्ना अभिव्यक्तिलाई साहित्यिक भाषाको विशिष्ट एवम् कलात्मक रूपले प्रयोग गर्ने हुनाले शैलीलाई भाषाको रूपमा लिइएको हो ।

## २.२.शैलीविज्ञानको परिचय :

शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम विधा वा प्रकार हो । शैली र विज्ञान दुई शब्दबीच समास भएर शैलीविज्ञान शब्द निर्माण भएको हो । शैलीको वैज्ञानिक ढंगले अध्ययन गर्ने विधा नै शैलीविज्ञान हो । शैलीविज्ञान साहित्यको अध्ययन र विश्लेषण गर्ने नवीन पद्धति हो । यसलाई आधुनिक भाषाविज्ञानको प्रायोगिक शाखाका रूपमा लिइन्छ । यसले साहित्यिक कृतिमा अन्तर्निहित सौन्दर्यको उद्घाटन गर्नुका साथै भाषामा

विद्यमान शैलीतत्वको व्यवस्थित अध्ययन गर्दछ । कुनै रचना वा त्यसको निर्धारित अंशमा प्रयुक्त शैलीको विधिगत अध्ययनद्वारा सो सङ्कथन वा पाठको सौन्दर्यबोध वा मर्मोद्घाटन शैलीविज्ञानमा पाइन्छ । यस विज्ञानले भाषा विज्ञान र व्याकरणबाट साधन र कसौटीहरू आधार स्वरूप ग्रहण गरेर कृतिको शैलीगत अध्ययन र विश्लेषण गर्दछ । यसरी भाषा विज्ञानको सहयोग लिएर साहित्यको शैलीपरक अध्ययन गर्ने विज्ञान नै शैलीविज्ञान हो । यसको पद्धति भाषापरक र दृष्टि कलापरक छ (नेपाल, सन् १९९२ : ३२) ।

शैलीविज्ञानमा भाषाको सामान्य होइन विशिष्ट (साहित्यिक) भाषा प्रयोगको अध्ययन विश्लेषण गरिन्छ । भाषा सामाग्रीको सर्वोत्तम र विशिष्ट उपयोग साहित्यमा हुने हुँदा यसले साहित्यमा प्रयुक्त भाषा (कथ्यभाषा) अध्ययनतर्फ विशेष उन्मुखता देखाउँछ । शैली विज्ञानले मौखिक वा लिखित साहित्यिक संकथनका शैलीको व्यवस्थित वर्णन विश्लेषण त्यसमा प्रयुक्त काव्यभाषाका आधारमा गर्दछ र कृतिको वस्तुगत मूल्याङ्कन प्रस्तुत गर्दछ । यसले साहित्यिक कृति वा सङ्कथनको भाषिक आधारमा विश्लेषण गरी शैली वैज्ञानिक तवरले त्यसमा विद्यमान कलात्मक संवेगहरूको रेखाङ्कन गर्ने र कृतिमा अन्तर्निहित सौन्दर्यको उद्घाटन गर्ने लक्ष्य लिएको हुन्छ । त्यसैले शैलीविज्ञानलाई भाषाविज्ञान र साहित्यशास्त्रको मिलनविन्दुका रूपमा हेरेको पाइन्छ । प्रकारान्तरले यो भाषाविज्ञान र साहित्यशास्त्रको समन्वयबाट निर्मित शास्त्र हो । 'मरे' का भनाइ अनुसार शैली एउटा अत्यन्त व्यापक अवधारण हो, जसको वैज्ञानिक विश्लेषणभित्र सम्पूर्ण साहित्यशास्त्र र सौन्दर्यशास्त्रका मान्यताहरू समाहित हुन आउँछन् (पौड्ेल, २०५६ :९७) ।

आधुनिक युगमा आएर शैलीविज्ञानको विकास भएको हुँदा समालोचनाको फाँटमा यो नवीनतम विधाका रूपमा चिनिएको छ र यसले एउटा स्वतन्त्र विज्ञानको रूप धारण गरिसकेको छ । समालोचनाको क्षेत्रमा शैलीविज्ञानको विकासले गर्दा साहित्यको अध्ययनमा व्यक्तिवादी, प्रभाववादी मनगढन्ते प्रवृत्तिको निराकरणमा बल मिल्यो र बैज्ञानिकताको अभिवृद्धि भयो (गौतम २०५९ :२७६) । शैलीविज्ञान भाषावादी, यन्त्रवादी र सत्यपरक विज्ञान हुनाले अध्ययनमा कपोलकल्पनाको स्थान रहँदैन । त्यसकारण समालोचनाको क्षेत्रमा यो पद्धति विश्वसनीय एवं भरपर्दो बन्दै गएको छ ।

शैलीविज्ञान सिद्धान्त र प्रणाली दुवै हो । सिद्धान्त वस्तुलाई हेर्ने आभ्यान्तर दृष्टिको पारिभाषिक नाम हो भने प्रणालीचाहिँ सिद्धान्तद्वारा निर्दिष्ट एवम् नियन्त्रित सिङ्गो योजना हो । यसले कार्यविधिका तत्वहरूलाई परस्पर अन्विति हुनेगरी टुङ्गो लगाउँछ । यसले रचनाको कथ्य पक्ष र अभिव्यक्ति पक्षको समन्वयलाई केलाएर फुकाउने र फुकाउँदा देखिने

सम्बन्ध सूत्रका आधारमा कृतिका सौन्दर्यमूलक वा कलात्मक पक्षको उद्घाटन गर्ने प्रविधि प्रस्तुत गर्दछ (शर्मा , २०४८:१२) ।

शैलीविज्ञानले साहित्यिकताको प्रकाश विन्दु कृतिलाई मान्दछ र यसले सर्जकको प्रतिभा, पाठकको वैयक्तिक अनुभूति, सामाजिक परिवेश, साँस्कृतिक चेतना, विगत इतिहास आदिको अलमलमा नपरी कृतिको सौन्दर्य वा कलालाई पक्रिएको हुन्छ । शब्दान्तरमा शैलीविज्ञान कृतिको चौकोसभित्र छिरेर समालोचना गर्ने प्रणाली भएको हुँदा र चौकोसबाहिरको पक्ष अर्थात् समाजमा साहित्यलाई नहेरी साहित्यमा समाजलाई नियाल्ने चस्मा प्रदान गर्दछ । समाजमा साहित्यलाई हेर्नुको अर्थ कृतिलाई उपयोगिताको ढकले जोख्नु हो । यसबाट कृतिको साहित्यिकता प्रकटित हुँदैन । अतः शैलीविज्ञानले कृतिलाई उपयोगिताको वस्तुको सट्टा कलात्मक वस्तुको रूपमा हेरी साहित्येतर वा बाह्य संसारको सन्दर्भलाई ग्रहण नगरी साहित्यिक कृतिको सन्दर्भलाई समाएर कृतिको सौन्दर्य , साहित्यिकता र कलात्मकतालाई प्रकटित गर्छ ( शर्मा , पूर्ववत् : १४) ।

कृतिगत सौन्दर्य जैविक वा भौतिक तहको नभएर शाब्दिक सौन्दर्य हुन्छ । शाब्दिक सौन्दर्यको अर्थ शब्दको सौन्दर्य वा लालित्य होइन, भाषामा उतारिएको सौन्दर्यबोध हो। कृतिभित्र एकीकृत ढङ्गमा रहेको काव्य र अभिव्यक्तिको सम्बन्धलाई चालेर सो आधारमा सौन्दर्यमूलक संवेगको सन्धान गर्नु र त्यसमा रहेको शाब्दिक सौन्दर्य उद्घाटन गर्नु शैलीवैज्ञानिक आलोचनाको उद्देश्य हो ( शर्मा , २०४८: १४) ।

यसरी शैलीविज्ञानले भाषाको परिधिभित्र रहेर स्रष्टाले कसरी आफ्नो प्रतिभालाई चलायमान गरेको छ भनी उसको सिर्जनात्मक प्रयोगलाई गौर गर्दछ । स्रष्टाको विशिष्ट रचना शैली भएकाले त्यसको प्रकाशनमा भाषिक तत्वहरूको सौन्दर्यात्मक विचलनयुक्त एवम् विशिष्ट किसिमको समूच्चयात्मक सौन्दर्य प्रतिबिम्बित हुन्छ, जसलाई खोतलखातल गरेर वस्तुगत मूल्याङ्कन एवम् विश्लेषण गर्दै कृतिको बाह्य आवरणबाट छिरेर नाभिकीय अन्तस्तल निहार्न मद्दत गर्ने हुनाले यो समालोचनाको क्षेत्रमा अत्याधुनिक वैज्ञानिक प्रणाली हो । यसको सम्बन्ध भाषाविज्ञान र साहित्यशास्त्रसँग सिधै गाँसिएको छ र चिन्हविज्ञान र प्रतीकविज्ञानसँग पनि हातेमालो गर्दै पूर्णता प्राप्त गरी दिनानुदिन परिष्कृत एवम् परिमार्जित हुन पुगेको छ । भाषा विज्ञानको क्षेत्रमा थपिएका नयाँ-नयाँ आयामहरूले शैलीविज्ञानको विकासमा ठूलो टेवा पुऱ्याएका छन् । आजको शैलीविज्ञान भाषाविज्ञानको प्रायोगिक शाखामात्र नभएर एउटा स्वतन्त्र विधाका रूपमा विकसित भएको छ (अधिकारी, २०६१:९) ।

## २.३ शैलीविज्ञानको विकास :

साहित्यमा शैलीको अध्ययन गर्ने परम्परा पूर्व र पश्चिम दुवैतिरका साहित्यशास्त्रमा प्राचीनकालदेखिनै प्रचलित भए तापनि शैलीविज्ञान साहित्यालोचनाको नयाँ सिद्धान्त र पद्दति हो । पूर्वीय आचार्य भरतमुनिको नाट्यशास्त्रमा शैलीको चर्चा वृत्तिका रूपमा भएको छ । यसका साथै अन्य उत्तरवर्ती आचार्यहरूले मार्ग, प्रवृत्ति रीतिका रूपमा शैलीको चर्चा गरेका छन् । प्राचीन भारतीय साहित्य शास्त्रमा शैलीलाई कहिले ध्वनिको रूपमा, कहिले रीतिको रूपमा कहिले वक्रोक्तिको रूपमा कहिले अलङ्कारका रूपमा त कहिले औचित्यका रूपमा काव्य तत्वको अध्ययन र विश्लेषण गरिंदा शैलीगत विशेषताको विश्लेषणमा नै जोड दिइएको छ (मिश्र , पूर्ववत् :१९-२०) ।

शैलीविज्ञानको उदभव र विकासको इतिहास खोज्दै जाँदा आधुनिक भाषाविज्ञान, रसियाली रूपवाद तथा पश्चिमेली वस्तुपरक साहित्यालोचनाको इतिहाससम्म पुग्नु पर्दछ । शैलीविज्ञान कुनै एउटा स्रोतबाट मात्र विकसित नभई विभिन्न ज्ञानानुशासन, भाषाविज्ञान साहित्यालोचनाको इतिहास आदिबाट प्रेरित र प्रभावित भई विकसित भएको छ । समग्रमा विभिन्न प्रेरक-प्रभावक तत्वहरूलाई सामूहिकीकरण गर्दा शैलीविज्ञानको विकासमा निम्न दुई स्रोतहरू देखा पर्दछन् :

क) आधुनिक भाषाविज्ञान

ख) साहित्य समालोचनाका विभिन्न प्रणालीहरू

आधुनिकीकरण भाषाविज्ञानको प्रणयन स्विस भाषाविद् फर्डिनान्ड डि सस्युरले गरेका हुन् । उनले सन १९०६ देखि १९११ सम्म आफ्नो चेलाहरूलाई दिएका भाषावैज्ञानिक वक्तृता र टिप्पणीहरूको संकलन गरी सन् १९१५ मा कोर्स दि लिङ्ग्विस्टिक जेनेऱ्याल प्रकाशन गरेर ऐतिहासिक भाषाविज्ञानको युग समाप्त भई संरचनात्मक भाषाविज्ञानको उदय भयो । यसरी हेर्दा सस्युरले आफ्ना उत्कृष्ट व्याख्यानद्वारा शैलीविज्ञानलाई आधुनिकताको भऱ्याङ चढाएका हुन् । उनले संकेत व्यवस्था, भाषा, बोली, समकालीन ऐतिहासिक विन्यास क्रमिक जस्ता कतिपय विषयमा महत्वपूर्ण विचार प्रकट गरेका थिए र यो नै शैलीविज्ञानको विकासको जग हुन पुग्यो (गौतम, २०५९:२७२) । यसका साथै आधुनिक भाषाविज्ञानका विभिन्न सम्प्रदायको जन्म भएर ती प्रत्येक सम्प्रदायबाट समेत शैलीवैज्ञानिक समालोचना प्रणालीको विकास भएको हो ।

शैलीविज्ञानको आरम्भ फर्डिनान्ड डी सस्युरका शिष्य चार्ल्स बालीबाट भएको हो ( पाण्डेय, सन १९८३:३) । उनले साहित्यिक भाषाको वैकल्पिक अध्ययन गर्ने प्रणालीलाई

सर्वप्रथम स्टाइलिस्टिक अर्थात शैलीविज्ञानको नाम दिए । उनी फ्रान्सेली परम्पराका प्रसिद्ध शैलीवैज्ञानिक विद्वान् हुन् । शैलीविज्ञानको विकासमा भाषा विज्ञान्को क्षेत्रबाट सर्वाधिक योगदान दिने सम्प्रदाय प्राग्भाषा मण्डली हो । यस मण्डलीका प्रसिद्ध विद्वान्हरूमा रोमन याकोव्सन, येन मुकारोभ्स्की र एन.एस. त्रुवोत्स्कोय पर्दछन् । याकोब्सन रसियाली शैलीविज्ञानका प्रमुख स्तम्भ हुन् । उनी भाषाविज्ञान र साहित्यशास्त्र दुवै क्षेत्रमा चर्चित एवम् प्रभावशाली व्यक्तिका रूपमा सुप्रसिद्ध छन् (नेपाल,पूर्ववत् : ६७) । मुकारोभ्स्कीले शैलीलाई सामान्य भाषाबाट विचलन मानेर सामान्य भाषाको व्याकरणका आधारमा रचनाको व्याकरणमा आई वक्रताहरूको आधारमा शैलीको वर्णन गरेका छन् । अमेरिकी संरचनावादले पनि शैलीको क्षेत्रमा ठूलो टेवा पुऱ्याएको देखिन्छ । ब्रिटिस शैलीवैज्ञानिकहरूको तुलनामा अमेरिकी शैलीवैज्ञानिकहरू बढी प्राविधिक देखिन्छन् र उनीहरूको शैलीविश्लेषण गर्ने प्रयास अधिक देखिन्छ । व्रिटिस शैलीविज्ञानहरूको तुलनामा अमेरिकी शैलीवैज्ञानिकहरू बढी प्राविधिक देखिन्छ र उनीहरूको शैली विश्लेषण गर्ने प्रयास अधिक वस्तुनिष्ठतातर्फ अगाडि बढेको देखिन्छ । सन् १९२८ मा स्थापित लिङ्ग्विस्टिक्स इन्स्टिच्युट र १९३४ देखि यता विभिन्न समय र स्थानमा आयोजित भाषाविज्ञान सम्वन्धी गोष्ठीले साहित्यशास्त्रीहरूलाई एउटा विन्दुमा भेट गरायो, जुन विन्दु वा स्तरलाई शैलीविज्ञान भनिन्छ (ऐजन : ६०) । त्यस्तै सन् १९५७ मा हैरिसका शिष्य नोम चम्स्कीले सिन्टयाक्टि्क स्ट्रक्चर्स नामक प्रसिद्ध पुस्तक प्रकाशन गरी रूपान्तरण व्याकरणको घोषणा गरेर त्यही सिद्धान्त एवम् धारणालाई नै पृष्ठभूमि बनाई जेम्स, पिटर थने, रिचर्ड ओहमन आदि विद्धान्हरूले साहित्यको शैलीवैज्ञानिक सिद्धान्त र निश्चित प्रणाली प्रस्तुत गर्ने प्रयास गरेका छन् (नेपाल, पूर्ववत् : ६१) ।

शैलीविज्ञानको विकासमा फ्रान्सेली भाषावैज्ञानिक चार्ल्स बालीले सर्वप्रथम शैली विज्ञान शब्दको प्रयोग गरेका हुन् । भाषिक क्रिया व्यापारको अध्ययनलाई शैलीविज्ञानको अभीष्ट मान्ने बालीले सामान्य व्यवहारको भाषालाई भाषाको मानक रूप माने भने व्यक्तिद्वारा प्रयुक्त भाषालाई मानकबाट विचलनको रूपमा हेरे । त्यसैगरी मार्क्सवादी समाजवादका अनुयायी रोँला पार्थ साहित्यलोचनाको क्षेत्रमा शैलीवैज्ञानिक संरचनावादी, सङ्केत वैज्ञानिक र उत्तरसंरचनावादी अध्ययनका विशिष्ट व्यक्ति हुन् । त्यसैगरी एङ्लो अमेरिकी समीक्षाधारमा शैलीविज्ञानको विकासमा टेवा पुऱ्याउने व्यक्तिहरूमा टि.एस.इलियट, आइ.ए.रिचर्डस हयारल्ड हवाइटहल आदिको नाम अग्रस्थानमा आउँछ । इलियटको निर्वैयक्तिकवादी सिद्धान्त, रिचर्डसको व्यवहारिक समालोचनाको सिद्धान्त, र अमेरिकी नवआलोचनावादीहरूले विकसित गरेको कृतिपरक अन्तर्निष्ठ समालोचना पद्धतिले पनि

शैलीविज्ञानको सैद्धान्तिक तथा पद्धतिगत विकासलाई काव्यशास्त्रीय आधार प्रदान गरेका छन् ।

शैलीविज्ञानको विकासमा साङ्ख्यिकीय शैलीवैज्ञानिक पद्धतिले पनि टेवा पुऱ्याएको छ । जी.के. जिप्स यसका अग्रणी व्यक्ति हुन् । साङ्ख्यिकीय शैलीविज्ञानले पाठमा शैलीय घटकहरूको प्रयोगाङ्कको आधारमा शैली निरूपण तथा शैली चिन्हहरू निर्धारण गर्दछ । नेपालीमा प्रा.मोहनराज शर्माले यस पद्धतिको अनसरण गरी शैलीवैज्ञानिक अध्ययन गरेका छन् ।

आधुनिक शैलीविज्ञानको विकासमा वेलायतका जे.आर.फर्थ.एम.ए.के. हयालिडेको स्थान पनि स्तुत्य छ । फर्थको शैलीविज्ञान अर्थविज्ञानमा आधारित छ । भाषाविज्ञानको आवश्यक पृष्ठभूमिबिना शैलीविज्ञानको प्रयोग सतही हुने उनको दृष्टिकोण छ । यसै गरी आधुनिक शैलीविज्ञानको विकासमा पोल्यान्डेली काव्यशास्त्रले दिएको योगदान पनि उल्लेखनीय छ । एफ.सिए दलेस्की घेपन्स्ताँ, ब्रुजिका आदि शैलीविज्ञानिकहरू यसतर्फ क्रियाशील भएको देखिन्छ । यसका साथै जर्मनेली शैलीविज्ञानतर्फ कार्ल बोस्लर र लियो स्पिटजरको नाम अग्रपङ्क्तिमा छ ।

बेलायत तथा अमेरिकामा शैलीविज्ञानको विकास हुनथालेपछि यसलाई उत्तरवर्ती एवम् उर्वर तुल्याउन भारतीय भाषाका प्रबुद्ध विद्वान्हरू सक्रिय रहे । यसतर्फ विद्यानिवास मिश्र, रविन्द्रनाथ श्रीवास्तव, नगेन्द्र, सुरेशकुमार आदि उल्लेखय छन् । भारतीय साहित्यतर्फ हिन्दीका अतिरिक्त अन्य विकसित भाषामा शैलीविज्ञानिक अध्ययनको क्रम अघि बढेको छ । पाश्चात्य साहित्यमा विकसित शैलीविज्ञान विशेषत : बीसौं शताब्दीको प्रारम्भमा नै जन्मेर अमेरिकी क्षेत्र र अझ विश्वभर नै व्यापक र लोकप्रिय बनेको कुरामा कुनै सन्देह छैन । पाश्चात्य साहित्यशास्त्र, वक्तृताशास्त्र र सौन्दर्यशास्त्रका परम्पराहरूमा प्राचीनकालदेखि नै शैली चिन्तनको क्रम चल्दै आए पनि, भाषिक व्याकरण तथा साहित्यक विधासँग यसको सम्बन्ध रहेपनि वर्णनात्मक संरचनावादी भाषाविज्ञानको जन्म र विकास र त्यसैको सापेक्षतामा साहित्यिक भाषा र शैलीको अध्ययन गर्ने वैज्ञानिक चिन्तनको थालनीसँगै यसको विकास भएको हो । उक्त क्रममा बीसौं शताब्दीको प्रथम चरणमा रूसी रूपवादले भाषाको बैज्ञानिक अध्ययन गर्ने कार्यको थालनी गऱ्यो । त्यसपछि कमशःचेक संरचनावाद, फ्रान्सेली पाठपरक समालोचना, एङलो अमेरिकी नव समालोचना, सिकागो मण्डली आदिले शैलीविज्ञानको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । जे होस् पश्चिमबाट विकसित शैलीविज्ञान भाषा वैज्ञानिक र साहित्यशास्त्रीय दोहोरो अनुप्रयोगबाट साहित्यिक कृतिको विश्लेषण गर्नमा प्रयत्नशील छ । नेपाली भाषामा समेत शैलीवैज्ञानिक अध्ययनले निकै

लोकप्रियता प्राप्त गरिसकेको छ । यसका प्रमुख अध्येताहरूमा मोहनराज शर्मा, धनश्याम नेपाल, इन्द्रबहादुर राई, अभि सुवेदी, कृष्ण गौतम आदि पर्दछन् । यी मध्ये तुलनात्मक रूपमा मोहनराज शर्मा नै यस क्षेत्रमा बढी सक्रिय र लोकप्रिय छन् । शैलीविज्ञानको प्रवेश एवम् विकासले नेपाली साहित्यका अध्येताहरूमा वैज्ञानिक वस्तुपरक, वर्णनात्मक, एवं विश्लेषणात्मक दृष्टिकोणको विकासमा नयाँ नयाँ आयामहरू थपिदै जानेकुरामा आशावादी हुन सकिन्छ ।


## २.४ शैलीविज्ञानको सैद्धान्तिक स्वरूप :

शैलीविज्ञान सिद्धान्ततः भाषाविज्ञान र साहित्यशास्त्रका समन्वयबाट निर्मित शास्त्र हो । साहित्यिक कृतिको भाषिक पक्षको अध्ययन गर्ने हुँदा यो भाषा विज्ञानसँग सम्बन्धित छ भने कृतिमा अन्तर्निहित सौन्दर्य पक्षको पनि उद्घाटन गर्ने हुँदा यो साहित्यशास्त्र वा सौन्दर्यशास्त्र सँग पनि सम्बद्ध हुन्छ । सैद्धान्तिक रूपमा शैलीविज्ञानको सम्बन्ध साहित्यशास्त्रसँग भए तापनि यसको मूल प्रकृति चाहिँ भाषा वैज्ञानिक छ । खास कुरो के हो भने यसले आफ्ना प्रयोजनका निमित्त साहित्यशास्त्रलाई आफ्नो देशभित्र समेटेको छ । यसैगरी शैलीविज्ञानले चिन्ह विज्ञान वा प्रतीकविज्ञानबाट पनि निकै सहायता लिएको देखिन्छ (शर्मा, पूर्ववत.  :५) ।

शैलीविज्ञानले साहित्यलाई भाषिक कला मान्दछ । भाषिक कला अन्तर्गत यसले हरेक कृतिलाई एउटा भाषिक प्रतीक ठान्दछ । प्रतीक झैं मानिएको प्रत्येक साहित्यिक कृतिका दुई पक्ष (रूप) सँग सम्बन्धित हुन्छ भने कथ्य आन्तरिक पक्ष (अर्थ, सन्दर्भ) सँग सम्बन्धित हुन्छ । प्रत्येक रचना यी दुवैको समन्वयात्मक रूप हुने भएको हुँदा शैलीविज्ञानले अभिव्यक्ति वा रूपात्मक अवयवबाट कथ्य वा प्रसङ्गात्मक अवयवमा प्रवेश गर्दछ र कृतिको संरचनाको विश्लेषण गरी त्यसमा अन्तर्निहित सौन्दर्यको उद्घाटन एवं मर्मबोध गराउँछ ।

प्रत्येक साहित्यिक कृतिको एउटा मूर्त रूप हुन्छ, जसलाई रचनाको बाह्यतल भनिन्छ । यस्तै रचनाको अमूर्त रूप पनि हुन्छ, जसलाई कृतिको गहनतल भनिन्छ । शैलीविज्ञानले कृतिको बाह्यतलबाट गहनतलमा ओर्लने प्रक्रिया अँगाल्दछ । अर्थात् शैलीविज्ञानले कृतिको अमूर्त रूपलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य प्रदान गर्दछ । शब्दान्तरमा कृतिको मूर्त आकारबाट अमूर्त आकार कसरी प्राप्त गर्ने र प्राप्त अमूर्त आकारको तालमेल मूर्त आकारमा कसरी सम्बन्ध स्थापना गर्ने भन्ने कुरा शैलीविज्ञानले बताउँछ । यसलाई निम्न तालिकाबाट स्पष्ट गर्न सकिन्छ : (ऐजन : ५) ।

तालिका संख्या -१




उपर्युक्त तालिकाले शैलीविज्ञान साहित्यलाई हेर्ने नवीन दृष्टिकोण हो भन्ने कुरा देखाएको छ । यसले भाषा विज्ञानमा उपलब्ध उपकरणका मद्दतले कृतिको शैलीवैज्ञानिक अध्ययन गर्छ र विश्लेषण चाहिँ भाषा सिद्धान्तका कुनै पनि पद्धति (वर्णनात्मक, संरचनात्मक प्रयोजनक, रूपान्तरणात्मक) बाट गर्दछ (ढकाल : १२३) ।

## २.५. कृति विश्लेषणको शैलीवैज्ञानिक आधार :

शैलीका माध्यमबाट कुनै पनि कृतिको विश्लेषण एवम् मूल्याङ्कन गर्नका लागि आवश्यक पर्ने शैलीविज्ञानको सैद्धान्तिक र प्रविधिगत उपकरणहरू नै कृतिविश्लेषणका शैलीवैज्ञानिक आधारहरू हुन् । कुनै पनि कृतिको व्यवस्थित, क्रमिक र वस्तुपरक ढंगले विश्लेषण गर्नका लागि यी आधारहरूको सहयोग लिनु अनिवार्य हुन्छ । कृति विश्लेषणको शैली वैज्ञानिक आधारहरूलाई राम्रोसँग नबुझिकन शैलीवैज्ञानिक ढङ्गबाट कुनै पनि कृतिको अध्ययन गर्नुपूर्व निम्नलिखित कुरामा ध्यान दिनुपर्दछ (शर्मा, २०५५ : ५४८) ।

क) विश्लेष्य कृतिको प्रकृति के कस्तो छ ?


ख) विश्लेषकको आफ्नो ज्ञान के कति छ ?

ग) उसको आफ्नो क्षमता कस्तो छ ?

घ) उसको शक्ति र सीमा के हो ?

शैलीविश्लेषण प्रक्रियामा विशेषत : साहित्यिक संरचना र भाषिक संरचनाका कुराहरू पर्दछन् । भाषिक संरचनामा वर्णदेखि वाक्य सम्मका कोटिहरू पर्दछन् । कुनै पनि भाषामा सीमित स्वर र सीमित व्यञ्जन वर्णहरू रहेका हुन्छन् । तिनै भाषिक उपकरणहरू (वर्ण, रूप, पदावली, उपवाक्य, वाक्य) बाट नै साहित्यको सिर्जना हुन्छ । कुनैपनि साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्दा निम्न प्रक्रिया अवलम्बन गर्न सकिन्छ ।

तालिका संख्या : २




## २.५.१ साहित्यिक संरचना :

प्रत्येक साहित्यिक कृतिको आ-आफ्नो संरचना हुन्छ । संरचना भनेको कुनै वस्तु अथवा प्रस्तुत प्रसङ्गमा कुनै कृतिमा पाइने स(साना संरचक घटकहरूको कूलयोग र त्यसभन्दा बढी अरू पनि केही हो । जस्तै : मानिस, अवयव वा शरीरका लघु घटकहरूको कुल योग र त्यसभन्दा बढी अरू पनि केही हो । जस्तै : मानिस आँखा, कान, नाक, मुख, हातखुट्टा आदि विभिन्न अवयव वा शरीरका लघु घटकहरूको कुल योग हो र सो कुल योगभन्दा बढी अरू पनि केही कुरा वा व्यक्तित्व हो । (ऐजन : पृष्ठ १२५) संरचालाई बृहत् घटक पनि भनिन्छ र यो अमूर्त हुन्छ । साहित्यिक संरचनामा घटकहरूको निम्नलिखित क्रमश्रेणी वा तह पाइन्छ :

क) बनोट

बनोट वा संरचना कृतिमा पाइने घटकहरूको कुल योग हो,जस्तैः अङ्क,दृश्य,संवाद आदि लघु घटकहरूको कूल योग नाटक हो भने परिच्छेद प्रसङ्ग, घटना आदि लघुघटकहरूको कूल योग उपन्यास हो । कृतिका सन्दर्भमा उपर्युक्त अङ्क, दृश्य आदि अथवा भाग परिच्छेद आदि अथवा पङ्तिहरू क्रमश : साना घटक हुन् र शैलीविज्ञानले यिनै साना घटकहरूको वर्णन (विश्लेषण गरेर यसरी हेर्दा संरचना भएका प्रत्येक वस्तु साना वा तल्ला घटकमा विभाजित हुन्छन् तर ती आफ्ना घटकहरूमा क्रमबद्ध र श्रृङ्खलित भएर आएका हन्छन् । कृतिको अमूर्त बनोटलाई मूर्त पार्ने काम गर्छ । त्यसैले संरचनालाई वस्तुको आन्तरिक र अन्तर्सम्बन्धित नियम, विज्ञान र व्यवस्थाको समुच्चय पनि भनिन्छ (शर्मा, पूर्ववत् :२०) ।

ख) बुनोट

साहित्यिक रचनाको संरचना (बनोट) अमूर्त हुन्छ भने बुनोटचाहिँ बनोटका पर्यायधारमा पाइने लघु घटकहरूको आफ्नो कार्य हो र एउटा घटकको अर्को घटकसँग सम्बन्ध पनि हो । यस तहलाई लघु, सीमित वा खण्डात्मक साहित्यिक प्रभावको तह मानिन्छ । कथानक, पात्र, छन्द, अलङ्कार, बिम्ब, प्रतीक आदि यस अन्तर्गत पर्दछन् । यी घटकहरू देखिने वा पाठकका मनमा प्रतिविम्बित हुने भएकाले बुनोट कृतिको रूपगत पक्ष अन्तर्गत पर्दछ । यस उपकरणद्वारा शैलीविज्ञानले कृतिको रूपगत पक्ष अर्थात् छन्द, अलङ्कार अर्थ, विम्ब, प्रतीक, कथानक, चरित्र आदि कृतिगत वैयक्तिक वैशिष्ठ्यलाई केलाउँछ (ऐजन : २१) ।

## २.५.२ भाषिक संरचना :

साहित्यिक कृतिको माध्यम वा आधार सामग्री भाषा हो र भाषाको आफ्नै संरचना र व्यवस्था हुन्छ । यो बिना साहित्यिक कृतिको निर्माण सम्भव छैन । भाषाका क्रमश : तल्ला संरक्षक घटकहरूको क्रमश्रेणी वा सोपानक्रम यस प्रकार रहेका छन् :

क) ध्वनिव्यवस्था

यस अन्तर्गत कुनै पनि भाषाका खण्डीय र खण्डेत्तर ध्वनिलाई स्वर र व्यञ्जन गरी दुई किसिमबाट विभाजन गर्न सकिन्छ । उच्चारण गर्दा श्वास प्रवाहमा कुनै पनि किसिमको अवरोध नभई उच्चारित भाषिक ध्वनिहरू स्वर हुन् । यी आक्षरीक बढी श्रवणीय, सु-स्पष्ट र घोष हुन्छन् । खण्डेत्तर ध्वनि भनेको टुक्रा पार्न नसकिने ध्वनि हुन् । सामान्यत : स्वर र व्यञ्जनको गुण भएर आउने र स्वतन्त्र रूपले उच्चारण हुन नसक्ने ध्वनि खण्डेत्तर ध्वनि हुन् । यी ध्वनिहरू छुट्टै अस्तित्व लिएर आउँदैनन् । खण्डीय ध्वनिहरूसँग मिसिएर आउँदा यिनीहरूले पनि संयुक्त रूपमा आफ्नो स्पष्ट अस्तित्व राखेकै हुन्छन् । यसरी खण्डीय ध्वनिमा भाषाका स्वर व्यञ्जन वर्णहरू पर्दछन् भने खण्डेत्तर ध्वनिमा खण्डित ध्वनिसँग साथ लागेर प्रयुक्त हुने अनुशासिकता, आघात, लय, मात्रा तान आदि पर्दछन् ।

ख) शब्द व्यवस्था

विभिन्न रूपहरूको समुच्चयबाट शब्दको निर्माण हुन्छ । रूपहरू मुक्त र बुद्ध गरी दुई प्रकारका हन्छन् रूपबाट निर्मित शब्द र त्यसको अर्थसँग शब्द व्यवस्थाको सम्बन्ध हुन्छ । यसैले यसलाई रूपप्रक्रिया र अर्थ व्यवस्थासँग सम्बद्ध भाषिक संरचनाका रूपमा हेरिन्छ ।

साहित्य शब्दगत व्यापार हो । भाषामा सहचारक्रमिक ढाँचामा रहेका शब्दको चयन र विन्यासक्रमिक ढाँचामा तिनको संयोजन नै भाषिक प्रयोगको मूल ढाँचा हो । शब्दको अध्ययनका पनि दुई आधार छन् । स्रोतका दृष्टिले र प्रयोगगत स्वरूपका दृष्टिले । तत्सम, तद्भव र आगन्तुक गरी स्रोतका आधारमा शब्दका तीन रूप हुन्छन् भने प्रयोगगत स्वरूपका दृष्टिले विकारी र अविकारी गरी दुई भागमा विभाजित छन् । जे होस् शैलीवैज्ञानिक अध्ययन गर्दा प्रयोक्ताले कुन किसिमका शब्दको कसरी वा कुन रूपमा प्रयोग छ र पाठमा कस्ता शब्दको प्रयोग गरिएको छ भनेर अध्ययन गरिने काम शब्दव्यवस्था अन्तर्गत पर्दछ ।

ग) व्याकरण व्यवस्था

व्याकरण व्यवस्था अन्तर्गत कृतिमा विद्यमान सम्पूर्ण व्याकरणिक प्रयोगका अवस्थालाई नियाल्ने काम गरिन्छ । यो रूप प्रक्रिया र वाक्यविज्ञानसँग सम्बद्ध छ । व्याकरणिक विवरण दिन सकिने सबैभन्दा ठूलो भाषिक एकाइ वाक्य हो । व्याकरणको सिद्धान्तगत चर्चाभित्र वाक्यातीत घटकहरूलाई पूर्णरूपले स्वीकार र वर्णन गर्ने आधारहरू अझसम्म अप्राप्य नै रहेका छन् (नेपाल, पूर्ववत् : १३४) । व्याकरणिक धारा (लिङ्ग, वचन, पुरूष, काल, वाच्य आदि) तथा व्याकरणिक एकाइहरू (वाकय, उपवाक्य, पदसमूह, शब्द, रूपिम) आदिको व्यवस्थित अनुक्रम नै व्याकरण व्यवस्था अन्तर्गत पर्दछन् । भाषिक संरचनाभित्र कृतिमा व्याकरणिक पक्ष कस्तो छ भनी विश्लेषण गर्ने कार्य व्याकरण व्यवस्था अन्तर्गत गर्दछ ।

## २.५.३. शैली :

भाषा संरचनाको उपयुक्त क्रमश्रेणी रूपान्तरित भएर साहित्यिक संरचनाको क्रमश्रेणी बन्न पुग्छ । यस रूपान्तरलाई विशिष्ट तर अमूर्त प्रक्रिया मानिन्छ । यो प्रक्रिया यस्तो मध्यवर्ती स्थिति हो । जसको सम्बन्ध एकातिर भाषारूपी कच्च पदार्थसँग हुन्छ भने अर्कातिर कृतिरूपी तयारी मालसँग पनि हुन्छ (शर्मा, पूर्ववत : १२६) । यो सम्बन्ध एकैसाथ हुन्छ र एकैसाथ हुने यस सम्बन्धलाई शैली भनिन्छ । शैलीविज्ञानले यही सम्बन्धका सूत्रहरूलाई पहिल्याएर निम्नलिखित पक्षहरूबाट शैलीको पहिचान गर्ने प्रयास गर्छ ।

क) विकल्पन र चयन

विकल्पन

भाषामा प्रसस्त विकल्पहरू हुन्छन् । तिनै विविध विकल्पहरूको चयन गरेर स्रष्टाले साहित्यिक कृतिको निर्माण गर्दछ । नेपाली भाषामा स्वर ध्वनि तथा शब्दस्रोतमा थुप्रै

विकल्पहरू पाइन्छन् । यी मध्ये स्रष्टाले विभिन्न सन्दर्भहरूमा उपयुक्त विकल्पको छनोट गर्दछ । विकल्पको छनोटमा सन्दर्भले पनि प्रभाव पार्दछ । अर्थात् जुन भाषामा जति धेरै पयार्यहरू छन् तिनले अवस्य विविधता ल्याउँछन् । यसका साथै समावेशी तथा विपरीतार्थी शब्दपनि विकल्पहरू यसदेखि बाहेक भाषामा विद्यमान विविध भाषिक भेदले पनि शैलीको विशिष्टता प्रदान गर्छ । अर्थामा भाषाका विविध भेदहरू नै विकल्पन हुन् ।

चयन

चयन भनेको छनोट हो । शब्द आदि भाषिक एकाइको सुविचारित छनोट नै चयन हो (ढुङ्गेल, २०५९ : १३७) । सर्जकले आफ्ना शब्दभण्डारबाट सन्दर्भ अनुसार उपयुक्त वर्ण,रूप,शब्द,वाक्यतत्व आदिको चयन गर्दछ । यसरी विविध विकल्पहरूमध्ये उपयुक्त र आवश्यक विकल्प छनोट गरेर साहित्यिक रचना गर्ने कार्य विकल्पन र चयन अन्तर्गत पर्दछ । चयन विकल्पभित्रै गरिन्छ । जस्तैः नारी, अवला, रमणी, सुन्दरी, कल्याणी, आइमाई स्वास्नीमानिस आदि जस्ता थुप्रै पर्यायहरू छन् । यस्ता विकल्पहरूमध्येबाट सर्जकले आफ्नो अभिव्यक्तिको कुनै एक विकल्पको चयन गर्दछ भने त्यो अकारण हुँदैन । शैलीविज्ञानले यस्तै चयनको विशिष्टतालाई पहिल्याउने काम गर्दछ (शर्मा २०४८ : १०) । यसरी कृतिमा विद्यमान शैलीको पहिचान गरी सोका आधारमा रचनाको मूल्याङ्कन गर्न चयनको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

ख) अग्रभूमि निर्माण

रचनाको कुनै अंशलाई विशिष्ट ल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमिको निर्माण हो । शैलीविज्ञानको क्षेत्रमा अग्रभूमिनिर्माण सम्बन्धि धारणाको प्रतिपादन गर्ने श्रेय सन् १९३० मा जे मुकारोम्स्कीलाई प्राप्त छ । यो एक किसिमको युक्ति हो जसले कुनै कुरालाई ध्यानाकर्षण गराउन शीर्षीकरण गराउँछ । भाषाको सामान्य प्रयोग स्वचालित हुने र यस्तो प्रयोगलाई विशिष्ट तुल्याउन अग्रभूमिका आवश्यक हुन्छ । यसले शैली र अभिव्यक्तिमा नवीनता ल्याउँदछ परम्परागत वा ज्यादै प्रयोगमा आरूढ हुन पुगेको भाषिक एकाइलाई नवीनता दिँदै अघि सार्नु भनेको अग्रभूमि निर्माण हो (ढकाल, पूर्ववत् : १३) । स्रष्टाले अग्रभूमिको निर्माण निम्नलिखित दुई तरिकाहरूबाट गर्छ :

ग) विचलन

यो समानान्तरको विपरीत तत्व हो । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ । हरेक भाषाका आ(आफ्नै नियम हुन्छन् । भाषाका ध्वनि, रूपरचना, शब्दप्रयोग, वाक्यप्रयोग अर्थाभिव्यक्ति आदिमा आ(आफ्नै व्यवस्था हुन्छन् । सामान्य भाषामा सामान्य अनुभव र अभिव्यक्तिको सामर्थ्य हुन्छ भने साहित्यिक भाषाले विशिष्ट खालको

अनुभव प्रदान गर्दछ । सामान्य भाषाको तुलनामा साहित्यिक भाषामा विचलनको तीव्रता अधिक हुन्छ । प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भनिन्छ (अधिकारी, पूर्ववत् : १३) ।

विचलनले शैलीगत चमत्कार र भाषिक सौन्दर्यको नवीनता देखाउँदछ । यो अग्रभूमि निर्माणको एउटा विशिष्ट प्रक्रिया हो । शब्दान्तरमा यसले भाषिक सौन्दर्यको पृथक र अर्थपूर्ण गोलार्धको खोजी गर्ने काम गर्दछ । जे भए पनि विचलन उद्देश्यमूलक र सार्थक हुनुपर्छ । यो निरूद्देश्य र निरर्थक भयो भने नत शैलीपरक सौन्दर्य नै प्रकट हुन्छ नत भाव गाम्भीर्यको सृजना नै (गौतम, अङ्गद), २०५३ : १४९) । साहित्यिक कृतिमा भाषिक विचलनका विभिन्न ७ प्रकार छन् । जुन निम्नासुर छन्:

क) कोशीय विचलन

नयाँशब्दको निर्माण गर्ने कार्यलाई कोशीय विचलन भनिन्छ अथवा कोशमा नभएका र सामान्य भाषिक प्रयोगमा नआएका शब्दहरूको प्रयोग नै कोशीय विचलन हो । नवीन शब्दको निर्माण र प्रचलित शब्दको संरचनामाथि आक्रमण जस्ता दुवै कुराहरू यस अन्तर्गत पर्दछन् । जस्तै फुलारू, मान्द्रिलो , उडालु जस्ता शब्दहरू पर्दछन्, जुन शब्द कोशमा प्राप्य छैनन् ।

ख) व्याकरणिक विचलन

हरेक भाषा आ(आफ्नै व्याकरणिक नियमबाट व्यवस्थित हुन्छन् । तिनै नियमभित्र बसेर आफ्ना अभिव्यक्ति प्रकट गर्नुपर्ने हुन्छ तर कतिपय सन्दर्भमा भावनाहरू पोख्ने क्रममा स्रष्टाले व्याकरणिक मर्यादालाई तोडमोड गरी साद्देश्यमूलक भावानुकुल भाषा प्रयोग गर्ने गर्दछन् । उक्त क्रममा व्याकरणिक धारा (वचत, लिङ्ग, पुरूष, काल) आदि र व्याकरणीय एकाइहरू (रूपिम, शब्द, पदसमूह, उपवाक्य, वाक्य) आदिको व्यवस्थित अनुक्रममा हुने अतिक्रमण नै व्याकरणिक विचलन हो (ढकाल, पूर्ववत् : १०२) ।

ग) ध्वनि प्रक्रियात्मक विचलन

भाषाका सबैभन्दा प्राथमिक संरचक तत्वहरू भनेका ध्वनि तथा वर्णहरू नै हुन् । यसर्थ प्रत्येक भाषाका आ(आफ्नै ध्वन्यात्मक व्यवस्था हुन्छ र यो निश्चित नियमद्वारा सु( व्यवस्थित हुन्छ । कतिपय स्रष्टाले आफ्ना रचनामा विशिष्ट प्रयोजनका लागि र कतिपयले अज्ञानतावश ध्वनिव्यवस्थाका मानक सीमाहरूले उल्लङ्घन तथा अतिक्रमण गरेका हुन्छन् । यो नै ध्वनि प्रक्रियात्मक विचलन हो । जस्तै : यसले -यल्ले, बहिनी-बुइनी, पाहाड-पहाड जस्ता शब्दहरू प्रयोग गर्दा ध्वनि प्रक्रियात्मक विचलन देखिन्छ ।

घ) लेख्य प्रक्रियात्मक विचलन

स्रष्टाले आफ्ना अभिव्यक्तिलाई विशिष्ट ढङ्गबाट प्रस्तुत गर्न शब्दबाट मात्र सम्भव नदेखी विशेष प्रकारका चिन्हहरूको प्रयोग गरेको स्थितिलाई लेख्यप्रक्रियात्मक विचलन भनिन्छ (गौतम, २०५३ : १६१) । नेपाली भाषाको लेख्य प्रक्रियामा देवनागरी लिपिका माध्यमबाट शब्द र वाक्यको सुनिश्चित आलेख गरिन्छ तर यस नियमको अतिक्रमण गरी शब्द र वाक्यलाई अनियमित विन्यासद्वारा तोडमोड गरेर कलाको अनौठो रूप प्रस्तुत गरिन्छ । यो नै वास्तवमा लेख्यप्रक्रियात्मक विचलन हो ।

ङ) अर्थतात्त्विक विचलन

अर्थमा आउने विचलन अर्थतात्विक विचलन हो । साहित्यमा आलङकारिक वा ध्वन्यात्मक अर्थ प्रतिपादनका लागि कोशीय अथवा मानक अर्थको अतिक्रमण नै अर्थतात्विक विचलन हो ( ऐजन : १५७) । यस प्रकारका विचलन अभिव्यक्तिका क्रममा वैयक्तिक युगविशेष तथा धाराविशेष गरी विभिन्न प्रकारका देखिन्छन् (तिवारी, पूर्ववत् : ६४) । यो बिम्ब निर्माणको एक विशिष्ट प्रक्रिया हो । स्रष्टाले अभिव्यक्तिको कतिपय सन्दर्भमा प्रस्तुत शब्दहरूले लक्षणात्मक व्यञ्जनात्मक बिम्बात्मक, प्रतिकात्मक आदि अन्य अर्थ प्रतिपादन गरेका हुन्छन् । यसले कृतिलाई सुन्दर र जीवन्त राख्न ठूलो मद्दत पुचाएका हुन्छन् । जे होस् विचलनको सबैभन्दा सार्थक, उर्वरशील र सुन्दर रूप भनेको अर्थतात्विक विचलन हो र यो सार्थक एवम् उद्देश्यपूर्ण हुनुपर्दछ ।

च) भाषिका विचलन

साहित्यकारले आफ्नो रचनालाई विशिष्ट बनाउने क्रममा भाषिकाहरूको विशेषताको प्रयोग पनि गर्दछन् भने त्यसलाई भाषिका विचलन भनिन्छ । मानक वा स्तरीय भाषिकाका बीच(बीचमा अन्य भाषिकागत विशेषताको प्रयोग गर्नु भाषिका विचलन हो । सिर्जनात्मक लेखनका क्रममा कुनै खास प्रयोजनका लागि कुनै खास भाषिकाको उपयोग पर्दछ, यो आञ्चलिक पर्यावरण लेखेका विभिन्न रचनाहरूमा भेटिन्छ ।

छ) प्रयुक्ति विचलन

एउटा परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नुपर्ने भाषालाई अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नु नै प्रयुक्ति विचलन हो । हरेक विषयक्षेत्रभित्र भाषाको आफ्नै प्रयोजनपरक निजत्व हुन्छ । जस्तै : विज्ञान र प्रविधिमा प्रयोग गरिएको भाषा वाणिज्यको भाषाभन्दा फरक हुन्छ । यी विभिन्न विषयक्षेत्रका भाषाभन्दा साहित्यको भाषा पृथक् हुन्छ । विषय क्षेत्रका आधारमा हुने भाषाको यही भेद नै प्रयोजनपरक वा प्रकार्यपरक प्रयुक्ति हो ।

उपयुक्त विचलनहरूमध्ये कुन-कुन विचलनको अध्ययन विश्लेषण गर्ने अथवा सबै प्रकारका विचलनका आधारमा कृतिको विश्लेषण गर्ने भन्ने कुराको निर्धारण विश्लेषण गर्न लागेको कृतिको प्रकृति र विश्लेषणको आवश्यकता हेरेर निर्धारण गरिन्छ ।

## समानान्तरता

भाषा प्रयोगमा देखिने नियमित पुनरावृत्ति नै समानान्तरता हो । कुनै एक किसिमको व्याकरणिक संरचना वा भाषिक एकाइ एउटै क्रममा एक वा अधिकचोटि दोहोरिएर प्रयोगमा आउँदा समानान्तरता हुन्छ (शर्मा, पूर्ववत : २२) । यो विचलनको विपरीत देखापर्ने उपकरण हो । विचलन अनियमितता हो भने समानान्तरताचाहिँ अतिरिक्त अनियमितता हो ।

समानान्तरतामा स्थापित ढाँचालाई भङ्ग नगरीकन ध्यानाकर्षण गर्ने काम गरिन्छ र यो सार्थक हुनपर्दछ । यो व्याकरणिक छन्द, अलङकार आदिको नियममुताबिक भाषाको अनुशासित प्रयोग तथा नियमित पुनरावृत्तिबाट निर्माण हुने शैलीय विशेषता हो (ढकाल, २०५० र ७८) । समानान्तरतालाई बाह्य र आन्तरिक गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

### १) बाह्य समानान्तरता

साहित्यिक कृतिको आवरण पक्ष वर्ण, मात्रा, लय, छन्द आदिसँग सम्बद्ध आवृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । बाह्य समानान्तरता स्थल हुने र यो शब्द बैचित्र्य वा शब्दालङ्कारको रूपमा देखा पर्दछ (अधिकारी, पूर्ववत् : १५) । यो वर्णगत, रूपगत, वाक्यगत, अर्थगत आदि विभिन्न तहमा मूर्त रूपमा भेटिन्छ । यसरी हेर्दा भाषिक प्रयोगका सन्दर्भमा उपस्थित हुने विभिन्न भाषिक संरचनागत तहहरूको पुनरावृत्तिले बाह्य समानान्तरताको सङ्केत गर्दछ ।

### २) आन्तरिक समानान्तरता

अर्थ वा भाव स्तरको पुनरावृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । आन्तरिक समानान्तरता अर्थगत पुनरावृत्तिका रूपमा अभिव्यक्तिमा निहित हुन्छ (ऐजन) । बाह्य समानान्तरता मूर्त खालको हुन्छ भने आन्तरिक समानान्तरता अमूर्त खालको हुन्छ (लम्साल, पूर्ववत : ४०) । आन्तरिक समानान्तरता भावगत तहमा हुने भएकोले यो अलङ्कार, बिम्ब,प्रतीक, रस आदिका माध्यमबाट प्रकट हुन्छ र यसले रचनामा निहित आन्तरिक पक्षलाई उजागर गरेको हुन्छ ।

क) अन्यरविविधता

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखा पर्दछन् र यिनै भेदहरूलाई विविधता भनिन्छ । साहित्यिक कृतिहरूमा यस्ता अनेक प्रकारका विविधताहरू देख्न पाइन्छ । शैलीविज्ञानले प्रयुक्तिका आधारमा कृतिमा प्रयुक्त विविधताको विश्लेषण गर्छ ।

उपयुक्त प्रक्रियाबाट कृतिको विश्लेषण गरेर शैलीविज्ञानले रचनाको बाह्यतलबाट गहनतलमा प्रवेश गर्छ । साथै यसले वस्तुवादी र भाषावादी दृष्टिबाट कृतिको सौन्दर्यको उद्घाटन गर्दै त्यसको मूल्याङ्कन समेत गर्दछ । कृति विश्लेषणका शैलीवैज्ञानिक आधारहरू विज्ञानमा आधारित छन् । त्यसैले समालोचनाका क्षेत्रमा यो प्रक्रिया वस्तुतथ्यमा आधारित र वैज्ञानिक छ ।

# अध्याय- तीन

# बनोट र बुनोटका आधारमा नारी-सन्देश काव्यको विश्लेषण

## ३.१. बनोट :

बनोट साहित्यिक कृतिमा पाइने साना घटकहरूको कुल योग हो । कृतिमा भएका अङ्क, भाग, दृश्य, संवाद, परिच्छेद, प्रसङ्ग, घटना आदिजस्ता साहित्यिक कृतिगत घटकहरूको समष्टि रूप हो-बनोट । शैलीविज्ञानले यस्ता खालका घटकहरूको वर्णन विश्लेषण गर्दै कृतिको अमूर्त बनोटलाई मूर्त रूपमा प्रस्तुत गर्दछ ।

बनोटका दृष्टिले नारी-सन्देश काव्यलाई नियाल्दा तीन खण्डमा वर्गीकरण गरिएको पाइन्छ । पहिलो प्रस्तावना खण्ड रहेको छ । यसमा ४७ श्लोक रहेका छन् । यसको आरम्भ मङ्गलाचरणबाट भएको छ । यसमा पात्रको सूक्ष्म सङ्केतमात्र पाउन सकिन्छ । दोस्रो खण्डमा ३१३ श्लोक रहेका छन् । यसको आख्यान अत्यन्त झिनो छ । पात्रचयन ४० श्लोकसम्म मात्र झल्याकझुलुक देखिएका छन् । पात्रहरू प्रकृति, दानवी, मानवी, दैवी सबै रहेका छन् । ४० श्लोकबाट तेस्रो खण्डको समाप्ति सम्म नै पूरै काव्यकारको वैचारिक तर्क हावी भएर आएका छन् । यसलाई काव्यकारले उपसंहारको रूपमा चिनाएका छन् । यसरी सिङ्गो काव्यकृतिको निर्माण भएको छ ।

## ३.२ बुनोट :

साहित्यिक कृतिको दृश्य, मूर्त वा पठनीय रूप नै बुनोट हो । यसमा कृतिको लघु घटकहरू जस्तैः-कथानक, चरित्र, छन्द, अलङ्कार, बिम्ब-प्रतीक, अर्थ आदि पर्दछन् । यस्ता लघु घटकहरू स्थानिक हुन्छन् । शैलविज्ञानले यस्ता घटकहरूको छानबिन गरी कृतिको समग्र पक्षको विश्लेषण गर्दछ । बुनोटको दृश्यले नारी-सन्देश काव्यको अध्ययन गर्न कथानक, चरित्र, उद्देश्य, अलङ्कार, छन्द विधानलाई मुख्य आधार बनाइएको छ ।

### ३.२.१ कथानक वा कथावस्तु

आख्यानात्मक विधामा कथानकलाई महत्वपूर्ण तत्वका रूपमा लिइन्छ । काव्यलाई फुटकर कविताबाट अलग्याउने प्रमुख तत्त्व नै कथानक हो । यो पात्रद्वारा गरिने कार्य र त्यही कार्यमा घट्ने विभिन्न घटनाहरूको योजनाबद्ध ढाँचा हो । प्रस्तुत नारी-सन्देश काव्यमा सूक्ष्म कथावस्तु रहेको छ । झिनो आख्यानका माध्यमबाट सामाजिक विकृति र विसङ्गतिका कुराहरू काव्यमा प्रस्तुत भएका छन् । मुख्यातया नारीहरू कसरी दासी बने ? वर्तमानमा नारीहरूको पुरूषसंगको अन्तर्सम्वन्ध कस्तो छ ? आदि जस्ता प्रश्नात्मक विषयस्रोत यस काव्यले उठाएको मूल विषय हो । यस काव्यलाई संरचनाका दृष्टिले

मुख्यतया प्रस्तावना नारी सन्देश र उपसंहार गरी तीन खण्डमा विभाजन गरेको छ । यही विभाजन अनुसार कथावस्तु वा कथानकलाई उल्लेख गरिएको छ ।

प्रस्तुत काव्यको आरम्भ प्रस्तावनाका रूपमा भएको छ । प्रस्तावना खण्डमा ४७ श्लोक रहेका छन् । यसको आरम्भ मङ्गलाचरणबाट भएको छ । यहाँ घिमिरेले कवितालाई पृथ्वीका सुन्दर वन बगैंचामा घुम्ने आराध्यदेवीका रूपमा पूजा गरेका छन् । सधैं यौवन बोकी बगैंचा बगैंचामा डुल्ने कर्मीमार्गी कवितालाई घिमिरे सपना विपना सबैतिर जप्न चाहन्छन् । यहाँ घिमिरेको काव्यप्रतिको दृष्टिकोण आशीर्वादात्मक मङ्गलाचरणका रूपमा रहेको देखिन्छ ।

यस काव्यको कथानक वा विषयको आरम्भ प्रकृतिपरक छ । प्रकृति शून्य भएको बेला हावाको गति अति मन्द रहेको बेला अचानक आकाशमा गड्गडाहट आरम्भ हुन्छ । प्रकृतिमा रहेका जीवजन्तुहरू सबै लामो निद्राबाट बिउँझिए झैं गर्छन् । मुसलधारे पानी बर्सन्छ र आकाशमा चम्किएका प्रत्येक लामा बाङ्गा टिङ्गा बिजुलीहरूले चिर निद्रामा सुतिरहेका सबै नारीहरूलाई व्युँझन आग्रह गर्दछ ।

क्रमिक रूपमा यसको कथानक अगाडि बढेको छ । घिमिरेले मानवेतेर पात्र (प्रकृति) लाई आफ्नो मुखपात्र बनाइ यसको विषयवस्तु अगाडि बढाएका छन् । यहाँ आरम्भमा सत्ययुगतिरको सामाजिक इतिहाससम्म खोतल्ने प्रयास गरिएको छ । सत्ययुगमा स्थानगत दृष्टिले नारी र पुरूष समान थिए । कुनै विभेद थिएन,जातपात थिएन,गाँसबासको व्यवस्थामा नारी र पुरूष दुवै समान रूपले जुटेका थिए । भाषामा एकरूपता थियो । कन्दमूल भएपनि दुवै बाँडिचुँडी खान्थे । दुवै हृष्टपुष्ट रहन्थे तर सत्ययुगको अन्त्य पूर्व र ऋषियुगको आरम्भसंग लैङ्गिगिय विभेदताको जन्म हुन्छ । दुईथरी चरित्रहरू देखा पर्दछन् । एकथरी दानवकेन्द्रित बन्न पुग्छन् भने अर्कोथरीमा देवत्व कायमै रहन्छ । क्रमिक रूपले पूँजीवादको उदय हुन्छ । अधिकारका कुराहरू उठ्न थाल्छन् । देवपक्ष र दानवपक्षको युद्ध आरम्भ हुन्छ । युद्धमा मृत्यु हुनेमा बढीमात्रामा पुरूषहरू नै हुन्छन् । विधवाहरूमा सतिप्रथा त कायम रहे पनि विधवा नारीलाई वेदीमा लगी रेटिने समेत गरिन्छ । यसरी पुरूषहरूको नारीमाथिको दमन शुरू हुन्छ ।

काव्यकारले नारीहरू कसरी गहनामा बाँधिन पुगे भन्ने कुरालाई समेत व्याख्या गरेका छन् । उनका अनुसार नारी हत्याले अचाक्ली रूप लिएपछि अथवा देव र दानवको युद्धमा देवहरूको पराजयपछि देवका राम्रा राम्रा श्रीमती तथा उनीहरूका पुत्रीलाई दानवले सिल नत्थी गरी, पटुकी खिची नाक-कानबीच नत्थी लगाइ आफूले राज गरेको स्वर्गतर्फ लगेर यहाँ तिमीहरूको कर्म यही हो भन्दै विभिन्न यातनाहरू दिए । यसरी आरम्भ भएको

दासीगत गहनाको प्रचलन वर्तमानसम्म रहँदा अझ पनि दासत्वको गन्ध आइरहने काव्यकार बताउँछन् ।

घिमिरेका कथनमा विश्वका सम्पूर्ण धर्महरूमध्ये मानवधर्म मूल धर्म हो । उनी धर्मका विविध रूपहरमध्ये प्रकृतिचाहिँ मूलस्रोत रहेको कुरालाई प्रष्ट पार्दछन् । उनी जोड दिदैं भन्छन्: प्रकृतिको सत्यतामा मात्र संसारिक सत्यता अनि धर्म प्राजल्यको ज्योतिले मात्र जनमासभित्र भरिलो फूल फुल्दछ । काव्यकार धर्मको आडमा रहेर मान्छेले मान्छेप्रति गर्दै आएको अन्यायप्रति रोष प्रकट गर्दछन् । मूर्ति बनाउने मूर्तिकारहरू पूजा गर्न अयोग्यसिद्ध भएका छन् । कूप गाड्ने कर्मीहरू पानीबाट वञ्चित छन् भने घर बनाउने ज्यामीहरू घरभित्र पस्न अछुत छन् । यो धर्मको नाममा गरिएको मानवीय अन्याय हो भन्ने मूल विषयलाई काव्यकारले आत्मसात गरेका छन् ।

यस काव्यको तेस्रो खण्ड जसलाई काव्यकारले उपसंहार भनेर चिनाएका छन् । यस खण्डमा १८ श्लोक रहेका छन् । यस काव्यको समग्रता भनेको नै यहाका १८ श्लोकले व्यक्त गरेको सत्य तथ्याङ्क नै हो । यहाँ काव्यकार कल्ली र वाईंबाट माथि उठ्न आजका आधुनिक मानिने नारीहरूलाई आग्रह गर्छन । झिल्केमिल्के प्रचूर गहना लगाएर ठाँटिएर हिँड्ने आजका असङ्ख्य नारीहरूप्रति काव्यकार खेद व्यक्त गर्दछन् । उनीहरू जति प्राज्ञ बन्दै जान्छन् । त्यति अनभिज्ञ बनेका छन् । घिमिरे यसप्रति रूष्ट भएका पाइन्छन् ।

### ३.२.२ पात्र वा चरित्र :

काव्यको महत्त्वपूर्ण तत्त्वहरूमध्ये कथानकपछि पात्रपात्रा वा चरित्र पर्दछ । यो व्यक्तिको गुण र दोषलाई प्रकट गर्ने आधार हो । काव्य आख्यानात्मक विधा भएको काव्यको कथानकलाई चरित्रले नै अग्रगति प्रदान गर्छ । कथावस्तुका सम्पूर्ण घटना र कार्य पात्रमा निहित हुने भएकोले यसलाई गतिशील बनाइ काव्यत्व प्रदान गर्ने कार्यमा पात्रको महत्त्वपूर्ण भूमिका हुन्छ ।

पात्रचयनका दृष्टिले नारी-सन्देश काव्यमा प्रत्यक्ष पात्रहरूको त्यति ठूलो सहभागिता देखिदैंन । यहाँको मूलपात्र प्रकृतिकक्षी झिलिकमिलिक गरी गड्कने चट्याङ नै हो । काव्यकारका स्मरणमा आएका अन्य पात्रहरू देव, दानव, देवर्षि, ऋषिहरू यस काव्यका सहायक पात्रहरू हुन् भने पुरूषजाति र स्त्रीजातिलाई पनि प्रमुख पात्रको रूपमा लिन सकिन्छ । प्रस्तुत नारी-सन्देश काव्य विचारपरक भएकाले यसमा पात्र सङ्ख्या अत्यन्त कम रहेको पाइन्छ । यसमा पात्रगत दुर्वलता र कवित्वमा बढी जोड दिएको छ । श्रृङ्खलाबद्ध रूपमा पात्रको चयन नभएकाले र गतिशील र मञ्चीय पात्र नभएकोले तालिकामा वर्गीकरण गर्न नसकिने अवस्था यस काव्यमा रहेको छ ।

### ३.२.३ उद्देश्य :

सर्जकले कुनै न कुनै उद्देश्य लिएर नै काव्यको सिर्जना गरेको हुन्छ । त्यसैले जीवनदृष्टि वा उद्देश्यलाई काव्यको महत्त्वपूर्ण अङ्ग मानिन्छ । नारी-सन्देश काव्यमा काव्यकारको मूल चेतना सन्देशपरक छ । उनी विश्वका नारीहरूलाई आत्मअधिकारका निम्ति आफैं नै विद्रोहको स्वर उराल्न सङ्गठित गर्दछन् । विचारको उत्प्रेरणा दिंदै उनीहरूलाई आगोको राप बन्न आग्रह गर्दछन् भने बत्ती झैं हुर्हुराउँदै विश्वलाई उज्यालो छर्न अनुरोध गर्दछन् । समाजमा नारीजातिले भोगेका अनेक प्रकारका हिंसालाई सफल तरिकाले चित्रण गर्दै सम्पूर्ण नारीहरूले नवजागरण लिएर धार्मिक अन्धविश्वास पन्छाएर आफ्नो अधिकार खोज्न सङ्घर्ष गर्नुपर्छ भन्ने सन्देश छर्नु नै यस काव्यको मूल उद्देश्य रहेको छ । पितृसत्तात्मक हैकमीतन्त्रको अन्त्य गर्न अनि समतामूलक मानव समाजको निर्माण गर्न घिमिरेले अनेक पङ्क्तिमा व्यङ्ग्य स्वर उरालेका छन् । समाजमा देखिएको असमानताको अन्त्य गरी न्यायमूलक समाजको निर्माण गर्न नारीवर्गलाई मात्र नभइ सचेतवर्गमा समेत आग्रह गरिएको छ । यिनै सन्दर्भहरूलाई अभिव्यक्ति गर्नु काव्यको मूल उद्देश्य रहेको देखिन्छ ।

### ३.२.४ अलङ्कारको प्रयोग :

अलङ्कारको शाब्दिक अर्थ आभूषण वा गहना भन्ने हुन्छ । काव्यको सन्दर्भमा यसलाई काव्यको गहना मानिन्छ । काव्यको गहना भन्नाले काव्यको सौन्दर्यलाई पनि र त्यसको सौन्दर्यको कारक (उपमादि अलङ्कार) लाई पनि जनाउँछ (शर्मा र लुइटेल,२०६३ :५८) । प्रस्तुत नारी-सन्देश काव्यमा शव्दालङ्कार र अर्थालङ्कार दुवै प्रयोग गरिएको पाइन्छ । विशेषतः रूपक, अनुप्रास, उपमा, उत्प्रेक्षा, स्वभावोक्ति आदि अलङ्कार प्रमुख रहेका छन् । यसका केही उदाहरणहरू तलक प्रस्तुत गरिएका छन् :-

१. कविता मठमा कति पुष्प चढे
कति शङ्ख बजे कति घण्ट बजे
कति धूप जले,कति दीप जले
कविता रिझिइन् नत अर्चनले । पृष्ठ-२,श्लोक-९

माथिको श्लोकमा रेखाङ्कित शब्द चढे, बजे, जले, नले जस्ता शब्दहरूको पुनरावृत्ति भएकाले अन्त्यानुप्रास भएको छ ।

२. मिल्छे तै कविता भनी कति हिँडे भेटिन्न कहीँ पनि
घुम्छन् बादल झैं मनस्थितिहरू आशा उसैको गरी । पृष्ठ-७ श्लोक-४०

माथिको श्लोकमा मनस्थितिहरूलाई बादलजस्तै घुम्ने वस्तुका रूपमा प्रस्तुत गरी उपमा अलङ्कारको सिर्जना गरिएको छ ।

३. यौंटा चक्का गुड्डु गुड्दा चल्न सक्दैन गाडी
दायाँबायाँ दुईतिर हुँदा मिल्न सक्दैन साडी
यस्ता उस्ता कथित कविता पढ्दछ्यौ छैन बुद्धि
अझ्झै डुब्छौ प्रमिल रहमा साफ पारेर सुद्धि । पृष्ठ-६१, श्लोक-३

माथिको श्लोकमा स्वभाविक रूपले स्वभावोक्ति अलङ्कार आएको छ । यहाँ एउटा चक्काले मात्र गाडी गुड्न नसक्ने र दायाँबायाँ दुवैतिर हुँदा साडी मिल्न नसक्ने कुरा स्वभाविक रूपले आएको हुँदा स्वभावोक्ति अलङ्कार देखिन्छ ।

माथिका उदाहरणहरूमा देखाइएका अलङ्कार प्रयोगका केही उदाहरण मात्र हुन् । काव्यमा प्रशस्त विभिन्न अलङ्कारको प्रयोग गरिएको छ । जसले गर्दा काव्यको भाषामा सुन्दरता थपिनका साथै काव्यले भाषिक जीवन्तता पाएको देखिन्छ ।

### ३.२.५ छन्द :

संस्कृत भाषाको छन्द् धातुमा असुन प्रत्यय जोडिएर छन्द शब्दको निर्माण भएको हो । यसको शाब्दिक अर्थ प्रसन्न गर्ने,बाँध्ने वा रक्षा गर्ने तत्व भन्ने बुझिन्छ । छन्दले कविताका माध्यमबाट लयात्मक अनुभूति प्रदान गरेर प्रसन्नता दिन्छ अनि त्यही प्रसन्नताबाट भावलाई निश्चित सीमामा बाँधेर पाठकसामु पस्कन्छ । छन्दको इतिहास मानिसको लयात्मक अभिव्यक्ति- संग गाँसिएर आएको देखिन्छ । मानिसका लयात्मक भावावेगलाई नियमित गराउने बाह्य तत्वका रूपमा छन्दको इतिहास जोडिएको छ अथवा लयात्मक अभिव्यक्ति कला नै छन्दको प्राण हो भन्न सकिन्छ ।

काव्यकार घिमिरे आरम्भबाट नै शास्त्रीय छन्दमा कविता रचना गर्ने कवि हुन् । उनको नारी-सन्देश"काव्य पनि शास्त्रीय छन्दमा रचित छ । उनको यस काव्यमा विभिन्न छन्दहरूको प्रयोग भएको पाइन्छ । यस काव्यलाई घिमिरेले तीन खण्डमा विभाजन गरेका छन् । जसमध्ये पहिलो खण्ड प्रस्तावना रहेको छ । यसमा ४७ श्लोक छन् । त्यस्तै दोस्रो खण्ड यस काव्यको मध्य खण्ड हो । यस खण्डमा ३१३ श्लोक रहेका छन् भने तेस्रो खण्ड उपसंहार खण्ड रहेको छ । यसमा १८ श्लोक रहेका छन् । यी तीनै खण्डमा विभिन्न छन्दको प्रयोग गरिएको छ । ती हुन्:- तोटक छन्द, शार्दुलविक्रीडित छन्द, स्वगता छन्द, मन्दाकान्त छन्द आदि ।

यसरी हेर्दा यो काव्य छन्दका दृष्टिमा सफल काव्य मान्न सकिन्छ । विभिन्न छन्दको प्रयोग सफल रूपमा भएकाले काव्य लयात्मक बन्नुका साथै कर्णप्रिय बनेको छ ।

# अध्याय-चार

# शैलीविज्ञानका आधारमा नारी-सन्देश काव्यको विश्लेषण

## ४.१ चयनका आधारमा नारी-सन्देश काव्यको विश्लेषण :

भावाभिव्यक्तिको सशक्त माध्यम भाषा हो । त्यसैले सर्जकले आफ्नो अभिव्यक्तिको माध्यम भाषालाई बनाएको हुन्छ । कृतिमा भाषिक अभिव्यक्तिलाई प्रभावकारी बनाउनका लगि विशिष्ट र उपयुक्त भाषिक चयन गर्नुपर्दछ । साहित्यिक अभिव्यक्तिको विविधताका लगि भाषाका विकल्पहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले यसका लगि विभिन्न विकल्पहरू मध्ये उपयुक्त मर्मस्पर्शी र सार्थक शब्दहरूको छनौट गर्नु चाहिँ चयन हो ।

कृतिगत शैलीको पहिचान गर्ने र सो आधारमा कृतिको मूल्याङ्कनका निम्ति चयनको भूमिका महत्वपूर्ण हुन्छ । शब्द आदि भाषिक एकाइको सुविचारित छनौटलाई चयन भनिन्छ (शर्मा,२०५९:१०)। आफ्नो कृतिमा कृतिकारले कुनै कुराको अभिव्यक्ति गर्ने क्रममा उपलब्ध विभिन्न विकल्पमध्ये कुनै एउटा विकल्पको छनौट गर्नु नै चयन हो । भाषिक प्रयोग गर्ने सम्बन्धमा उपयुक्त र प्रभावकारी भाषिक एकाइहरूको छनौट गर्दछ । समानान्तर विकल्पपनको सापेक्षतामा मात्र उपयुक्त चयनको प्रयोग हुन सक्छ ।

प्रस्तुत नारी-सन्देश काव्यको भाषिक चयन (शब्द, चिन्ह प्रयोग) का आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

### ४.१.१ शब्द चयन :

भाषाको न्यूनतम सार्थक एकाइ शब्द हो । शब्दको चयनमा कृतिकारले विशेष अभिरूचि राखेको हुनसक्छ । साहित्य सर्जकले एउटै अर्थ प्रकट गर्ने भाषामा पाइने अनेक शब्दहरूको विकल्पमध्ये एउटाको छनौट गरेको हुन्छ । त्यसैले शब्द चयन प्रक्रिया व्यक्ति विशेषमा निर्भर गर्दछ । काव्यकार गोबिन्द घिमिरद्वारा नारी-सन्देश काव्यमा गरिएका शब्द चयनलाई आधार मानी अध्ययन विश्लेषण गरिएको छ । यसमा तत्सम शब्द,तद्भव शब्द, आगन्तुक शब्द,झर्रा तथा अनुकरणात्मक शब्द, विशिष्ट नाम, सर्वना, विशेषण, क्रिया, क्रिया-विशेषण, नामयोगी, विस्मयादिबोधक, संयोजक, निपात आदिको चयनका उदाहरणहरूलाई निम्नानुसार हेर्न सकिन्छ -

#### ४.१.१.१ तत्सम शब्दचयन :

नेपाली भाषाको जननी संस्कृत भाषा हो । त्यसैले नेपाली भाषामा प्रयोग हुने अधिकांश शब्दहरू संस्कृतका छन् । संस्कृतबाट जस्ताको तस्तै अर्थात रूप नबदलिकन

नेपाली भाषामा प्रयोग भएका शब्दहरूलाई तत्सम शब्द भनिन्छ । यस काव्यमा भएका तत्सम शब्द- प्रयोगका केही उदाहरूणहरूलाई निम्नानुसार देखाउन सकिन्छ-

क) धरणीतलका वन-वाग घुम्यो (पृष्ठ-१, श्लोकः १ )

ख) हुन्छन् मुग्ध मनुष्य मुग्ध हुनमा कस्तो छ तात्पर्यता (पृष्ठ-७, श्लोक : ४२)

ग) स्वर्ग-मर्त्य विचमै न भएकी (पृष्ठ-१४, श्लोक : ३५)

घ) पुष्पका पवनको परि गन्ध (पृष्ठ-२२, श्लोक : ८०)

ङ) अट्टहास गरि हाँस्तछ धर्म (पृष्ठ-३३, श्लोक : १४४)

च) धर्मि हो प्रकृति पारख कर्मी (पृष्ठ-४०, श्लोक : १८९)

छ) दैत्यका दमनको प्रतिशोध (पृष्ठ-५०, श्लोक : २५०)

ज) देव-दैत्य अथवा दनुजा हो (पृष्ठ-५१, श्लोक : २५३)

झ) कर्मले मनुज पुजित हुन्छ (पृष्ठ-५६, श्लोक : २८७)

ञ) उष्ण सूर्य उहि हो उहि ताप (पृष्ठ-५८, श्लोक : २९५)

ट) इच्छा राखे साजग मनले पुग्दछ्यौ व्योम पारी (पृष्ठ-६२, श्लोक : ९)

ठ) पार्दै जाऊ वदन भरिलो सौष्ठवी हो प्रवल्या (पृष्ठ-६३, श्लोक : ११)

ड) कोही छैनन अजर भवमा जन्मको अर्थ खोज (पृष्ठ-६४, श्लोक : १७)

माथि रेखाङ्कित गरिएका शब्दहरू नारी-सन्देश काव्यमा प्रयुक्त तत्सम शब्दका केही उदाहरणहरू हुन् । यस्ता शब्दहरू काव्यमा सार्थक रूपमा प्रयोग भएका छन् । काव्यकारद्वारा यस काव्यमा प्रशस्तमात्रामा तत्सम शब्दको स्वतन्त्र चयन गरी प्रयोग गरिएको छ । यस्तो विभिन्न विकल्पहरूमध्येबाट गरिएको तत्समा शब्दको चयनले काव्यको भावाभिव्यक्तिलाई अर्थपूर्ण तथा तिख्खर बनाउनका साथै काव्यको भाषालाई प्रभावकारी र शैलीलाई विशिष्ट बनाएको पाइन्छ ।

### ४.१.१.२ तद्भव शब्द चयन :

पुर्ख्यौली भाषा संस्कृतबाट प्राकृत, अपभ्रंश हुँदै रूप परिवर्तन गरी आएका ( तत्संस्कृत भाषा र भव त्यसबाट परिवर्तन हुँदै आएका) शब्दलाई तद्भव शब्द भनिन्छ (लम्साल, २०६८ : १०३) ।

नारी-सन्देश काव्यमा तद्भव शब्दहरू प्रयोग गरिएका केही उदाहरणहरू निम्नानुसार देखाउन सकिन्छ-

क) प्रमिला धमिला पसिना अमिला (पृष्ठ-१, श्लोक : ३)

ख) फकन्छन् कति फूल वागहरूमा वास्ना छरी मग्मगी (पृष्ठ-८,श्लोक: ४३)

ग) देवराज र सची विच आँखा (पृष्ठ-१५, श्लोक : ३६)

घ) अङ्ग भङ्ग हुनु हो खिल गाला (पृष्ठ-२५, श्लोक : ९७)

ङ) प्वाल निर्मित गर्‍यौ किन आज (पृष्ठ-३०, श्लोक : १३१)

च) दिन्छ प्युन नमिठो अति तिक्त (पृष्ठ-४७, श्लोक : २३३)

छ) आफू सिक पहिले मन माझ्न (पृष्ठ-५७, श्लोक : २९०)

ज) खित्का छाडी प्रकृति कसरी हेर हाँसी उठेर (पृष्ठ-६२, श्लोक : ८)

झ) लाली-काली लतपत गरी ओठ सारा विगारी (पृष्ठ-६२, श्लोक : ८)

ञ) लाखौं-लाखौं दलित महिला वत्ति झै हुर्कुराऊ (पृष्ठ-६४, श्लोक : १८)

माथिका रेखाङ्कित शब्दहरू तद्भव शब्दहरू हुन् । जुन संस्कृत भाषाबाट निम्नानुसार परिवर्तन भई आएका हुन्-

| | |
|---|---|
| फूल | < पुष्प |
| आँखा | < अक्षि |
| गाला | < गल्ल |
| आज | < अद्य |
| मीठो | < मिष्ठ |
| पहिले | < प्रथम |
| हाँस्नु | < हँस् |
| ओठ | < ओष्ठ |
| वत्ति | < ज्योति |

यसरी उपर्युक्त शब्दहरू नेपाली भाषामा तद्भव शब्दका रूपमा प्रयोग भएका छन् । तद्भव शब्दको चयनले काव्य सरल, सहज, प्रभावपूर्ण बन्नुका साथै बोधगम्य बन्न पुगेको पाइन्छ ।

### ४.१.१.३ आगन्तुक शब्दचयन :

संस्कृत भाषाबाहेक अन्य भाषाबाट नेपाली भाषामा पाहुना वा सापटीका

रूपमा आएका शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ । नेपाली भाषामा स्वदेशी विभिन्न भाषा तथा भाषिकाबाट र विदेशी भाषाबाट अगन्तुक शब्दहरू आएका हुन्छन् । यस्ता शब्दहरू कुनै परिवर्तित भएर त कुनै जस्ताको तस्तै नेपाली भाषामा प्रयोग भएका छन् ।

नारी-सन्देश काव्यमा  अत्यधिक मात्रामा तत्सम शब्द प्रयोग भएका छन् भने तद्भव शब्द तत्सम शब्दको तुलनामा कम मात्रामा प्रयोग भएका पाइन्छन् तर आगन्तुक शब्द छिटफुट रूपमा मात्र प्रयोग भएका पाइन्छन् । यस्ता शब्दहरूका केही उदाहरणहरूलाई निम्नानुसार देखाउन सकिन्छः-

क) दिलको मनसाय बुझी सकियो । (पृष्ठ-३, श्लोकः १४

ख) स्वर्णको हक मिलोस् महिलामा (पृष्ठ-१८, श्लोकः ५८

ग) मात्र छाति विचमा भिर तक्मा (पृष्ठ- २३, श्लोकः ८९)

घ) स्वर्णमा गरिवको पसिना छ । (पृष्ठ-२६, श्लोकः १०५)

माथि रेखाङ्कन गरिएका शब्दहरू दिल (फारसी), तक्मा (तुर्की), गरिब (अरबी), हक् ( अरबी) भाषाबाट नेपाली भाषामा आई यस काव्यमा प्रयोग भएका छन् । यस काव्यमा आगन्तुक शब्दको प्रयोग कमै मात्रामा भएपनि यस्ता शब्द चयनले काव्यमा महत्वपूर्ण भूमिका खेलेको पाइएको छ ।

### ४.१.१.४ झर्रा तथा अनुकरणात्मक शब्दचयन :

कुनै अन्य स्रोतबाट नआइ नेपाली भाषामा आफै उत्पन्न भएका तथा नेपाली परिवेशसँग मेल खाने शब्दहरू नै झर्रा नेपाली शब्द हुन् । त्यस्तै, कुनै वस्तुको आवाज, दृश्य, स्वाद, स्पर्श, अवस्था, काम गराइको नक्कल, प्राकृतिक अवस्था आदिबाट उत्पन्न ध्वनिलाई नक्कल गरी व्यक्त गर्ने शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । यस्ता शब्दहरूले नेपाली भाषाको गरिमालाई महिमायुक्त बनाएका छन् ।

नारी-सन्देश काव्यमा झर्रा तथा अनुकरणात्मक शब्दको प्रभावकारी र उपयुक्त संयोजन गरिएको छ । जसका केही उदाहरणहरूलाई निम्नानुसार देखाइएको छ-

क) कुहु........हु लयमा नुत गान झिकी (पृष्ठ-४, श्लोकः २४)

ख) मन ढुक्ढुक भो पढियो जव त्यो (पृष्ठ-५, श्लोकः ३०)

ग) गर्ज्यो मेघ झिलिक्क झिलिली चम्काइ सौदामिनी (पृष्ठ-८, श्लोक : ४६)

घ) चुभिए जव कपोल चुसुक्क (पृष्ठ-२०, श्लोक : ७१)

ङ) वस्तछ्यौ कि त पुरै वस थ्याच्चै (पृष्ठ-२५, श्लोक : ९८)

च) स्वर्णले झलल छन् लटरम्म (पृष्ठ-२७, श्लोक : ११२)

छ) नादमा अटुट झर्झर झर्ना (पृष्ठ-३९, श्लोक : १८५)

ज) पंक्षिको चिरिविरी रवभित्र  (पृष्ठ-४०, श्लोक : १८६)

झ) पाक-पूक जति मिल्दछ खाऊ (पृष्ठ-५६, श्लोक : २८३)

ञ) साँच्चै आट्यौ प्रवल पिठमा शैल बोक्छ्यौ जुरूक्क  (पृष्ठ-६३, श्लोक : १४)

माथि रेखाङ्कित गरिएका शब्दहरू नारी-सन्देश काव्यमा प्रयुक्त झर्रा तथा अनुकरणात्मक शब्दका केही उदाहरण मात्र हुन् । यस्ता शब्दको समुचित प्रयोगले गर्दा यस काव्यको भाषाले जीवन्तता पाएको छ । यस्ता शब्दहरू यस काव्यमा प्रशस्त मात्रामा पाइन्छन् ।

### ४.१.१.५ नाम पदको चयन :

परम्परागत व्याकरणमा कुनै पनि व्यक्ति,वस्तु वा धारणा बुझाउने शब्दलाई नाम भनिएको छ । व्याकरणात्मक कार्यका आधारमा भन्दा वाक्यमा कर्ता, कर्म र पूरक भइ आउने शब्द नै नाम हो । नामलाई संज्ञा पनि भनिन्छ । रूपात्मक आधारमा रूपायन व्यहोर्ने लिङ्ग, वचन र कारकको अभिव्यक्ति दिने शब्द नै नाम हो । नाम सामान्यका अतिरिक्त आलङ्कारिक तथा विशिष्ट प्रकारका हुन्छन् । कतिपय नाम शब्दले अत्यन्तै व्यापक स्वरूप प्रस्तुत गरेको पाइन्छ ।

नारी-सन्देश काव्यमा सामान्य नामका अतिरिक्त आलङ्कारिक एवम् विशिष्ट नामपदको प्रयोग भएको पाइन्छ । यस्ता नामपदका केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन्:

क) अघि यौवनमा नव पुष्प चुनी (पृष्ठ-१, श्लोक : १)

ख) खोजी अङ्गहरू स्मसान जमिमा चीता सजाई फिरे (पृष्ठ-७, श्लोक : ४०)

ग) देवताहरू सबै अब वोल (पृष्ठ-१४, श्लोक : ३३)

घ) कीर्ति कुण्ठित गरे दनुजाले (पृष्ठ-२०, श्लोक : ६६)

ङ) अंग-भंग तनको धन लूट  (पृष्ठ-३३, श्लोक : १४६)

च) धर्ममै रमण गर्छ वसन्त (पृष्ठ-४०, श्लोक : १८८)

छ) देव दैत्य अथवा दनुजा हो (पृष्ठ-५१, श्लोक : २५३)

ज) ईशको छ अति पावन सत्ता (पृष्ठ-५७, श्लोक : २८८)

झ) मेघमा पवनले लय गाँसी (पृष्ठ-६१, श्लोक : ३१२)

ञ) कोही छैनन् अजर भवमा जन्मको अर्थ खोज (पृष्ठ-६४, श्लोक : १७)

माथि रेखाङ्कित रूपमा प्रयुक्त नामपदहरू सामान्य अर्थका साथै विशिष्ट एवम् आलङ्कारिक छन् । त्यसैले यस काव्यको भाषा कलात्मक बन्न पुगेको छ । यस्ता खालका नामपदहरू नारी-सन्देश काव्यमा प्रशस्तमात्रामा पाउन सकिन्छ ।

### ४.१.१.६ सर्वनाम पदको चयन :

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ (लम्साल, २०६८ : १०६) । नामको सट्टामा प्रयोग हुने हुनाले यसलाई सट्टेनाम पनि भनिन्छ । सर्वनामले नामले जस्तो प्रत्यक्ष खास व्यक्ति,वस्तु वा धारणालाई जनाउँदैन । यसले नामको पुनरूक्तिलाई रोक्ने काम गर्छ । यसले व्याकरणात्मक कोटि,पुरूषको पनि अभिव्यक्ति दिन्छ । नारी-सन्देश काव्यमा प्रयोग भएका सर्वनामका केही उदाहरणहरू निम्नानुसार छन्:

क) ऊ त हो कुलटा पति खाइ अघि (पृष्ठ-६, श्लोक : ३६)

ख) व्रम्हका सृजना हौं सव हामी (पृष्ठ-१६, श्लोक : ४४)

ग) मान संस्कृति तिमी यदि मान्छ्यौ (पृष्ठ-२४, श्लोक : ९५)

घ) पाठ खेल्छ यसले वनि दोग्ला (पृष्ठ-२८, श्लोक : ११६)

ङ) आर्य हुँ म भनि गौरव गर्दै (पृष्ठ-३२, श्लोक :१३८)

च) धर्ममा भन छ के ? अब छूट (पृष्ठ-३३, श्लोक : १४९)

छ) जाल-झेल त्यसमा उति छैन (पृष्ठ-४३, श्लोक : २०५)

ज) मौन यौन उहि हो गरि होस (पृष्ठ-५०, श्लोक : २५१)

झ) खास आफ्नु नत मिल्दछ भन्न (पृष्ठ-५४, श्लोक : २७१)

माथि प्रयोग भएका सर्वनामहरूले नारी-सन्देश काव्यमा नामहरू दोहोरिंदा हुने भद्दापनलाई हटाइ भाषामा मधुरता तथा काव्यलाई नै छरितो बनाउने कार्य गरेका छन् । काव्यमा सर्वनाम प्रशस्त मात्रामा प्रयोग गरिएको पाइन्छ ।

### ४.१.१.७ विशेषणको चयन :

कुनै व्यक्ति, वस्तु, ठाउँ आदिका विशेषता, गुण, दोष, अवस्था, परिणाम, सङ्ख्या आदि जाहेर गर्ने शब्दलाई विशेषण भनिन्छ । यो कुन, कस्तो, कत्रो, कति आदि प्रश्नको जवाफमा आउने गर्दछ । नारी-सन्देश काव्यमा विशेषणको प्रयोग निम्नानुसार भएको पाइन्छ-

क) न प्रस्वेद मिठो न प्रश्वास मिठो (पृष्ठ-१, श्लोक : ३)

ख) नाथिए दनुजका सब चेली  (पृष्ठ-१४, श्लोक : ३२)

ग) टाठि-वाठि जति छन् सब नारी (पृष्ठ-१८, श्लोक : ५८)

घ) सुन्दरी अतिव चञ्चल नारी (पृष्ठ-२२, श्लोक : ७९)

ङ) हेर्नमा छ कति सुन्दर पात्र (पृष्ठ-३७, श्लोक : १६९)

च) एकलौटि पनको नर ग्रन्थ  (पृष्ठ-४५, श्लोक : २१७)

छ) झिल्के-मिल्के प्रचुर गहनालाई छिँड्ने ति नारी (पृष्ठ-६१, श्लोक : २)

ज) कस्तो राम्रो धवलागिरिको सिर्सिरे स्वच्छ हावा (पृष्ठ-६२, श्लोक : ९)

झ) भित्री आशा हृदय तहको स्नेहिलो मिष्ठ थैली (पृष्ठ-६३, श्लोक : १२)

ञ) कोही छैनन् अजर भवमा जन्मको अर्थ खोज (पृष्ठ-६४, श्लोक : १७)

माथि रेखाङ्कन गरिएका शब्दहरू विशेषण हुन् । विशेषणहरूले यस काव्यमा भाषिक मधुरता र आकर्षण थप्ने गर्नुका साथै नामको अर्थलाई स्पष्ट पर्ने, विस्तार गर्ने, सीमित गर्ने वा विशिष्ट बनाउने काम गरेको छ । विशेषणहरूको प्रयोग यस काव्यमा प्रशस्त मात्रमा गरिएको पाइन्छ ।

### ४.१.१.८ क्रियापदको चयन :

कुनै काम भएको वा हुने बुझाउँने शब्दलाई क्रिया भन्दछन् । घटना, कार्यव्यापार, स्थिति र अवस्था बुझउँने शब्दलाई नै क्रिया भनिन्छ । प्रकार्यका दृष्टिले यो वाक्यमा कार्य, स्थिति, प्रक्रिया, घटना आदि बुझाउँने र विधेयका रूपमा आउने तथा काल, भाव, पक्ष, वाच्य, करणका साथै कारकबाहेक वचन, लिङ्ग, पुरूष आदिका आधारमा रूपायित हुने शब्दवर्ग हो (लम्साल, २०६८:१०९) । यस काव्यमा प्रयोग गरिएका क्रियापदका केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन्:

क) मन ढुक्ढुक भो पढियो जव त्यो (पृष्ठ-५, श्लोक : ३०)

ख) कन्दरा विच सबै मिलि बस्थे  (पृष्ठ-१०, श्लोक : ६)

ग) स्वर्णतर्फ लगियो वल जफ्ति  (पृष्ठ-१३, श्लोक : २४)

घ) स्वर्णको हक नहोस् गहनामा (पृष्ठ-१९, श्लोक : ६०)

ङ) नेल हत्कडी भिर्दछ डाका (पृष्ठ-२६, श्लोक : १०३)

च) एक ओजोन रहोस् नत उच्चा (पृष्ठ-४६, श्लोक : २२४)

छ) रोग लाग्छ पछि गै अवसाद (पृष्ठ-५६, श्लोक : २८६)

ज) पढ्दै जान्छ्यौ जति-जति तिमी शास्त्रमा छ्यौ अभिज्ञ (पृष्ठ-६१, श्लोक : २)

झ) त्यागी सारा अमल ननिका फ्याँकिदेऊ नखाऊ (पृष्ठ-६३, श्लोक : ११)

ञ) जागौं-जागौं सब मिल उठौं विश्वकै रूष्ट नारी (पृष्ठ-६४, श्लोक : १८)

माथिका रेखाङ्कन गरिएका शब्दहरू यस काव्यमा प्रयुक्त क्रियापदका केही उदाहरणमात्र हुन् । सरल, संयुक्त, समापिका, असमापिका, सकर्मक आदिजस्ता क्रियापदहरूले काव्यका काव्यभावनालाई पूर्णता प्रदान गरी बोधगम्य बनाएका छन् ।

### ४.१.१.९ नामयोगीको चयन :

विभिन्न अर्थसम्वन्ध जनाउँनका लागि नामसँग जोडिएर आउने शब्द नै नामयोगी हो । यो समयको अवगत गराउने, स्थानको बोध गराउने, रीति तथा विभक्ति अर्थसँग सम्वन्धित रहने तथा दिशा र अवधिको परिचय दिने गरी विभिन्न प्रकारले प्रयोग हुन्छ । 'नारी-सन्देश' काव्यमा प्रयुक्त नामयोगीका दृष्टान्तहरू निम्न छन्:

क) जनमानसभित्र पुगी रूमली (पृष्ठ-४, श्लोक : १९)

ख) अन्तरिक्षतिर हेर र जान (पृष्ठ-३८, श्लोक : १७४)

ग) सूर्यमाथि अरू कोही छ तत्त्व (पृष्ठ-४२, श्लोक : २००)

घ) साल-नालसहितै कति बच्चा (पृष्ठ-४५, श्लोक : २१९)

ङ) सत्य सारतिर नै अव लम्क (पृष्ठ-४६, श्लोक : २२२)

च) वैद्यकासँग मास्थिति केही (पृष्ठ-५६, श्लोक : २८६)

छ) टिस्टवारी प्रतिचि दिगको काँगडासम्म पार्ने (पृष्ठ-६२, श्लोक : ४)

ज) आधा-आधा पुरूषसँगमा शान्तिले माग अम्श (पृष्ठ-६३, श्लोक : १८)

माथि रेखाङ्कित शब्दहरू नामयोगी हुन् । यस काव्यमा प्रशस्त मात्रामा नामयोगीको सार्थक प्रयोग गरिएको पाइन्छ ।

### ४.१.१.१० क्रियाविशेषणको चयन :

क्रियाको विशेषता बताउने वा तिनको अर्थमा केही थप्ने शब्दलाई क्रियाविशेषण भनिन्छ । यसले विशेषण र क्रियाविशेषणको विशेषता पनि प्रकट गर्दछ । किन, कहिले, कहाँ, कसरी, के गरी र कति प्रश्नको उत्तरमा आउने शब्द नै क्रियाविशेषण हो । यो कर्ता, कर्म, पूरक जस्तो अनिवार्य नभएर वाक्यमा ऐच्छिक घटक बनेर आउँछ । यस काव्यमा प्रयुक्त क्रियाविशेषणका केही उदाहरणहरू निम्नानुसार छन्-

क) अघि यौवनमा नव पुष्प चुनी (पृष्ठ-१, श्लोक : १)

ख) रूखमा कसरी अति जल्दि चढी (पृष्ठ-५, श्लोक : २८)

ग) प्वाल निर्मित गर्‍यौ किन आज (पृष्ठ-३०, श्लोक : १३१)

घ) कूप कुण्ठित सधैं बुझ्न व्याङ (पृष्ठ-३८, श्लोक : १७६)

ङ) यौनता कसरी भो आवसान (पृष्ठ-४६, श्लोक : २२६)

च) छोरि दान जसरी गरि दिन्छन् (पृष्ठ-५३, श्लोक : २६४)

छ) रातको पल गयो अब व्यूझ (पृष्ठ-६१, श्लोक : ३१२)

माथि रेखाङ्कित शब्दहरू क्रियाविशेषणका केही उदाहरणमात्र हुन् । यस काव्यमा क्रियाविशेषण पदको यथोचित प्रयोगले भाषाले जीवन्तता प्राप्त गरेको छ । यस्ता शब्दहरू यस काव्यमा प्रशस्तमात्रामा पाइन्छन् ।

### ४.१.१.११ निपातको चयन :

वाक्यमा आफ्नो छुट्टै अर्थ नभएका तर वाक्यमा निकटवर्ती शब्द वा वाक्यको अर्थलाई द्योतन गर्ने अव्यय पद नै निपात हुन् । यसको अलग्गै अर्थ हुँदैन तर वाक्यमा प्रयोग हुँदा नजिकका पदहरूको अर्थमा मिठास ल्याउन र अर्थ स्पष्ट पार्न सहयोग पुऱ्याउने काम यसले गर्छ । अर्थलाई तिख्खर प्रभावकारी तथा रसिलो बनाउने एकाक्षरी, द्वयक्षरी, त्रयक्षरी तथा चतुरक्षरी शब्द नै निपात हुन् । यस काव्यमा प्रयोग भएका केही निपातका उदाहरणहरू निम्न छन्:

क) चरि पो विचरी हासिई कसरी (पृष्ठ-४, श्लोक : २१)

ख) युद्धले अव त हुन्न परास्त (पृष्ठ-१७, श्लोक : ५०)

ग) हिँड्दथे प्रकृति नै मख पारी (पृष्ठ-२२, श्लोक : ७९)

घ) जोरि खोज अव लौ किन व्यर्थ (पृष्ठ-४८, श्लोक : २३८)

ङ) चल्छ राष्ट्र तव पो भइ ढुक्क (पृष्ठ-६०, श्लोक : ३१०)

च) लिन्छ्यौ मात्रै किन र उपमा चन्द्रमै उत्र नारी (पृष्ठ-६२, श्लोक : ९)

छ) लागी न्यास्रो मनसपटमा छाप अर्कै भयो कि (पृष्ठ-६३, श्लोक : १४)

माथि रेखाङ्कित गरिएका निपातहरूद्वारा काव्यकारले यस काव्यको भाषालाई अझ प्रभावकारी, रोचक, रसिलो, मिठासपूर्ण बनाउनुका साथैं काव्यलाई मौलिक बनाएको पाइन्छ । यस्ता निपात यस काव्यमा प्रशस्त मात्रामा प्रयोग गरिएको पाइन्छ ।

### ४.१.१.१२ संयोजकको चयन :

दुई वा दुईभन्दा बढी वाक्य,उपवाक्य तथा पदहरूलाई जोड्ने शब्दलाई संयोजक भनिन्छ । यसले शब्द वा उपवाक्यलाई जोड्ने काम गर्छ । संयोजकलाई योजक पनि भनिन्छ । प्रकार्यका दृष्टिले यो वाक्यमा पद,पदावली,उपवाक्य आदिलाई जोड्ने बन्द समूहको

अविकारी शब्दवर्ग हो (लम्साल,२०६८:१११) । यस काव्यमा प्रयोग भएका संयोजकका केही उदाहरणहरू निम्नानुसार छन्-

क) फोर्नुपर्छ सव धर्म र कर्म (पृष्ठ-१७,श्लोकः ४९)

ख) मान संस्कृति तिमी यदि मान्छ्यौ (पृष्ठ-२४,श्लोकः ९५)

ग) भाग वण्डा पनि हुन्छ र धर्म ? (पृष्ठ-४१,श्लोकः १९७)

घ) देव-दैत्य अथवा दनुजा हो (पृष्ठ-५१,श्लोकः २५३)

ङ) आफू बाँच्न पहिले जब सिक्छ्यौ (पृष्ठ-५९,श्लोकः:३०३)

माथि रेखाङ्कित गरिएका शब्दहरू संयोजक हुन् । यस्ता संयोजकको प्रयोगले एउटै वाक्यमा पनि धेरै कुराहरू अँटाएका छन् । संयोजकको उपयुक्त प्रयोगले काव्यको भाषालाई मिठासपूर्ण बनाएको छ । यस काव्यमा यस्ता संयोजकहरूको प्रशस्त मात्रामा प्रयोग गरिएको छ ।

### ४.१.१.१३ द्वित्व शब्द चयन :

शब्द दोहोरिने कार्यलाई द्वित्व भनिन्छ । अर्थात् एउटै शब्द दोहोरिएर नयाँ व्युत्पन्न शब्द निर्माण हुने प्रक्रियालाई द्वित्व भनिन्छ । यो आंशिक, पूर्ण र आपरिवर्तित गरी तीन किसिमको हुन्छ । यसले कृतिमा श्रुतिमधुरता, लालित्य जस्ता विशेष गुणहरू थपिदिन्छ । यस काव्यमा प्रयोग भएका द्वित्व शब्दका केही उदाहरणहरू निम्नानुसार छन्:

क) युग-युग लमियो भइ युद्ध (पृष्ठ-११, श्लोक :१७)

ख) मस्त-मस्त तरूणीहरू छानी (पृष्ठ-१३, श्लोक :२९)

ग) जाग-जाग महिला अव जाग (पृष्ठ-२४, श्लोक : ९२)

घ) धर्म-धर्म विचमा हुल दङ्गा (पृष्ठ-३३, श्लोक : १४६)

ङ) आर्य-आयहरूमा भइ भेद (पृष्ठ-३७, श्लोक : १७१)

च) गोत्र-गात्र जव बन्दछ भिन्न (पृष्ठ-५४, श्लोक :२७१)

छ) छाँटकाँट गर छन सव कानुन (पृष्ठ-६०, श्लोक :३०८)

ज) यस्तै-यस्ता सरस कविता लेख्न सक्नेछ कस्ले ? (पृष्ठ-६२, श्लोक : ६)

झ) जागौं-जागौं सव मिल उठौं विश्वकै रूपट नारी (पृष्ठ-६४, श्लोक : १८)

माथि रेखाङ्कन गरिएका द्वित्व शब्दहरू हुन् । यस काव्यमा बढीमात्रामा पूर्ण द्वित्व शब्दहरू प्रयोग भएका छन् भने केही आंशिक र आपरिवर्तित द्वित्व शब्दको प्रयोग भएको पाइन्छ । यस्ता शब्दले यस काव्यलाई जीवन्तता प्रदान गरेको छ ।

### ४.१.१.१४ द्वन्द्वसमस्त शब्दचयन :

र, वा, पनि आदि संयोजक लोप भई बनेको समासलाई द्वन्द्वसमस्त शब्द भनिन्छ । यस्ता शव्दले कृतिको भाषालाई मिठास र आकर्षक बनाउने गर्दछन् । यस काव्यमा प्रयोग भएका द्वन्द्वसमस्त शब्दका केही उदाहरणहरू निम्न छन्:

क) सपना-विपना कति पुष्प मिले (पृष्ठ-१, श्लोक : २)

ख) लहरा-पहरा सव क्षुव्ध बने (पृष्ठ-७, श्लोक : ३७)

ग) दैत्य-दानव थिए सव तर्फि (पृष्ठ-१२, श्लोक : १९)

घ) उच्च-निच्च विचको मत तोडि (पृष्ठ-१६, श्लोक : ४५)

ङ) नाक-कान विचका गहनामा (पृष्ठ-१८, श्लोक : ५८)

च) अङ्ग-भङ्ग तनको गरि खोटी (पृष्ठ-२४, श्लोक : ९१)

छ) जाल झेलहरूमा कति पक्का (पृष्ठ-३६, श्लोक : १६७)

ज) दाज्-भाइहरू भो अनि छोरा (पृष्ठ-४८, श्लोक : २३४)

झ) दायाँ र बायाँ दुइतिर हुँदा मिल्न सक्दैन साडी (पृष्ठ-६१, श्लोक : ३)

ञ) कल्ली-वाँई विगत युगका दासताका विसानी (पृष्ठ-६१, श्लोक : १)

माथि रेखाङ्कन गरी लेखिएका शब्दहरू द्वन्द्वसमस्त शब्दहरू हुन् । यस्ता शब्दको चयनले यस काव्यमा भाषिक मधुरता थपेको पाइन्छ । यस्ता शब्दहरू काव्यमा अत्यधिक मात्रामा प्रयोग भएका पाइन्छन् ।

### ४.१.२ चिह्नको चयन :

### ४.१.२.१ प्रश्नसूचक चिह्न चयन :

कुनै कुरा जान्ने उद्देश्यले कसैसंग कुनै प्रश्न गर्दा, आवेग शङ्का वा व्यङ्ग्य प्रकट गर्दा प्रश्नसूचक चिन्हको प्रयोग गरिन्छ । नारी-सन्देश काव्यमा प्रयोग भएका प्रश्नसूचक चिन्ह प्रयोगको उदाहरणहरूलाई निम्नानुसार हेर्न सकिन्छ:

क) तन दूषणको कुन भाउ गिर्‍यो ? (पृष्ठ- २, श्लोक : ११)

ख) जान्नै कोशिस छैन नारीहरूमा सुन्नु न भन्ने छ कि ? (पृष्ठ-८, श्लोक : ४५)

ग) नाक नांथिन गयो किन मेरा ? (पृष्ठ-१४, श्लोक : ३३)

घ) भिर्दछ्यौ अव तिमी कुन तक्मा ? (पृष्ठ-२३, श्लोक : ८८)

ङ) दासतान्ध युगमा किन फिर्ने ? (पृष्ठ-२६, श्लोक : १०२)

च) भाग वण्ड पनि हुन्छ र धर्म ? (पृष्ठ-४१, श्लोक : १९७)

छ) पुत्रि या तनयमा किन भेद ? (पृष्ठ-४८, श्लोक : २३९)

ज) खास गोत्र कुन हो ? थर के हो ? (पृष्ठ-५४, श्लोक :२७१)

झ) लागी न्यास्रो मनसपटमा छाप अर्कै गयो कि ? (पृष्ठ-६३, श्लोक : १४)

माथिको उदाहरणमा जिज्ञासा, आशङ्का आदि व्यक्त गर्न प्रश्नसूचक चिन्हको प्रयोग गरिएको पाइन्छ । वाक्य क र ज ले जिज्ञासा,व्यक्त गरेको छ । वाक्य ग, च र छ ले आश्चर्य प्रकट गरेको छ । वाक्य स र झ ले निराशाको भाव व्यक्त गरेको छ । यसरी विभिन्न उद्देश्यले प्रश्नसूचक चिन्हको प्रयोग नारी-सन्देश काव्यमा प्रश्स्तमात्रामा गरिएको पाइन्छ ।

### ४.१.२.२ विस्मयादिवोधक चिह्न (!) को चयन :

घृणा, हर्ष, विस्मत, आश्चर्य, जिज्ञासा, दु:ख, निराशा आदि जस्ता मानवीय संवेदनाका भाव व्यक्त गर्दा विस्मयादिवोधक शव्दको प्रयोग गरिन्छ । मानवीय संवेदनालाई भाषिक रूपमा शब्दका सहयोगले प्रकट गर्न नसक्ने अवस्थाको भाषिक अभिव्यक्तिलाई जीवन्तता प्रदान गरी प्रभावकारी बनाउन विस्मयादिवोधक चिन्हको प्रयोग गरिन्छ । नारी-सन्देश काव्यमा प्रयुक्त विस्मयादिवोधकका केही दृष्टान्तहरू निम्न छन्:

क) सवले खिसिको अति आह ! भरे । (पृष्ठ-१, श्लोक : ४)

ख) भन्छ नारीहरू हो ! अव जाग (पृष्ठ-९, श्लोक : ३)

ग) अम्बिके ! शरण छौं जगदम्बे ! (पृष्ठ-१५, श्लोक : ४१)

घ) शोध नारीहरू हो ! अधिकार्छ । (पृष्ठ-३१, श्लोक : १३६)

ङ) हेर नारिहरूको ! उठि आज (पृष्ठ-५०, श्लोक : २४९)

च) नारि जातिहरू हो ! “वन मुक्त” (पृष्ठ-६१, श्लोक : ३१२)

छ) लिन्छ्यौ मात्रै किन र उपमा चन्द्रमै उत्र नारी ! (पृष्ठ-६२, श्लोक : ९)

ज) नारी ! तिम्र प्रवल उसको शक्ति सौन्दर्य खिच्न (पृष्ठ-६३, श्लोक : १२)

माथिका वाक्यहरूले सम्वोधन, आश्चर्य, घृणा, आशङ्का व्यक्त गरेका छन् ।

## ४.३ सारांश :

विभिन्न विकल्पनहरूको बीचबाट शब्दादि भाषिक एकाइको सुविचारित छनौट-लाई नै चयन भनिन्छ । यसले कृतिभित्र नविनता सिर्जना गर्ने भएकोले भावाभिव्यक्तिलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गरी कृतिलाई स्तरीय र आकर्षक तुल्याउनका लागि यसको महत्व-पूर्ण भूमिका हुन्छ । त्यसैले विषयवस्तुलाई कथात्मक रूपमा प्रस्तुत गर्न सर्जकले उपयुक्त र विशिष्ट किसिमको भाषिक एकाइ, औपचारिक तथा अनौपचारिक भाषा, मानक

भाषा, चिन्ह, व्यवहारिक तथा उपयोगी सङ्केतहरू, बिम्ब-प्रतिक, उखान, लोकोक्ति आदि विविध पक्षमा गरिन्छ ।

नारी-सन्देश काव्यमा भाषिक चयनका सन्दर्भमा तत्सम, तद्‌भव, आगन्तुक अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । नामपद, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, निपात, संयोजक, द्वन्द्वसमस्त द्वित्व शब्द आदिको चयनले काव्यको भाषा सशक्त बन्न पुगेको छ । वाक्य प्रयोगका सन्दर्भमा सरल र जटिल वाक्यको प्रयोगले यस काव्यको भाषालाई अझ प्रभावकारी बनाएको पाइन्छ ।

# अध्याय-पाँच

# विचलन र समानान्तरताका आधारमा नारी-सन्देश काव्यको विश्लेषण

## ५.१ विचलन :

भाषामा स्थापित व्याकरणिक नियमहरूको उलङ्घन नै विचलन हो । सामान्य भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमको अतिक्रमण अर्थात् मानवेतर प्रयोगलाई विचलन भनिन्छ (शर्मा : २०४८ : २८) । स्रष्टाले आफ्ना अभिव्यक्तिलाई भाषाका व्याकरणिक नियमहरूले निर्देश गरेका संरचनामा व्यक्त गर्न असमर्थ भएपछि व्याकरणिक नियमको अतिक्रमण गर्दै भाँचिएको भावानुकूल भाषाको प्रयोग गर्न थाल्दछ । यही मानकेत्तर प्रयोग नै विचलन हो । नारी सन्देश काव्यमा भाषिक अभिव्यक्तिका क्रममा भएका विचलनलाई तल प्रस्तुत गरिएको छ-

### ५.१.१ कोशीय विचलन :

सामान्य भाषिक प्रयोगमा कतै नआएका शव्दकोशमा नभएका शव्दहरूको प्रयोग गर्नुलाई नै कोशीय विचलन भनिन्छ । कोशमा प्रयुक्त शव्दहरूले मात्र सर्जकको भावाभिव्यक्तिको सामर्थ्यलाई वहन गर्न नसक्ने अवस्थामा रचनाकारले सौन्दर्य सङ्गतिका निम्ति कोशमा प्रयुक्त शब्दहरूको अतिकमण गरेर काव्यमा प्रयोग गर्दछन् यस्ता शब्दलाई सन्दर्भ अनुसारको अर्थ लगाउन सकिन्छ । नारी-सन्देश काव्यमा कोशीय विचलन भएका शब्दहरू प्रयोग भएका पाइदैनन् ।

### ५.१.२ ध्वनिप्रक्रियात्मक विचलन :

ध्वनिप्रक्रियात्मक विचलन भाषिक उच्चरणका क्रममा देखापर्ने विचलन हो । भाषाको खास एकाइको मानक प्रयोगसंग स्पष्ट रूपमा देखिने अन्तर हो । यसलाई वर्णगत विचलन पनि भनिन्छ । कृतिकारले मानक ध्वनिलाई मात्र प्रयोग नगरेर लोक जीवनमा प्रयुक्त कथ्य रूपका शब्दहरूलाई प्रयोग गरी आफ्नो अभिव्यक्तिलाई तिख्खर, आकर्षक र प्रभावकारी बनाएका हुन्छन् । नारी-सन्देश काव्यमा प्रशस्त पङ्क्तिहरूमा ध्वनिप्रक्रियात्मक विचलन भएको पाइन्छ । यसका केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन्:

क) प्युँछन् वीष इनै वगेर नदिमा उत्सर्ग यो प्राणको- (पृष्ठ ८, श्लोक : ४४)

माथिको पङ्क्तिमा रेखाङ्कित शब्दहरूमा ध्वनिप्रक्रियात्मक विचलन भएको छ । छन्दोबद्ध कविताहरूमा मुख्यतः छन्दको शास्त्रीय अनुशासनलाई पालन गर्न ध्वनितात्विक श्रृङ्खलालाई भङ्ग गर्ने प्रचलन भएअनुसार नै यस काव्यका कतिपय पङ्क्तिहरूमा यस

प्रकारको विचलन गरिएको छ । माथिको पङ्क्तिमा यिन हुनुपर्नेमा इनै शब्द प्रयोग भई य ध्वनि लोप भई इ ध्वनिको प्रयोग गरिएको पाइन्छ । त्यस्तै नदी हुनु पर्नेमा नदि प्रयोग भई दीर्घ इ को सट्टा ह्रस्व इ प्रयोग गरिएको पाइन्छ । यहाँ ह्रस्व, दीर्घमा पनि विचलन आएको पाइन्छ ।

ख) पार्नुपर्छ इनलाई कसेर (पृष्ठ-१२, श्लोक : २३)

माथिको पङ्क्तिमा पनि यिनलाई मानक शब्दको सट्टा इनलाई शब्द प्रयोग भई य ध्वनि लोप भइ इ ध्वनि आगम भएको छ । यसरी हेर्दा यहाँ पनि ध्वनितात्विक विचलन भएको पाइन्छ ।

ग) झुक्न गो विजयको सव ध्येय (पृष्ठ-१६, श्लोक : ४२)

माथिको पङ्क्तिमा गयो मानक शब्दको सट्टा गो मात्र प्रयोग भई अं र य ध्वनि लोप भई ध्वनितात्विक विचलन भएको पाइन्छ भने सब शब्दमा ब ध्वनिको सट्टा व ध्वनिको प्रयोग गरी ध्वनितात्विक विचलन भएको छ ।

घ) नारि शोषण थियो गहनामा (पृष्ठ-२३, श्लोक : ८७)

यहाँ नारी मानक शब्दमा दीर्घ री को सट्टा ह्रस्व रि प्रयोग गरी ध्वनितात्विक विचलन भएको पाइन्छ ।

ङ) औंठी भो किलिपको नउगेडी (पृष्ठ-२७, श्लोक : ११३)

माथिको पङ्क्तिमा नौगेडी मानक शब्दको सट्टा नउगेडी शब्द प्रयोग भई औ ध्वनि लोप भई उ ध्वनि आगम भएर ध्वनितात्विक विचलन भएको छ ।

च) चार-पाँच संगमा जब व्याह (पृष्ठ-५३, श्लोक : २६९)

माथिको पङ्क्तिमा विवाह मानक शब्दको सट्टा व्याह शब्द प्रयोग भई इ र व ध्वनिको सट्टा य ध्वनि प्रयोग भई ध्वनितात्विक विचलन भएको छ ।

छ) उठ बैन्हिहरू हो ! वनि वक्ता (पृष्ठ-५५, श्लोक : २७९)

यहाँ बहिनी मानक शब्दको सट्टा बैन्हि शब्द प्रयोग भएको छ । जहाँ ब ध्वनिको सट्टा व ध्वनिको प्रयोग भई अ ध्वनिको सट्टा ऐ वनि आगम भई ध्वनितात्विक विचलन भएको छ ।

ज) एतिमात्र मनमा गुनि लेख्थे (पृष्ठ-५८, श्लोक : २९९)

माथिको पङ्क्तिमा यति मानक शब्दको सट्टा एति शब्द प्रयोग गरी य ध्वनिको सट्टा ए ध्वनि आगम भई ध्वनितात्विक विचलन गरेको पाइन्छ ।

झ) छोरि हो मनुजकी प्रिय साथी (पृष्ठ-६०, श्लोक : ३११)

यहाँ छोरी मानक शब्दको सट्टा छोरि प्रयोग भई दीर्घ ई को सट्टा ह्रस्व इ लेखी ध्वनितात्विक विचलन गरेको पाइन्छ ।

ञ) लाखौं-लाखौ दलित महिला वत्ति झैं हुर्हुराऊ । (पृष्ठ-६४, श्लोक : १८)

माथिको पङ्क्तिमा बत्ती मानक शब्दको सट्टा वत्ति शब्द प्रयोग भएको छ । जहाँ ब ध्वनि लोप भई व ध्वनि आगम भएको छ भने दीर्घ इ ध्वनिको सट्टा ह्रस्व इ को प्रयोग गरी ध्वनितात्त्विक विचलन गरेको पाइन्छ ।

यसरी यस काव्यमा ध्वनिप्रक्रियात्मक विचलनका अनौठा र स्वाभाविक दुवै प्रकारका दृष्टान्तहरू रहेका छन् र यस प्रकारको विचलन सार्थक एवम् सोद्देश्यमूलक देखिन्छ । ध्वनिप्रक्रियात्मक विचलन र तिनको मानक ध्वनिक्रमलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छः

तालिका सङ्ख्या ३

| क्र.सं. | विचलित ध्वनिक्रम | मानक ध्वनिक्रम |
|---|---|---|
| १ | नदि | नदी |
| २ | इनै | यिनै |
| ३ | गो,सव | गयो,सबै |
| ४ | नउगेडी | नौगेडी |
| ५. | नारि | नारी |
| ६. | व्याह | विवाह |
| ७. | वैन्हि | बहिनी |
| ८ | छोरि | छोरी |
| ९. | एति | यति |
| १० | वत्ति | बत्ती |

### ५.१.३ अर्थतात्त्विक विचलन :

अर्थका सन्दर्भमा देखिने विचलनलाई अर्थतात्त्विक विचलन भनिन्छ । कुनै पनि शब्द वा वाक्यको अभिधामूलक वा कोशीय अर्थ नै त्यसको मानक अर्थ हो, तर शब्द वा वाक्यको अभिधामूलक अर्थ नआएर लक्षणात्मक, व्यञ्जनात्मक, बिम्बात्मक आदि अनेक विशिष्ट अर्थ

व्यञ्जित हुनुलाई अर्थतात्त्विक विचलन भनिन्छ । तसर्थ साहित्यमा ध्वन्यात्मक र आल्कारिक अर्थको प्रतिपादनका लागि गरिने कोशीय अर्थको अतिक्रमण नै अर्थतात्विक विचलन हो ।

नारी-सन्देश काव्यका कतिपय पङ्क्तिहरूमा अर्थतात्त्विक विचलनयुक्त भाषिक प्रयोग गरिएको छ । जसलाई निम्नानुसार देखाइएको छ :

क) जब डुल्न हिँड्यो पट जङ्गलमा

कविता कविकी वन फूल मिली (पृष्ठ-१, श्लोक : ५)

माथिका पङ्क्तिमा मानवेतर वस्तुलाई मानवीय क्रियाको प्रयोग गरिएको छ । विशाल जङ्गलमा कविको कविता डुल्न हिँडेको प्रसङ्ग व्यक्त गरेर कवितालाई सजीव तुल्याइएको छ । यहाँ सजीव वा मानवीय प्राणीमात्र डुल्ने हुनाले कवितालाई सजीव तुल्याएर डुल्न हिँडेको प्रसङ्ग व्यक्त गरेकाले यहाँ अर्थतात्त्विक विचलन भएको छ ।

ख) कविता मठमा कति पुष्प चढे (पृष्ठ-२, श्लोक : ९)

माथिको पङ्क्तिमा 'कति पुष्प चढे' भनेर पुष्पलाई आफैं मठमा चढेको भाव व्यक्त गरिएको छ । फुलेको पुष्प टिपेर मठमा चढाउँदा मात्र चढ्ने भएकाले यहाँ चढाइए हुनु पर्नेमा पुष्प आफैं चढेको भन्ने अर्थ लाग्ने हुनाले अर्थतात्त्विक विचलन भएको पाइन्छ ।

ग) दिन्छन् आशिष धर्तिले पवनले श्री सूर्यले चन्द्रले....... (पृष्ठ-८, श्लोक : ४७)

माथिको पङ्क्तिमा धर्ति, पवन र सूर्य जस्ता निर्जीव वस्तुले पनि आशिष दिएको प्रसङ्ग व्यक्त गरिएको छ । जहाँ आशिष दिने काम सजीव वा मानवीय प्राणीले मात्र गर्ने हुनाले यहाँ अर्थतात्विक विचलन भएको छ ।

घ) कति राम्रि हँसिली जुनकीरी.......(पृष्ठ-२५, श्लोक : ९७)

माथिको पङ्क्तिमा हँसिली जुनकीरी भनेर कीरालाई मानवीकरण गरिएको छ । हाँस्ने काम प्राणी जगत्मा पनि सचेत प्राणी मानवमात्र हँसिलो भएको कुरालाई व्यक्त गरिने भएकाले यहाँ हँसिली जुनकीरी भन्ने विशिष्ट अर्थमा अभिधात्मक अर्थको विचलन भएको छ ।

ङ) हुन्छ कानुन गई जब प्रौढ.........(पृष्ठ-३४, श्लोक : १५२)

यहाँ प्रौढ भनेर कानुनलाई मानवीकरण गरिएको छ । प्रौढ मान्छेको परिपक्वतालाई मात्र जनाउने हुनाले यहाँ हुन्छ कानुन गई जब प्रौढ भनी अर्थतात्विक विचलन गरेको छ ।

च) हाँसकासंग गई अब सीक (पृष्ठ-५९, श्लोक : ३०५)

माथिको पङ्क्तिमा हाँसलाई मानवसंग तुलना गरेको छ । सिक्ने र सिकाउने काम सर्वश्रेष्ठ प्राणी मानिसले मात्र गर्ने हुनाले यहाँ अर्थतात्त्विक विचलन भएको छ ।

छ) आफ्नो मीठो लय छ जसमा शुद्ध सङ्गीत हुन्छ (पृष्ठ-६२, श्लोक : ७)

माथिको पङ्क्तिमा लयलाई मीठो भनिएको छ । खानाका लगि प्रयोग गरिने मीठो वस्तु जिब्रोले चाखेर स्वाद थाहा पाउने कुरा हो, तर यहाँ चाख्न नमिल्ने वस्तु लयलाई मीठो भनिएको हुनाले यहाँ अर्थतात्त्विक विचलन भएको छ ।

ज) खित्का छाडी प्रकृति कसरी हेर हाँसी उठेर (पृष्ठ-६२, श्लोक : ८)

माथिको पङ्क्तिमा प्रकृतिलाई खित्का छोडेर हाँसी भनिएको छ । प्रकृति मानवेतर वस्तु हो र खित्का छोडेर हाँस्ने काम मानवले मात्र गर्ने हुनाले यहाँ अर्थतात्त्विक विचलन भएको छ ।

झ) एक्लै डोको वन-वन घुमी दाउरा-पात बोकी (पृष्ठ-६३, श्लोक : १४)

माथिको पङ्क्तिमा एक्लै डोको वन-वन घुमी भन्ने भनाइले डोको जस्तो निर्जीव वस्तुलाई सजीव तुल्याएको छ । एक ठाउँबाट अर्को ठाउँमा वा वन-वन घुम्ने काम सजीव प्राणी वा मनुष्यले मात्र गर्ने हुनाले यहाँ अर्थतात्त्विक विचलन भएको छ ।

यसरी यस काव्यमा प्रयुक्त अर्थतात्त्विक विचलनका केही उदाहरण मात्र हुन् । यस्तो विचलन काव्यमा प्रशस्त पाउन सकिन्छ,जसले गर्दा काव्यको भाषा आलङ्कारिक तथा लाक्षणिक बन्नुका साथै काव्यकारको आलङ्कारिक चिन्तनलाई समात्न सकेको देखिन्छ ।

## ५.१.४ क्रम विचलन :

क्रम विचलन व्याकरणिक विचलन अन्तर्गत हुने एक प्रकारको विचलन हो । व्याकरणिक नियमानुसार रहने पदक्रममा प्रस्तुत गरिने पदहरूको व्यतिक्रमिक सङ्घटन नै क्रम विचलन हो । प्रत्येक भाषामा पदक्रमको एउटा निश्चित स्वीकार्य नियम हुन्छ । नेपाली भाषाको व्याकरणिक नियमानुसार कर्ता+क्रिया र कर्ता+कर्म+क्रिया को अनुक्रम हुन्छ । भावको सम्प्रेषणद्धारा पाठकलाई विशेष प्रभाव पार्न तथा रचनाको गाम्भीर्य बढाउन सबैजसो विधामा क्रम विचलन गरिए पनि काव्य विधामा यस प्रकारको प्रयोग बढी पाइन्छ । यस्तो विचलन सोद्देश्यमूलक हुन्छ । विशेष गरी कवितामा लय, छन्द, तुकबन्दी तथा अनुप्रास मिलाइ काव्यसौन्दर्य एवम् विशेष भाव व्यक्त गर्न शब्दविन्यासको क्रमलाई उल्ट्याइन्छ ।

नारी-सन्देश काव्यका अधिकांश श्लोकहरूमा क्रम विचलन गरिएको छ,जसलाई तलका पङ्क्तिहरूबाट देखाइएको छ-

क) जब डुल्न हिँड्यो पट जङ्गलमा (पृष्ठ-१, श्लोक : ५)

ख) वातको गति थियो अति मन्द (पृष्ठ-९, श्लोक : १)

ग) पापको परिणती सव हो यो (पृष्ठ-१३, श्लोक : २७)

घ) गर्दछन् मनुजले अति मान (पृष्ठ-१७, श्लोक : ५३)

ङ) भिर्दछ्यौ अब तिमी कुन तक्मा ? (पृष्ठ-२३, श्लोक : ८८)

च) धर्म सम्स्कृति वन्यो कसरी पो (पृष्ठ-२९, श्लोक : १२२)

छ) जन्मिए जगत्मा कति भाइ (पृष्ठ-४१, श्लोक : १९४)

ज) पूजिइन जगत्मा जव गौरी (पृष्ठ-५०, श्लोक : २५०)

ञ) इच्छा राखे सजग मनले पुग्दछ्यौ व्योम पारी (पृष्ठ-६२, श्लोक : ९)

उपर्युक्त सबै पङ्क्तिहरूमा क्रम विचलन भएको छ । पदविन्यासको प्रचलित अनुक्रम कर्ता,कर्म र क्रियाको प्रयोग हो र यस नियमको उल्लङ्घन गर्दै कवितात्मक कथनमा क्रमान्तरणको प्रक्रियाद्वारा शैलीको विशिष्ट स्वरूपलाई प्रस्तुत गरिएको हुन्छ । लय र छन्दको बन्धनले पनि कवितामा पदहद्वरूको क्रम विचलन भएको हुन्छ । यसका साथै अभिव्यक्तिको खास पक्षलाई विशेष जोड दिन पनि वाक्यको संरचनालाई भग्न रूपमा प्रस्तुत गर्ने प्रचलन रहेको पाइन्छ ।

माथि पङ्क्ति क मा पट जङ्गलमा जव डुल्न हिँड्यो भन्ने कथनमा क्रियापदको प्रयोग बीचमा भएर क्रम विचलन भएको छ ।

पङ्क्ति ख मा वातको गति अति मन्द थियो भन्ने कथनमा पदहरूको क्रमिक रखाइ विचलित बनेको छ ।

पङ्क्ति ग मा यो सव पापको परिणती हो भन्ने कथनमा सर्वनामको प्रयोग अन्त्यमा र क्रियापदको प्रयोग ठीक ठाउँमा नभइ क्रम विचलन भएको छ ।

पङ्क्ति घ मा पनि पदक्रमको विचलन भएको छ । मनुजले अति मान गर्दछन् भन्ने कथनमा क्रियापदको प्रयोग शुरूमै भएको छ ।

पङ्क्ति ङ् मा तिमी अव कुन तक्मा भिर्दछौ ? भन्ने कथनमा पनि क्रियापदको प्रयोग शुरूमा नै भएर क्रम विचलन भएको छ ।

पङ्क्ति च मा धर्मसम्स्कृति कसरी पो वन्यो ? भन्ने कथनमा क्रियापदको प्रयोग बीचमा गरेर क्रम विचलन भएको छ ।

पङ्क्ति छ मा जगतमा कति भाइ जन्मिए भन्ने कविको कथनमा क्रियापदको प्रयोग शुरूमै भई क्रम विचलन भएको छ ।

पङ्क्ति ज मा पनि गौरी जव जगतमा पुजिइन भन्ने कथनमा क्रियापदको प्रयोग शुरूमै भई क्रम विचलन भएको छ ।

पङ्क्ति झ मा किन भेदभाव गास बन्दछ भन्ने कविको कथनमा पनि पदक्रमको क्रमिक रखाइ विचलित बनेको पाइन्छ ।

पङ्क्ति ञ पनि क्रियापदको प्रयोग बीचमा भई पदक्रम वा क्रमिक रखाइ विचलित भएको छ ।

यसरी नै यस काव्यको धेरै जसो पङ्क्तिमा क्रम विचलन गरिएको छ । यहाँ प्रयोग गरिएका क्रम विचलनको स्वरूप सार्थक र सोद्देश्यपूर्ण देखिन्छ । छन्दोबद्ध कवितामा आएको यस किसिमको क्रम विचलनले काव्यलाई लयात्मक एवम् कर्णप्रिय तुल्याएको छ ।

### ५.१.५ प्रयुक्ति विचलन :

एउटा परिस्थिति वा प्रसङ्गको भाषालाई अर्को परिस्थिति वा प्रसङमा प्रयोग गर्दा प्रयुक्ति विचलन हुन्छ । नारी-सन्देश काव्यमा प्रयोग भएका प्रयुक्ति विचलनका केही दृष्टान्तहरूलाई तल प्रस्तुत गरिएको छः

क) भ्रमरो विचरो अति लज्जित भो (पृष्ठ-३, श्लोक : १७)

ख) नाक-कान सिउने अवलाको (पृष्ठ-२३ श्लोक : ८७)

ग) अट्टहास गरि हाँस्तछ धर्म (पृष्ठ-३३, श्लोक : १४४)

घ) रोप-गोड जन मानसभित्र (पृष्ठ-३८, श्लोक : १७९)

ङ) आफू सीक पहिले मन माझ्न
शुद्ध हौ र अरूका मन माझ (पृष्ठ-५७, श्लोक : २९०)

माथिका उदाहरणहरूमा प्रयुक्ति विचलन भएको पाइन्छ । यसलाई निम्नानुसार विश्लेषण गरिएको छ :

अ) माथि वाक्य क मा मानिसका निम्ति प्रयोग गरिने लज्जित शब्द भ्रमरोका लागि प्रयोग गरेर प्रयुक्ति विचलनको सिर्जना गरिएको छ ।

आ) माथि वाक्य ख मा लुगा कपडाका निम्ति प्रयोग गरिने सिउने शब्द मानिसका निम्ति प्रयोग गरिएको छ ।

इ) माथि वाक्य ग मा धर्मका निम्ति हाँस्तछ शब्दको प्रयोग गरी प्रयुक्ति विचलनको सिर्जना गरिएको छ ।

ई) माथि वाक्य घ मा खेतका निम्ति प्रयोग गरिने रोप-गोड शब्द मानिसका निम्ति प्रयोग गरिएको छ ।

उ) माथि वाक्य ङ मा भाँडा-कुँडा का लागि प्रयोग गरिने माझ शब्द मानिसको मनका निम्ति प्रयोग गरिएको छ ।

यस नारी-सन्देश काव्यमा प्रयोग गरिएका प्रयुक्ति विचलनले काव्यलाई जीवन्तता प्रदान गर्नुका साथै काव्यकारका व्यङ्ग्यात्मक भाव सरल किसिमले अभिव्यक्त भएको पाइन्छ ।

## ५.२ समानान्तरता :

समानान्तरता भाषा प्रयोगको नियमित पुनरावृत्ति हो । यो विचलनको विपरीत धर्म हो । विचलनमा अनियमितता हुन्छ भने समानान्तरतामा नियमितता रहेको हुन्छ । विचलनमा भाषिक नियमहरूको अतिक्रमण गरेर भाषिक सौन्दर्यको प्रकटीकरण गरिन्छ भने समानान्तरतामा मानक नियमहरूको परिपालन गरेर सामान्यभन्दा बेसी वा अतिशयोक्तिपूर्ण लेखन गरिएको हुन्छ (नेपाल, सन् १९९२ : पृष्ठ-१४५) । यसलाई आन्तरिक र बाह्य गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छः

### ५.२.१ बाह्य समानान्तरता :

वर्णहरूको समान रूपमा आउने आवृत्ति बाह्य सामानान्तरता हो । यो पुनरावृत्ति वर्ण, पदावली वा वाक्यकै तहमा पनि हुनसक्छ । यसले रचनाको बाह्य सुन्दरता बढाउनुका साथै आकर्षण समेत थप्दछ ।

नारी-सन्देश काव्यमा प्रयोग गरिएका बाह्य समानान्तरताका केही उदाहरणहरू यस प्रकार छन्:

क) सपना विपना कति पुष्प मिले (पृष्ठ-१, श्लोक : २)

ख) बिजुली झलमलाई भिलिक्क (पृष्ठ-९, श्लोक : २)

ग) बस्तछ्यौ कि त पुरै वस थ्याच्चै
उठ्तछ्यौ यदि भने उठ साँच्चै
खोज्दछ्यौ नविनता भन प्याच्चै
गर्नु के छ गरि हालन न क्याच्चै (पृष्ठ-२५, श्लोक : ९८)

घ) रिक्त मृत्यु र जनम सव रिक्त
ब्रह्मवादतिरका पढ सूक्त
भोग्नु जन्म बिचमा बिन भुक्त
तोड नेल अवला बन मुक्त (पृष्ठ-३१, श्लोक : १३४)

ङ) हेर धर्मिहरूका परिणाम
खोज दूर कति हो परिणाम (पृष्ठ-३७, श्लोक : १७३)

च) भक्त दास-सुर दास-सुदास
स्वप्न दास-विपना-जप दास
धर्म कर्म अनि संस्कृति दास (पृष्ठ-४४, श्लोक : २११)

छ) देव-दैत्य अथवा दनुजा हो
आर्य-धर्ति बिचका तनुजा हो
धीर-वीरहरूकी अनुजा हो
एक छौ समरमा मनुजा हो (पृष्ठ-५१, श्लोक : २५३)

ज) नारि हौ छ अति उज्ज्वल कान्ति
खोज्दछौ जब तिमी सुख शान्ति
लम्क लौ मनुजता तिर लम्क
देउ ज्योति धरणीभर चम्क (पृष्ठ-५९, श्लोक : ३०२)

झ) एक्लै छैनौ अतुल बलले चाहना भै फुरूक्क (पृष्ठ-६३, श्लोक : १४)

ञ) चाँडो-चाँडो विजय-यशको वुद्धि तीखो तिखार
अल्छी-बल्छी बदनबिचका फ्याँकिदेऊ विकार (पृष्ठ-६४, श्लोक : १६)

माथिका उदाहरणहरूमा प्रस्तुत गरिएका वाक्यहरूमा पद, पदावली आदिको पुनरावृत्तिबाट बाह्य समानान्तरताको सिर्जना भएको छ । वाक्य वाक्य क मा प वर्णको चार पटक र न वर्णको दुई पटक आवृत्ति भएको छ । वाक्य ख मा ल वर्णको चार पटक र झ वर्णको दुई पटक आवृत्ति भएको छ । वाक्य ग मा छ्या तीन पटक दोहोरिएको छ भने थ्याच्चै, साँच्चै, प्याच्चै र क्याच्चले अनुप्रास थपेको छ । वाक्य घ मा रिक्त सूक्त, सूक्त र मुक्त ले पनि अनुप्रास थपेको छ । वाक्य ङ मा परिणाम शव्द दुई पटक आवृत्ति भएको छ । त्यस्तै वाक्य च मा दास धेरै पटक आवृत्ति भई अनुप्रास पनि थपेको छ । वाक्य छ मा दनुजा, तनुजा, अनुजा, मनुजा मा अनुप्रासिक पुनरावृत्ति भएको छ भने हो को चारपटक आवृत्ति भएको छ । वाक्य ज मा कान्ति, शान्ति लम्क र चम्क ले अनुप्रासीय मिठास थपेको छ । वाक्य झ मा ल वर्णको चारपटक आवृत्ति भएको छ भने वाक्य ञ मा तिखार र विकार ले अनुप्रास थपेको छ ।

यस काव्यमा छन्दगत आधारमा पनि बाह्य समानान्तरता भएको छ । जसको उदाहरण तल प्रस्तुत गरिएको छः

कोही छैनन् अजरभवमा जन्मको अर्थ खोज
मर्नै पर्दा समरबिचमा वीरको मृत्यु रोज
डर्नेबेला अब पनि कहाँ त्रास त्यागेर लाग
मागौं बैनी ! अब उठ तिमी राष्ट्र-निर्माण भाग । (पृष्ठ-६४ : श्लोक-१७ )

कोही छैनन् अजर भवमा जन्मको अर्थ खोज
ऽऽऽ ऽ।। ।।। ऽ ऽ। ऽऽ। ऽऽ
म भ न त त गु गु =१७ अक्षर

मर्नै पर्दा समरबिचमा वीरको मृत्यु रोज
ऽऽऽ ऽ।। ।।। ऽ ऽ। ऽऽ। ऽऽ
म भ न त त गु गु =१७ अक्षर
डर्ने वेला अब पनि कहाँ त्रास त्यागेर लाग
ऽऽऽ ऽ।। ।।। ऽ ऽ। ऽऽ। ऽऽ
म भ न त त गु गु =१७ अक्षर

मागौं वैन्ही ! अब उठ तिमी राष्ट्र-निर्माण भाग
ऽऽऽ ऽ।। ।।। ऽ ऽ। ऽऽ। ऽऽ
म भ न त त गु गु =१७ अक्षर

माथिका श्लोकको प्रत्येक पाउमा छन्दगत समानान्तरता रहेको छ । उक्त श्लोकको प्रत्येक पाउमा (म, भ, न, त, त, गु, गु ) एउटै गण प्रत्येक पाउमा आवृत्ति भएका छन् भने हरेक पाउमा १७ अक्षरको पुनरावृत्ति भएको छ । मन्दाक्रान्ता छन्दमा यस किसिमको पुनरावृत्ति भएको पाइन्छ । यो छन्दगत समानान्तरताको एउटा उदाहरण हो ।

बाह्य समानान्तरता अन्तर्गत स्वनिमगत आवृत्तिलाई निम्नानुसार विश्लेषण गरिन्छ :

धर्म, शोषितहरू विच लाद्ने
धूर्त शोषक कला बुझ नारी
ताडियौ तड्पियौ अति रोयौ
छद्म धर्मसंगका पछि लाग्ने ।

(पृष्ठ-३६, श्लोक सङ्ख्या-१६५)

जाल झेलहरूमा कति पक्का
स्वप्न-जादुहरूको कथि तुक्का
तन्त्रमन्त्रहरूको पटभित्र
रङ्गी-चङ्गी बहुरूपी छ चित्र ।

(पृष्ठ-३६, श्लोक सङ्ख्या-१६६)

यी माथिका पङ्क्तिमा रहेका स्वनिमहरूको आवृत्तिको गणनालाई निम्न तालिकामा राखेर विश्लेषण गरिएको छः

तालिका नं. ४

| स्वनिमहरू ? पाउ? | | श्लोक सङ्ख्या १६५ | | | | श्लोक सङ्ख्या १६६ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | जम्मा? |
| मूल स्वर | अ | ५ | ५ | २ | ७ | ४ | ४ | ८ | ५ | ४० |
| | आ | १ | २ | १ | २ | ३ | २ | - | - | ११ |
| | इ | २ | १ | ३ | २ | १ | १ | १ | ४ | १५ |
| | उ | - | २ | - | - | - | २ | - | १ | ५ |
| | ए | १ | - | - | - | १ | - | - | - | २ |
| | ओ | १ | १ | १ | - | - | १ | १ | | ५ |
| द्विस्वर | औ | - | | ३ | - | - | - | - | - | ३ |
| व्यञ्जन | क् | - | २ | | १ | ३ | ४ | १ | - | १ |
| | ग् | - | - | | २ | - | - | - | २ | ४ |
| | ङ् | - | - | - | - | - | - | - | २ | २ |
| | च् | १ | - | - | - | - | - | - | २ | ३ |
| | छ | - | - | - | २ | - | - | - | १ | ३ |
| | ज् | - | - | - | - | १ | १ | - | - | २ |
| | झ् | - | १ | | - | १ | - | - | - | २ |
| | ट् | - | - | - | - | - | - | १ | - | १ |
| | | | | | | | | | | |
| | ड् | - | | २ | - | - | - | - | - | २ |
| | त् | १ | १ | ३ | | १ | १ | ४ | १ | १२ |
| | द् | १ | - | - | १ | - | १ | - | - | ३ |
| | ध् | १ | १ | | १ | - | - | - | - | ३ |
| | न् | १ | १ | - | - | - | १ | २ | | ५ |
| | प् | - | | १ | १ | १ | १ | १ | १ | ६ |
| | ब् | १ | १ | - | - | - | - | - | १ | ३ |
| | भ् | - | - | - | - | - | - | १ | - | १ |
| | म् | १ | - | - | २ | १ | | १ | | ५ |
| | य् | - | - | ३ | - | - | - | - | - | ३ |
| | र् | २ | २ | १ | १ | १ | १ | ४ | ३ | १५ |
| | ल् | १ | १ | | १ | २ | - | - | - | ५ |
| | व् | - | - | - | - | - | १ | - | - | १ |
| | स् | २ | २ | - | १ | - | १ | - | - | ६ |
| | ह् | १ | - | - | - | १ | १ | १ | १ | ५ |

माथिको तालिकामा रहेका स्वनिमका आवृत्तिलाई घोषत्व,प्राणत्व तथा कोमलताका आधारमा वर्गीकरण गरी पुनः तालिकामा प्रस्तुत गर्दा :

तालिका नं.-५

| | | स्वनिम आवृत्ति | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| श्लोक सङ्ख्या ? | पङ्क्ति सङ्ख्या | घोष | अघोष | अल्पप्राण | महाप्राण | कोमल | कठोर | कैफियत |
| १६५ | १ | १९ | ४ | ९ | ४ | १२ | १ | |
| | २ | १९ | ५ | ८ | ४ | १० | २ | |
| | ३ | १६ | ४ | १० | - | ८ | २ | |
| | ४ | १८ | ६ | ११ | २ | १२ | १ | |
| १६६ | १ | १६ | ५ | ११ | १ | १२ | - | |
| | २ | १६ | ७ | ११ | २ | १३ | - | |
| | ३ | १९ | ७ | १४ | २ | १४ | २ | |
| | ४ | १९ | ५ | १३ | १ | १३ | १ | |
| जम्मा | १४२ | ४३ | ८७ | १६ | ९४ | ९ | १४२ | |

तालिका नं.४ लाई तालिका नं. ५ मा राखेर प्रस्तुत गर्दा माथिको कवितांशमा अघोष स्वनिमहरूको तुलनामा घोष स्वनिमहरूको आवृत्ति अधिक रहेको छ । स्वरयन्त्रमा स्वर चिम्टीहरू नजिकिइ प्रशस्त कम्पन उत्पन्न भई उच्चरित हुने यस्ता घोष स्वनिमहरू कुल १८५ मध्ये १४२ पटक आवृत्ति भएको छ । यसबाट सर्जकभित्र रहेको चेतनाको स्वर पनि सघन रूपमा अभिव्यञ्जित भएको देखिन्छ । काव्यकार घिमिरेले यस काव्यमा सृष्टिकी जननीलाई अपहेलना गरिएकोप्रति आक्रोश व्यक्त गरेका छन् ।

यसै गरी तालिकामा प्रस्तुत गरिए अनुसार प्राणत्वका आधारमा स्वनिमहरूको अवस्थालाई हेर्दा प्रस्तुत दुई श्लोकमा आवृत्ति भएका स्वनिमहरू मध्ये ८७ वटा अल्पप्राण र १६ वटामात्र महाप्राण छन् । श्वासप्रवाह बढी भएर उच्चरित हुने महाप्राणहरूको आवृत्ति अधिक देखिएकाले समाजमा भएको विकृतिप्रतिको आक्रोश सरल र सहज ढङ्गमा मुखरित भएको पाइन्छ ।

माथिको तलिकामा कठोर स्वनिमहरूको तुलनामा कोमल स्वनिमहरूको प्रयोग अधिक रहेको देखिन्छ । कठोर स्वनिमहरूको ९ पटक आवृत्ति भएको छ भने कोमल स्वनिमहरूको ९४ पटक आवृत्ति रहेको छ । त्यसैले माधुर्य गुणको बाहुल्य छ । प्रस्तुत कवितांशमा काव्यकारको भावनालाई प्रस्तुत गर्ने शैली सरल र सहज रहेको देखिन्छ ।

यस आधारमा समग्र काव्यलाई हेर्दा कविको स्वच्छन्दतावादी भाव चिन्तन आत्मअधिकारबाट वञ्चित नारीलाई स्वयम् अगाडि सरी सङ्घर्ष गर्नुपर्ने भाव तथा सामाजिक विकृतिप्रति अभिव्यक्त आक्रोशलाई पनि माधुर्य गुण एवम् शान्त रसमा मिसाएर प्रस्तुत गर्न सक्नु काव्यकारको कुशलता देखिन्छ । यसरी हेर्दा काव्यभाव, भाषाशैलीका दृष्टिले काव्य बलियो रहेको देखिन्छ ।

### ५.२.२ आन्तरिक समानान्तरता :

भावार्थ वा वाच्यार्थको नियमित पुनरावृत्तिबाट साहित्यिक कृतिमा आन्तरिक समानान्तरताको सिर्जना हुन्छ (शर्मा : २०४८ : २९) । आन्तरिक समानान्तरता रचनाको अर्थगत तहमा प्रकटिएको हुन्छ । यो अर्थ वा भाव स्तरको आवृत्ति हो । दुईवटा कुराले एउटै अभिप्रायलाई प्रस्तुत गर्छ भने त्यो आन्तरिक समानान्तरता हुन्छ । यस काव्यमा प्रयोग भएका आन्तरिक समानान्तरताका केही उदाहरणहरू निम्नानुसार छन्:

क) नारी शक्ति सबै जुटोस् अव लौ भन्ने इरादा लिई
गर्ज्यो मेघ गुडुङ् झिलिक्क झिलिलि चम्काइ सौदामिनी ।

(पृष्ठ-८, श्लोक : ४६)

ख) सिंह चर्म परिवेष्ठित प्राणी
धूर्त स्याल न त बन्दछ सिंह ।

(पृष्ठ-३५, श्लोक : १५४)

ग) एक हो सृजन पावन आत्मा
एक ईश छ यहाँ परमात्मा ।

(पृष्ठ-४२, श्लोक : २०१)

घ) राख शुद्ध तन यो गर साफ
ईश बस्तछ त्यहाँ मन माझ ।

(पृष्ठ-४२, श्लोक : २०३)

ङ) आफू तोड पहिले हतकडी
ठिंगुराहरू सबै अब तोड
झेल खान विचका परखाल
तोड साफ नगरी अविलम्व ।

(पृष्ठ-४८, श्लोक : २३५)

माथि पङ्क्ति क मा झिलिक्क झिलिलि र चम्काइ सौदामिनी दुवैले बिजुली चम्केको भाव व्यक्त गरेको हुनाले यहाँ भावगत वा अर्थगत पुनरावृत्ति हुन गई आन्तरिक समानान्तरता भएको छ ।

पङ्क्ति ख मा सिंहको छाला ढाकिएको प्राणीको अर्थ पुनरावृत्ति गर्न धूर्त स्याल आएकोले यहाँ पनि आन्तरिक समानान्तरता भएको पाइन्छ ।

पङ्क्ति ग मा पावन आत्माको अर्थ पुनरावृत्ति गर्न परमात्मा शब्द प्रयोग गरिएकाले यहाँ पनि आन्तरिक समानान्तरता भएको छ ।

पङ्क्ति घ मा शुद्ध तनको अर्थ पुनरावृत्ति गर्न साफ शब्द आएकोले आन्तरिक समानान्तरता झल्किएको छ ।

पङ्क्ति ङ मा अघिल्ला हतकडी र ठिंगुराहरू सबै तोड भन्ने भावको पुनरावृत्ति गर्न झ्यालखाना बीचको पर्खाल तोड भन्ने आशय व्यक्त भएको छ । तसर्थ यहाँ पनि पुनरावृत्ति भई आन्तरिक समानान्तरता भएको छ ।

यसरी यस काव्यभित्र विभिन्न पङ्क्तिहरूमा भावगत अर्थगत समानान्तरता कायम भई काव्य सौन्दर्य बढ्न गएको छ । काव्यका विभिन्न पङ्क्तिहरूमा विशिष्ट अर्थभित्र सुन्दर र सार्थक ढङ्गमा अर्थगत पुनरावृत्ति भएको पाइन्छ ।

## ५.३ सारांश :

उपयुक्त र सान्दर्भिक भाषिक प्रयोगबाट नै काव्यकृतिमा प्रभावकारी भावाभिव्यक्ति पस्कन सकिन्छ । त्यसैले काव्यकृतिका लागि भाषिक पक्ष महत्त्वपूर्ण मानिन्छ । साहित्यिक कृतिको भाषिक पक्षको अध्ययन विश्लेषणका लागि शैलीवैज्ञानिक पद्धति उपयुक्त मानिन्छ । यस पद्धति अनुसार विश्लेषण गर्दा भाषिक विचलन र भाषिक समानान्तरताका आधारमा अध्ययन गर्नु आवश्यक हुन्छ । साहित्यिक कृतिको रचना गर्दा सामान्य भाषिक नियमको अतिक्रमण गर्नु विचलन हो भने शब्दालङ्कार र अर्थालङ्कार सिर्जना गर्नु समानान्तरता हो । शब्दालङ्कारबाट बाह्य समानान्तरता र अर्थालङ्कारबाट आन्तरिक समानान्तरताको सिर्जना हुन्छ । यसरी सोद्देश्यपूर्ण ढङ्गबाट गरिएको विचलनले साहित्यिक रचनालाई आकर्षकता, जीवन्तता, विशिष्टता र प्रभावकारिता प्रदान गर्दछ ।

नारी-सन्देश काव्य प्रतीकात्मक भाषिक प्रयोगले आलङ्कारिक बन्न पुगेको छ । त्यसै गरी व्याकरणिक, अर्थतात्त्विक, ध्वनिप्रक्रियात्मक आदि विचलनले काव्यलाई जीवन्तता प्रदान गरेको पाइन्छ । त्यस्तै समान तत्वहरूको पुनरावृत्ति गरी समानान्तरताको निर्वाह गरिएको पाइन्छ जसले काव्यको भाषिक प्रयोगमा नियमितता सिर्जना गरेर आकर्षण बढाउनुका साथै

सौन्दर्योद्घाटन समेत गरेको पाइन्छ । आन्तरिक समानान्तरताबाट अनुप्रासीय अभिव्यक्ति दिएको पाइन्छ । यसरी विचलन र समानान्तरताले प्रस्तुत काव्यलाई श्रुतिमधुर, लालित्य, प्रभावकारी, विशिष्ट र जीवन्त तुल्याएको पाइन्छ ।

# अध्याय-६
# निष्कर्ष तथा सुझाव

## ६.१ निष्कर्ष :

वि.सं. १९९८ जेठ ५ गते भोजपुर जिल्लाको चरम्बी भन्ने गाउँमा माता रमादेवी घिमिरे र पिता टीकाप्रसाद घिमिरे(शास्त्री)का जेष्ठ पुत्ररत्नका रूपमा जन्मेर घुम्दैफिर्दै हाल नेपालको पूर्वी क्षेत्र मेची अञ्चल झापा जिल्ला सुरूङ्गामा आफ्नो थातबास बिसाउनु भएका स्रष्टा गोबिन्दप्रसाद घिमिरेको नारी-सन्देश काव्य २०६१ सालमा प्रकाशित पहिलो कृति हो । घिमिरेका यस अघि वीरघटोत्कच उपन्यास, पद्ममिनी महाकाव्य लेखिए पनि अर्थाभावका कारण प्रकाशन गर्न नसकिएको उनको गुनासो छ । उनका अन्य कृतिहरूमा अभ्यर्थना २०६४ कविता सङ्ग्रह, परिचय (अम्बिकास्मृति) महाकाव्य २०६४ रहेका छन् भने विभिन्न पत्रपत्रिकाहरूमा छिटफुट रचनाहरू प्रकाशित भएका छन् । कवि घिमिरेलाई साहित्यिक साधनाको कदरस्वरूप वि.सं. २०५९ सालमा जुही प्रकाशन झापाले नवरत्न पुरस्कारले सम्मानित गरेको छ भने अन्य केही संघसंस्थाहरूबाट समेत उनलाई साहित्य साधनामा क्रियाशील रहेवापत सम्मान तथा कदरपत्र प्रदान गरिएको छ ।

प्रस्तुत नारी-सन्देश काव्य घिमिरेको सशक्त र प्रभाविलो नारी जागरण सम्वन्धी व्यापक उर्जा प्रदान गर्ने सन्देशमूलक काव्य रहेको पाइन्छ । प्रगतिशीलताको गायन गरिएको यस काव्यको शैलीवैज्ञानिक पद्धतिबाट अध्ययन विश्लेषण यस शोधपत्रमा गरिएको छ । यस शोधपत्रको अध्ययनगत निष्कर्षलाई अध्यायअनुसार अलग-अलग प्रस्तुत गरिएको छ :

प्रस्तुत शोधपत्रको पहिलो अध्ययनलाई निष्कर्षात्मक रूपमा निम्न बुँदाद्वारा स्पष्ट परिएको छ :

क) यस अध्यायमा शोध शीर्षक, शोधको प्रयोजन, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्व, सीमाङ्कन, अध्ययन विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ :

ख) यसमा शोध परिचयका विभिन्न शीर्षकहरूबाट काव्यकार गोबिन्दप्रसाद घिमिरेको नारी-सन्देश काव्यको शैलीवैज्ञानिक अध्ययन-विश्लेषण गर्ने प्रयास गरिएको छ ।

यस शोधपत्रको दोस्रो अध्यायमा प्रस्तुत गरिएको शैलीविज्ञानको सैद्धान्तिक परिचयको निष्कर्षात्मक बुँदाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) शैलीभावाभिव्यक्ति प्रकट गर्ने तरिका, स्रष्टाको अभिव्यञ्जना पद्धति एवम् विषय विवेचनाको प्रविधि हो ।

ख) संस्कृत साहित्यमा शैलीलाई रीतिको पर्यायका रूपमा लिइन्छ भने अङ्ग्रेजीमा स्टाइल (style ) शव्दले चिनिन्छ ।

ग) शैलीलाई चयन विचलन, अन्तर्वाक्यिक वैशिष्ट्य, कथ्य र रूप अर्थ एवम् भाषाको रूपमा लिन सकिन्छ ।

घ) शैलीवज्ञान साहित्यको अध्ययन र विश्लेषण गर्ने नवीन पद्धति हो । यसले साहित्यिक कृतिमा अन्तर्निहित सौन्दर्यको उद्घाटन गर्नुका साथै भाषामा विद्यमान शैली तत्वको व्यवस्थित अध्ययन गर्छ ।

ङ) शैलीविज्ञान सिद्धान्त र प्रणाली दुवै हो ।

च) शैलीविज्ञान भाषाविज्ञानको प्रायोगिक शाखामात्र नभएर एउटा स्वतन्त्र विद्याका रूपमा विकसित भएको छ ।

छ) पूर्वीय आचार्य भरतमुनिको नाट्यशास्त्रमा शैलीको चर्चा वृत्तिको रूपमा भएको छ भने अन्य उत्तरवर्ती आचार्यहरूले मार्ग, प्रवृत्ति, रीतिका रूपमा शैलीको चर्चा गरिएको पाइन्छ ।

ज) शैलीविज्ञानको आरम्भ फर्डिनान्डी डी सस्युरको शिक्ष्य चार्ल्स बालीबाट भएको हो ।

झ) शैलीविज्ञानलाई भाषाविज्ञानको क्षेत्रबाट योगदान दिने विद्धान्हरू रोमन याकोब्सन, येन मुकारेभस्की र एन.एस. त्रुवोत्स्कोय हुन् ।

ञ) आधुनिक शैलीविज्ञानको विकासमा जे.आर फर्थ,ह्यालिडे कार्लचोस्लर,लियो स्पिट्जर जस्ता विद्धान्हरूले ठूलो योगदान दिएका छन् ।

ट) शैलीविज्ञानको रचनाको अमूर्त रूपलाई मूर्त रूपमा बुझ्ने आलोक प्रदान गर्छ ।

ठ) शैलीवैज्ञानिक समालोचनाले कृतिको विश्लेषण गर्दा साहित्यिक संरचना (बनोट र बुनोट) भाषिक संरचना (ध्वनि, शब्द र व्याकरण) र शैली (चयन, विचलन र समानान्तरता) को प्रक्रिया अँगाल्दछ ।

यस शोधपत्रको तेस्रो अध्यायमा रहेको बनोट र बुनोटका आधारमा नारी-सन्देश काव्यको विश्लेषणका निष्कर्षात्मक बुँदाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

क) बनोटका आधारमा नारी-सन्देश काव्यलाई हेर्दा प्रस्तावना खण्डमा ४७ श्लोक, नारी-सन्देश खण्डमा ३१३ श्लोक र उपसंहार खण्डमा १८ श्लोकमा काव्य संरचित छ ।

ख) बुनोटको आधारमा यस काव्यको विश्लेषण गर्दा कथानक, चरित्र, उद्देश्य, अलङ्कार र छन्दलाई आधार मानी विश्लेषण गरिएको छ ।

ग) वैचारिक पक्ष प्रबल भएकाले कथानक झिनो हुन गइ फ्रेटागको वर्गीकरण अनुसार तालिकामा प्रस्तुत नगरी प्रस्तावना खण्ड नारी-सन्देश, खण्ड र उपसंहार खण्डको विभिन्न अनुच्छेदमा कथावस्तु प्रस्तुत गरिएको छ ।

घ) कथानकलाई निश्चित लक्ष्य प्राप्त गर्नेतर्फ अग्रसर गराउने मुखय आधार चरित्र भएपनि यसमा मञ्चीय पात्र,गतिशील पात्र नरहेका र पात्रचयन श्रृङ्खलावद्ध रूपमा रहेका छैनन् । जसलाई तालिकामा प्रस्तुत नगरी समग्रमा चिनाइएको छ ।

ङ) यस काव्यमा विभिन्न प्रकृतिकक्षी झिलिकमिलिक गरी गड्कने चट्याङ, दैवी, दानवी, मानवी आदि पात्रहरू चयन गरिएको छ ।

च) नारी-सन्देश काव्यमा काव्यकारको मूल चेतना सन्देशपरक रहेको छ ।

छ) नारी-सन्देश काव्यमा काव्यकार विश्वका नारीहरूलाई आत्मअधिकारका निम्ति आफैं नै विद्रोहको स्वर उराल्न सङ्गठित गर्दछन् भने सम्पूर्ण नारी जातिलाई बत्ती झैं हुर्हुराउँदै विश्वलाई उज्यालो छर्न अनुरोध गर्दछन् ।

ज) समाजकमा देखिएको असमानताको अन्त्य गरी न्यायमूलक समाजको निर्माण गर्न नारीबर्गलाई समेत आग्रह गर्दछन् ।

झ) यिनै विविध सन्दर्भलाई अभिव्यक्त गर्नु यस काव्यको प्रमुख उद्देश्य रहेको छ ।

ञ) यस काव्यमा अन्त्यानुप्रास, उपमा, रूपक, स्वभावोक्ति आदि अलङ्कारको प्रयोगले काव्यमा सौन्दर्य थपिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो अध्यायको रूपमा रहेको चयनका आधारमा नारी-सन्देश काव्यको विश्लेषणका निष्कर्षात्मक बुँदाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) विभिन्न विकल्पहरूमध्ये उपयुक्त मर्मस्पर्शी र सार्थक शब्दहरूको छनोट गर्नु नै चयन हो ।

ख) रचनाकारले आफ्नो रचनालाई प्रभावकारी बनाउन विभिन्न विकल्पहरूमध्येबाट सबैभन्दा उपयुक्त र प्रभावकारी भाषिक एकाइको छनोट गर्दछ ।

ग) यस काव्यमा तत्सम् शब्द, तद्भव शब्द, आगन्तुक शब्द, झर्रा तथा अनुकरणात्मक शब्द, नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, निपात, संयोजक, द्वित्व, द्वन्द्वसमस्त, प्रश्नसूचक चिन्ह,विस्मयादिवोधक चिन्ह आीदको उपयुक्त ढङ्गले चयन गरी भाषिक जीवन्तता प्रदान गरिएको पाइन्छ ।

प्रस्तुत शोधपत्रको पाँचौ अध्यायको रूपमा रहेको विचलन र समानान्तरताका आधारमा नारी-सन्देश काव्यको विश्लेषणका निष्कर्षात्मक बुँदाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ

क) भाषामा स्थापित व्याकरणिक नियमहरूको उल्लङ्घन नै विचलन हो ।

ख) विचलन अन्तर्गत पदक्रम वा व्याकरणिक ध्वनिप्रक्रियात्मक,अर्थतात्विक आदि विचलनका आधारमा यस काव्यको विश्लेषण गरिएको छ ।

ग) भाषा प्रयोगको नियमित पुनरावृत्ति नै समानान्तरता हो ।

घ) आन्तरिक र बाह्य समानान्तरका आधारमा यस काव्यको विशिष्ट भाषिक प्रयोगलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

ङ) आन्तरिक र बाह्य समानान्तरताले रचनामा काव्यात्मक गुण थपिन गइ अभिव्यक्ति सार्थक एवम् औचित्यपूर्ण हुनका साथै काव्य लयात्मक र कर्णप्रिय बनेको छ ।

च) यस काव्यका छन्द तथा अलङ्कारको सार्थक प्रयोगले काव्यको भाषालाई अझ विशिष्ट बनाएको पाइन्छ ।

## ६.२ सुझाव :

नारी-सन्देश काव्य एक सन्देशमूलक काव्य हो । यो काव्य नारी जातिलाई विद्रोहको स्वर उराल्न र एकात्मक शासन व्यवस्थालाई अन्त्य गरी सृष्टिकी जननी नारी जातिको स्थान सुरक्षित गर्न गराउन लेखिएको चेतनामूलक काव्य हो । समाजमा रहेका सामाजिक विकृति र विसङ्गतिप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको यस काव्यमा प्रगतिशीलताको गायन गरिएको छ । यस दृष्टिले हेर्दा काव्य सबल देखिनुका साथै बौद्धिक पाठकका लागि गहकिलो खुराकी बन्न पुगेको देखिन्छ तर पनि यस काव्यमा रहेका जटिल तत्सम शब्द चयनलेसामान्य पाठकका लागि भने काव्य बुझ्न गाह्रो पर्ने देखिन्छ । यस काव्यको कथानक झिनो र कवित्व प्रवल जस्ता सीमाहरू रहेको देखिन्छ । त्यस्तै छन्द मिलाउने क्रममा मात्रागत त्रुटिहरू भएको र संस्कृत क्लिष्ट शब्दको प्रयोगअत्यधिक भएको छ । यसबाट साधारण पाठकका लीग बोधगम्य नहुने देखिन्छ ।

# सन्दर्भ सूची


अधिकारी,हेमङ्गराज (२०५६), सामाजिक र प्रायोगिक भाषाविज्ञान,काठमाडौंः रत्न पुस्तक भण्डार ।

गौतम, अङ्गद (२०५३),परशु प्रधानका कथा शिल्प,बिराटनगरःवाणी प्रकाशन ।

घिमिरे, गोविन्दप्रसाद (२०६१) “नारी सन्देश” खण्डकाव्य जुही प्रकाशन झर्रा . . नेपाली घर चन्द्रगढी झापा ।

ढकाल, शान्तिप्रसाद (२०६७), प्रायोगिक भाषाविज्ञान, काठमाडौं : सुजता प्रकाशन

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५९), प्रायोगिक भाषाविज्ञान, काठमाडौंः एम.के. पब्लिसर्स डिस्ट्रव्युटर्स ।

बन्धु, खेम कोइराला र रामप्रसाद गौतम (२०६५), अनुसन्धान विधि, काठमाडौं दीक्षान्त प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०६५) भाषिक अनुसन्धान विधि काठमाडौं, शुभकामना . . प्रकाशन ।

भण्डारी, पारसमणि (२०४३) स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण, काठमाडौं न्यू हिरा बुक्स ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६३), साहित्यशास्त्र र नेपाली समालोचना, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०४८), शैलीविज्ञान ने.रा.प्र.प्र. काठमाडौं ।

......................(२०५३), शब्द रचना र वर्णविन्यास, काठमाडौं : नवीन प्रकाशन ।

लम्साल, रामचन्द्र (२०६८), नेपाली भाषा र व्याकरण तेस्रो संस्करण, काठमाडौंः सनलाइट पब्लिकेसन ।

शोधपत्रहरू

अधिकारी, सूर्यप्रसाद (२०६५) साहित्यकार गोबिन्दप्रसाद घिमिरेको जीवनी व्यक्तित्व, कृतित्वको अध्ययन विश्लेषण र मूलयाङ्कन "अप्रकाशित शोधपत्र, मेची बहुमुखी क्याम्पस भद्रपुर, झापा ।

पुडासैनी, वीरेन्द्र, (२०६२), राजेश्वरी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

बिमली, पदमप्रसाद, (२०६२), समानान्तर आकाश उपन्यासको शैलीवैज्ञानिक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

पत्रपत्रिकाहरू:

पोखरेल, कोमलप्रसाद (२०६२), यमराजको निम्तो कविता सङ्ग्रहको वस्तुगत विश्लेषण जुही शाक्य महापुराण वर्ष २५ पूर्णाङ्क ५४, प्रदीपमणि रेग्मी, चन्द्रगढी ।

लम्साल, रामचन्द्र (२०६७), अनुसन्धान प्रतिवेदन लेखन पृथ्वीदर्पण वर्ष १ अङ्क १ नेपाली भाषा शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।